धेरै समयसम्मको राजाको त्यो कष्टमय अवस्था विचार गरेर त्यसलाई सहन नसक्ने ती प्रजाजनहरू नै रिसले जल्न थाले। "९ वर्षसम्म यी उग्र शत्रुहरूद्वारा हाम्रो (केही) भूभाग पीडित छ। यसैले (हे महाराज !) अवश्य नै सबै वीर भएर सारा शत्रुहरू डढाउनु पर्छ"। यसप्रकार (प्रजाहरूद्वारा) भनिएका ती राजा (पृथ्वीपतिशाह)ले शत्रु खतम गर्न आफ्नो विचार दिए (किनकि) कुन राजा प्रजा खुसी पार्न आफैं समर्पित नहोस् ! (त्यसपछि) कोही शस्त्रहरू धारण गरेका, कोही आफ्नो स्वच्छबुद्धिका कारण चम्केका र कोही आफ्नो उत्साहलाई नै धन मान्ने ती प्रजाजनहरूले ती (लकाङ आदि) स्थलहरूमा पुगेर रातमा ती शत्रुहरूलाई डढाए ॥९५-९८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लमजुङराज्यस्य पुनराक्रमणं राज्ञः पृथ्वीपतिशाहस्य चिन्ता च

अबाधयत्तं पुनरेत्य शत्रु–
स्तैस्तैश्चतुर्विंशकभूपसङ्घैः ।
उत्साहवन्तं मतिमन्तमेनं
सहैव द्वाविंशकभूमिपैस्तैः ॥९९॥

एकोऽपि शत्रुर्हृदयस्य कीलः
सञ्जायते चेद् किमु तैरसंख्यैः ?
तस्मान् निजं राज्यमयं शशास
तद्धर्मदान्तञ्च भवन्निराशः ॥१००॥

स भ्रातृवर्गः स च पुत्रवर्गः
स दारवर्गोऽपि विराजमानः ।
नृपस्य वंशे विपुले बभूव
हा हन्त ! दावाग्निशिखासमानः ॥१०१॥

प्रोक्तं निजं कर्म च भूपतीनां
सा राज्यरक्षा जनतासुरक्षा ।
बेला च साऽभूत् परिवारपूर्णा
पृथ्वीपतेस्तस्य मनोविपक्षा ॥१०२॥

फेरि ती बाइसी र चौबिसी राजाहरूका साथ आएर त्यो शत्रु (लमजुङ) ले उत्साही र बुद्धिमान् ती राजा पृथ्वीपतिशाहलाई घेर्‍यो । यौटामात्र शत्रु पनि हृदयको किलो बन्छ भने ती असंख्य शत्रु (बाइसी र चौबिसी) द्वारा के (भन्नु ?) । त्यसैले राजा पृथ्वीपतिशाहले निराश हुँदै दरौंदीसम्मको आफ्नो राज्यमात्र शासन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरे। शोभायमान भैरहेको त्यो भाइहरूको, छोराहरूको र पत्नीहरूको समूहपनि राजाको विशाल कुलमा वनडढेलो झैं (दाहजनक) भयो। राजाहरूको आफ्नो कर्म राज्यको रक्षा र जनताको सुरक्षा बताइएबो छ (तर) राजा पृथ्वीपतिशाहको लागि परिवारहरूले भरिएको त्यो समय मनको नै शत्रु भयो ॥९९-१०२॥

सा गोरखा स्वल्पतमा बलञ्च
पर्याप्तवीरै रहितं कथं सः ?
निवारणीयो लमजुङ्गसंज्ञः
प्राचीनशत्रुस्तु भवेन्मदीयः ? ॥१०३॥

प्रजाजनानां सुहितं कथं स्यात्
तद्धर्मक्षेत्रस्य सुरक्षणञ्च ।
कथं मयाऽयं परिरक्षणीयः
स गोरखाभूमिभृताञ्च वंशः ? ॥१०४॥

सुखञ्च दुःखञ्च पराभवश्च
सर्वेऽपि दैवायतना भवन्ति ।
दैवं विनाऽस्यां भुवि सम्भवेयुः
श्रेयांसि नृणाञ्च कथं महान्ति ? ॥१०५॥

गोरक्षनाथ ! प्रभुवर्य ! पाहि
हे कालिके ! पूर्वजपालिते मे ।
हे कर्मदे ! पाहि विपद्गतं मां
हे धर्मदे ! रक्ष निजाः प्रजास्त्वम् ॥१०६॥

हे दीनबन्धो ! जगदीश कृष्ण !
गौरीश ! शम्भो ! भव दक्षिणस्त्वम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वं गण्डकीक्षेत्रमिदञ्च रक्ष
तद्धर्मराज्यं महिमान्वितञ्च ॥१०७॥

ते क्रोधकामादिदुराशयेषु
सुरूपनारीजनमण्डलेषु ।
सक्ताः पतङ्गा इव स्वार्थसिद्धौ
नृपाश्च नित्यं परितोऽनुयान्ति ॥१०८॥

धर्मेण राज्यं परिपालयामि
त्वदीयभक्तिञ्च सदाऽऽचरामि ।
लक्ष्मीश ! विष्णो ! भव रक्षकस्त्वं
विस्तार्य राज्यं खलु गोरखाख्यम् ॥१०९॥

(बाबुबाजेहरूद्वारा शासन गरिएको) त्यो गोरखा साह्रै सानो छ, सेनामा पनि पर्याप्त वीरहरू छैनन् । यसैले लमजुङ भनाउँदो मेरो पुरानो शत्रु कसरी हट्ला ? प्रजाहरूको राम्रो हित र त्यो धर्मक्षेत्र (पवित्रगण्डकी क्षेत्र) को सुरक्षा कसरी गर्नु ? सुख, दुःख र हार सबै दैवका अधीन हुन्छन् र यस पृथिवीमा विना भाग्य मानिसहरूका ठूलाकल्याण कसरी होऊन् ? हे मेरा गोरखनाथ प्रभु ! पुर्खाहरूद्वारा पालन गरिएकी हे मेरी कालिका (माता) ! रक्षा गर । हे (देवी)मस्र्याङ्दी ! विपत्तिमा परेको मलाई रक्षा गर । हे (देवी) दराउँदी ! तिमी आफ्ना प्रजाहरूलाई रक्षा गर । हे दीन (दुःखी) हरूका बन्धु र संसारका पति कृष्ण ! हे पार्वतीका पति शम्भु ! तिमी (मेरा) दाहिने बन र आफ्नो पुरानो गण्डकीक्षेत्ररूपी गौरवपूर्ण धार्मिकराज्यको रक्षा पनि गर । काम-क्रोध आदि दुष्टभावहरूमा, रूपवती नारीसमूहहरूमा र (अरू) राजनैतिक स्वार्थसिद्धिमा पनि आसक्त भएका ती (बाइसी-चौबिसी राजाहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुतलीझैं मेरा वरिपरि आइलाग्छन् । हे लक्ष्मीका पति विष्णु ! म धर्मपूर्वक यो गोरखाराज्यको पालना गर्दछु र सधैं तपाईंका भक्तिको पनि आचरण पनि गर्छु । (त्यसैले) हे लक्ष्मीपति विष्णु ! यस गोरखाराज्यको विस्तार गरेर तिमी मेरा रक्षक बन ॥१०३-१०९॥

इतीरयित्वा च विरक्तिभाव–
माश्रित्य शश्वद्रममाणमेनम् ।
जगाद भक्त्या रणदुल्लशाहो
विचारयन् बुद्धिबलेन तातम् ॥११०॥

यस प्रकार भनेर वैराग्य धारण गरेर निरन्तर (एकान्तमा) रमाउने आफ्ना पिता (पृथ्वीपतिशाह) लाई आफ्ना बुद्धिबलले विचार गर्ने रणदुल्लशाह (जेठी महारानीतर्फका कान्छा राजकुमार) ले भक्तिपूर्वक भने ॥११०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राज्ञे पृथ्वीपतिशाहाय वीरपुत्रस्य रणदुल्लशाहस्य परामर्शः सहयोगश्च

श्रुता न किन्तात ! विपद् जनानां
सा पाण्डवानामपि प्राक्तनानाम् ?
श्रीरामकृष्णादिजगद्गुरूणां
लोकाश्रयाणामपि शक्तिधाम्नाम् ॥१११॥

सदा विपन्न स्थिरतां प्रयाति
दूतीव साऽऽयाति सुखस्य काऽपि ।
धीरं हि भूपं भजते गुणाब्धिं
सा राजलक्ष्मीश्च रिपुश्रितापि ॥११२॥

आपद्गतश्चेज्जगतीह भूप–
श्छलेन चातुर्यबलेन जीवेत् ।
रक्षेत् प्रजां रक्षित एव नित्यं
स्वं भोगयोग्यं न कदापि पश्येत् ॥११३॥

त्याज्या वयं तात ! विरक्तिभाव–
माश्रित्य सर्वे भवताऽधुनैव ।
गत्वा रिपूणां शरणं स्वबुद्धया
तच्छक्तिविध्वंसकतां श्रयेम ॥११४॥

इतीरितस्तेन विहाय मोहं
तत्याज पुत्रान् सहसाऽऽखिलान् तान् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुधाँश्च गौरीश्वरपन्तमुख्यान्
विधाय साश्रून्निव नाथहीनान् ॥११५॥

जगाम कोट्टं निकटस्थितञ्च
विद्वद्युतोऽयं रणदुल्लशाहः ।
निवेदयामास निजामवस्थां
तां तातजन्यां शरणार्थिताञ्च ॥११६॥

हे पिताजी ! के तपाईंले प्राचीनमनुष्य पाण्डुपुत्र (युधिष्ठिर आदि) हरूको र सम्पूर्ण लोकका आश्रय र शक्तिका आधार भएका श्रीराम र श्रीकृष्ण आदि जगद्गुरुहरूको पनि विपत्ति सुन्नुभएको छैन ? सधैं विपत्ति स्थिर रहँदैन । त्यो (विपत्ति) पनि सुखको कुनै दूतीझैं प्रतीत हुन्छ । शत्रुहरूमा आश्रित भएता पनि त्यो राज्यलक्ष्मीले गुणको सागर भएको धीर पुरुषलाई भजन गर्छे । यस पृथिवीमा कुनै राजा आपत्तिमा परेको छ भने छल र चतुरताको बलले पनि बाँचोस् । (साथै) आफू रक्षित भएर नै प्रजालाई रक्षा गरोस् र कहिल्यै पनि आफूलाई भोगको अधिकारीमात्र न देखोस् । हे पिताजी ! यस समयमा नै विरक्तिभावको आश्रय लिएर तपाईंले हामी सबै (छोराहरू)लाई त्याग्नुहोस् र (हामीपनि) शत्रुहरूको शरणमा गएर आफ्ना बुद्धिले उसको शक्ति(सेना) को विनाश गर्नेछौं । यसप्रकार ती रणदुल्लशाहद्वारा भनिएका (राजा) ले तुरुन्त मोह छाडेर ती (१२वटा) छोराहरूलाई र गौरीश्वर पन्त आदि मुख्य भएका केही विद्वान्हरूलाई पनि अभिभावक नभएको र रोएको झैं गराएर त्याग गरे । केही विद्वान्हरूका साथ राजकुमार रणदुल्लशाह नजिक रहेको (लिगलिग) कोटमा गए र आफ्नो विपत्तिको अवस्था र पिताबाट उत्पन्न शरणार्थिभावपनि बताए ॥१११-११६॥

तां दुर्गतिं वीक्ष्य च शत्रुजातां
स दुर्गमुख्योऽपि जहर्ष शीघ्रम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मासैः स कैश्चिद्रणदुल्लशाहो
विभेद दुर्गस्थबलं निशायाम् ॥११७॥

स्वीयैर्बलैस्तत्र रराज वीरो
ननन्द राजापि सुतेन तेन ।
न यातु पारं विपदां स्वबुद्ध्या
को नाम लोके हरिसेवनेन ? ॥११८॥

नूनं सुतैरेव पितुः सुखं स्यात्
कः पुत्रवानत्र च कष्टभाक् स्यात् ?
इति प्रसिद्धिं सफलीचकार
निहत्य शत्रून् रणदुल्लशाहः ॥११९॥

शत्रुहरूमा उत्पन्न भएको त्यो विपत्ति देखेर किल्लामा खटिएका मुख्य व्यक्तिपनि खुसी भए । (अनि) ती रणदुल्लशाहले केही महिनामा रातमा किल्ला (लिगालिग) मा रहेको शत्रुसेना भङ्ग गरे । (त्यसपछि) ती वीर (रणदुल्ल) आफ्ना सेनाहरूका साथ त्यस दुर्गमा शोभित भए र राजा (पृथ्वीपतिशाह) पनि ती वीर छोराहरूद्वारा प्रसन्न भए । (यसैले) यस संसार मा छोरा हुने कुन मानिस दुःखी होला ? यसप्रकारको प्रसिद्धिलाई रणदुल्लशाहले शत्रुहरूलाई मारेर सफल गराए ॥११७-११९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लमजुङ राज्यस्य पराजयो मकवानपुरभूपाय गोरखायाः सहयोगश्च

मासैश्च कैश्चिन्नृपतेः सुपुत्रा
वीरा ह्यजायन्त परैरजय्याः ।
ततश्च शत्रुर्लमजुङ्गसंज्ञो
भेजेऽतुलां भीतिमहो ! सदैव ॥१२०॥

आहूय पुत्रान् सकलान् नृपालः
प्रसादयामास च धन्यवादैः ।
सम्पादयामास सुखोत्सवं तं
तैर्मन्दहासैर्निजहृद्विकासैः ॥१२१॥

अद्यैव धन्याऽजनि गोरखेयं
विपक्षिवर्गात् सहसा विमुक्ता ।
अद्यैव तुष्टा निखिलाश्च देवा
लोकान्तरस्थाः पितरश्च तृप्ताः ॥१२२॥

मन्दस्मितानां सदसि प्रजाना–
मुपस्थितोऽस्मीति च पामुक्तः ।
वन्द्योऽस्ति नित्यं मम गोरखायां
गोरक्षनाथश्च कुलप्रभुः सः ॥१२३॥

इतीरयित्वा मुदमावहन्तं
सुतैश्च वीरै रममाणमेनम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुकुन्दपुर्य्याः पतिराससाद
नवाफसंज्ञैर्जनिताऽधिपाकः ॥१२४॥

धन्या धरेयं भवदीयपुत्रै–
र्निरन्तरोदर्कपरैः सुशीलैः ।
वाञ्छामि स्वं रक्षितुमत्र राजन् !
संश्रित्य त्वत्पुत्रबलं महात्मन् ! ॥१२५॥

नवाफसंज्ञो दिशि दक्षिणस्या–
मुपस्थितो मेऽद्य धराञ्च हर्तुम् ।
तान् नेतुमिच्छामि सुतान् त्वदीयान्
तमुत्तरीतुञ्च विपत्पयोधिम् ॥१२६॥

इतीरितस्तेन च गोरखेश–
स्तदीयरक्षां कृतवान् सुतैस्तैः ।
परोपकारव्यसना भवन्ति
जना महान्तोऽखिलवैभवैः स्वैः ॥१२७॥

केही महिनाहरूद्वारा नै राजाका छोरा (राजकुमार)हरू शत्रुहरूद्वारा जित्न नसकिने वीर भए । आश्चर्यको कुरा छ कि त्यसपछि लमजुङ भनिने शत्रु पनि सधैंका लागि अपूर्व भय अँगाल्न थाल्यो । (त्यसपछि) राजा (पृथ्वीपतिशाह) ले सबै (निकालिएका) छोराहरूलाई बोलाएर खुसी तुल्याए र हृदयको विकास गर्ने मन्दमुस्कुराहटका साथ परम्परागत हर्ष-उत्सव पनि सम्पन्न गरे । आज तुरुन्त शत्रुहरूको समूहबाट मुक्त भएको यो गोरखा धन्य भयो । आज नै सारा देवताहरू खुसी भए र परलोकमा रहेका पितृहरू पनि तृप्त भए । (आज) म मन्दमुस्कुराहट भएका प्रजाहरूका सभामा उपस्थित छु । (यसैले) पापमुक्त छु । आज मेरो गोरखामा वंशका स्वामी सिद्ध गोरखनाथ पनि निरन्तर नमस्कार गर्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

योग्य छन् । यस प्रकार बोलेर आफ्ना वीरछोराहरूका साथ आनन्द लिदैं र माएका राजालाई नवाफ (तत्कालीन मुगलवादशाहका प्रतिनिधि) भनिने शत्रुहरूद्वारा गम्भीर मानसिक व्यथा उत्पन्न भएका मकवानपुरका राजा(शुभसेन)ले भेटे । हे महात्मा राजा(पृथ्वीपतिशाह) ! निरन्तर उत्तरकालिक वृद्धिमा संलग्न भएका र असल स्वभाव भएका हजुरका छोराहरूका बलको आड लिएर म आफूलाई यस पृथिवीमा रक्षा गर्न चाहन्छु । आज मेरो पृथिवी (मकवानपुर) हरण गर्नका लागि नवाफ भनिने शत्रु दक्षिणदिशामा उपस्थित भएको छ । (त्यसैले) त्यो आपत्तिको सागर तर्नका लागि म तपाईंका छोराहरू लैजान चाहन्छु । यसप्रकार मकवानपुरका राजाद्वारा भनिएका गोरखाका राजा (पृथ्वीपतिशाह) ले आफ्ना ती छोराहरूद्वारा उनको रक्षा गरे (किनकि) ठूला मानिसहरू आफ्ना सम्पूर्ण वैभवले पनि अरूको सेवा गर्न व्यस्त रहन्छन् ॥१२०-१२७॥

प्यूठान-पाल्पा-तनहूँमुखानि
सर्वाणि राज्यानि तदातनानि ।
ज्वलत्प्रतापेन पराहतानि
न गोरखां द्रष्टुमपि क्षमाणि ॥१२८॥

विद्या च बुद्धिश्च पराक्रमश्च
यत्र त्रयं राजति गोरखायाम् ।
विराजते यत्र च दैवशक्तिः
सेव्या च साऽजेयतया धरायाम् ॥१२९॥

तस्मान्नृपा वक्रदृशा भवद्भि-
र्विलोकनीया न च गोरखा सा ।
विद्वज्जनानां सफलीकृताशा
प्रतापकीर्तिद्वयदीपिताशा ॥१३०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इतीरिताः ढोरभुवि स्थितास्ते
ज्योतिर्विदाऽपूर्वविचारकेन ।
प्रबोधिता भूमिभृतश्च गोदे–
खानेन विख्यातिमताऽऽदृतेन ॥१३१॥

शिरोमणिर्बुद्धिमतां प्रसिद्धः
स राजपुत्रो रणदुल्लनामा ।
प्रश्नाँश्च कूटानपि तीक्ष्णबुद्धि-
स्तत्प्रेषितानुत्तरयाञ्चकार ॥१३२॥

शिरोमणिर्वीर्यवतां प्रसिद्धो
भ्राता तदीयाऽतिबलाभिधश्च ।
पाण्डेयकोऽवाप च शौर्यशक्तिं
हरिः स नाम्ना चरणोत्तरश्च ॥१३३॥

यदीयनेतृत्वपथानुयातः
स गोरखालीति च वीरवर्गः ।
चिच्छेद पृथ्वीरुहवन् नवाफान्
भीत्या गलल्लोचनयुग्मवाष्पान् ॥१३४॥

प्यूठान, पाल्पा, तनहूँ आदि मुख्य भएका त्यस बखत सबै राज्यहरू बल्दो प्रतापले तिरष्कृत भए र गोरखालाई हेर्नमात्र सकेनन् । जुन गोरखामा विद्या, बुद्धि पराक्रम तीन कुरा सुहाउँछ र जहाँ दैवशक्ति पनि सुहाउँछ, कसैले जित्न नसकिने हुँदा त्यो गोरखा पृथिवीमा सबैले सेवा गर्न लायक छ । त्यसैले हे राजाहरू हो ! विद्वान्हरूको आशापूर्ण गर्ने र प्रताप र कीर्तिद्वारा दिशाहरू उज्यालो पार्ने त्यो (शक्तिशाली) गोरखालाई तपाईंहरूले (कहिल्यै पनि) बाङ्गो आँखाले हेर्नु हुन्न । यसप्रकार अपूर्व विचार गर्ने, प्रसिद्ध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र (सबैले) आदर गरिएका गोदेखान ज्योतिषीद्वारा ढोरराज्यमा जम्मा भएका ती (बाइसी र चौबिसी) राजाहरू सम्बोधन गरिए र संझाइए पनि ती राजकुमार रणदुल्ल बुद्धिमान्हरूमा श्रेष्ठ (भएर) प्रख्यात भए । तीखो बुद्धि भएका ती राजकुमारले बाइसी-चौबिसीहरूले पठाएका कूट (असजिला) प्रश्नहरूको पनि उत्तर दिए । राजा पृथ्वीपतिशाहका भाइ अतिबलशाह पनि पराक्रमशाली हरूमा मुख्य (भएर) प्रख्यात भए । (त्यस्तै) हरिचरणपाण्डेले पनि शूरताको शक्ति प्राप्त गरे । जुन अतिबलशाह र हरिचरणपाण्डे (मकवानपुरीपाण्डे) को नेतृत्वको बाटो लिएर गएको विश्वविख्यात गोरखाली वीरहरूको समूहले डरले दुबै आँखाबाट आँसु झरेका मुगलबादशाहका प्रतिनिधिहरूलाई रुखझैं काटेको थियो ॥१२८-१३४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोरखाप्रासादस्याऽऽन्तरिकषड्यन्त्रं तत्परिणामश्च

विचार्य तीव्रां रणदुल्लबुद्धिं
जगाम रागातिशयञ्च तेन ।
तदीयनिर्देशनमाप्य राजा
शशास राज्यं महता सुखेन ॥१३५॥

कैश्चित् खलैर्नायकवीरभद्र–
श्चोत्तेजितो भ्रातृरतिं विहन्तुम् ।
नैक्यं सहन्ते मनुजाः खलास्तु
परस्परप्रेम च बन्धुजातम् ॥१३६॥

त्वदीयराज्यं स हरिष्यतीति
भ्राता स शत्रू रणदुल्लनामा ।
तस्मात् सदा त्वं भव सावधानो
हे वीरभद्र ! स्वहितं गृहाण ॥१३७॥

श्रुत्वा खलानां लपितं सुधाऽऽभ–
मन्तर्विषाऽऽढ्यं स च वीरभद्रः ।
दुर्वाक्प्रहारैर्व्यथितञ्चकार
तद् भ्रातृचित्तं कृतबन्धुघातः ॥१३८॥

राजा पृथ्वीपतिशाहले रणदुल्लको तीव्र बुद्धिविचार गरेर उनका साथ अधिक प्रेम गर्न थाले र उनको निर्देशन पाएर ठूलो सुखका साथ राज्यशासन गरे। आफ्ना भाइ (रणदुल्ल) सँगको प्रेमभङ्ग गर्नका लागि नायक वीरभद्र शाह (युवराज) केही मूर्ख व्यक्तिहरूद्वारा भड्काइए (किनकि) मूर्ख मानिसहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दाजुभाइहरूमा उत्पन्न भएको एकता र पारस्परिक प्रेमलाई पनि सहदैनन् । हे नायक वीरभद्र ! तपाईंको राज्यहरण गर्नेछन् भन्ने कारणले नै तपाईंका भाइ रणदुल्लशाह शत्रु हुन् । त्यसैले तपाईं सधैं सावधान हुनुहोस् र आफ्नो हित स्वीकार गर्नुहोस् । (यसप्रकार) बाहिर अमृतजस्तो र भित्र विष भरिएको मूर्खहरूको बोली सुनेर नायक वीरभद्रशाहले बन्धुघात गर्दै दुर्वाच्यका प्रहारहरूले भाइ (रणदुल्लशाह) को चित्तलाई दुःखित गराए ॥१३५-१३८॥

हे पुत्र ! कस्मान्मलिनं मुखाब्जं
संदृश्यते ते मम कष्टकारि ।
हे वीरपुत्र ! त्वमपूर्वचिन्ता-
सन्तानसंग्रस्त इवाऽद्य भासि ॥१३९॥

गुणानुसारेण नरा भवन्ति
सम्मानपात्राणि च भूतलेऽस्मिन् ।
निरीक्ष्य सम्मानधनं परेषां
कथं शुचाऽऽर्तो दहतु स्वदेहम् ? ॥१४०॥

इतीरितो भूपतिना तदानीं
संश्रित्य मौनं रणदुल्लशाहः ।
उपस्थितोऽभून्मलिनाननोऽसौ
निपीतदुर्वाच्यविषप्रवाहः ॥१४१॥

अधीरमालोक्य शुचान्वितञ्च
विवर्णवक्त्रेण तदा स्थितञ्च ।
प्रणम्य तातं स जगाद सर्व-
मवाच्यबाणं हृदयक्षतञ्च ॥१४२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खिन्ने च तातेऽखिलवेदनार्तो
जगाम कोष्ठं विजनं निजं सः ।
चकार वीरः सहसाऽऽत्महत्यां
शृणोतु कस्तां घटनामकथ्याम् ? ॥१४३॥

रुरोद राजा सुतशोकदग्धः
प्रजाश्च हा हेति वियोगभाजः ।
माता च शुष्यद्वदनाम्बुजश्रीः
खिन्ना यथाऽजायत गोरखाऽपि ॥१४४॥

सशोकवेगं सहसाश्वसन्ती
कारुण्यधारामभितःक्षिपन्ती ।
रुरोद नित्यं जननीव खिन्ना
सा धर्मदाऽनेकतरङ्गभिन्ना ॥१४५॥

तं दाहसंस्कारविधिं विधाय
राजा तु नित्यं चिखिदे सभास्थः ।
तथापि राज्यं स शशास जीवन्
सर्वप्रियः स्याज्जगतीह धीमान् ॥१४६॥

हे वीरछोरा (रणदुल्ल) ! मेरा लागि कष्टदायक यो तिम्रो मुखकमल कसरी मलिन भयो ? आज तिमी अपूर्वचिन्ताको परम्पराले ग्रस्त झैं देखिन्छौ । यस पृथिवीमा मानिसहरू गुणअनुसार नै सम्मानका पात्र हुन्छन् । (यसैलै) अरूको सम्मानको धनलाई देखेर शोक (डाह) ले आत्तिएको कुन मानिसले आफ्नो शरीर जलाओस् ? यसप्रकार राजाद्वारा भनिएका, मुखमलिन भएका, (आफ्ना दाजुबाट भएको) दुर्वाच्यका विषको प्रवाह पिएका रणदुल्लशाह चुप लागेर पिताको नजिक बसिरहे । त्यसबखत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शोकपूर्ण, अनुहार बिग्रेका र अधीर आफ्ना पितालाई देखेर र प्रणाम गरेर रणदुल्लशाहले दुर्वाच्यको बाण र आफ्ना हृदयको घाउ बताए। (त्यो सुनेर) पिता खिन्न भएको अवस्थामा सारा वेदनाले आत्तिएका वीर रणदुल्लशाह आफ्नो एकान्त कोठामा गए र तुरुन्त आत्महत्या गरे (तर) यो भन्नै नसकिने घटनालाई को सुन्ला ? छोराको शोकले जलेका राजा, वियोगपूर्ण सारा प्रजा र मुखकमलको शोभा सुकेकी आमा पनि हाय ! हाय ! भन्दै रोइन् । (यसरी) गोरखा पनि खिन्न जस्तै भयो । तुरुन्त शोकको वेगका साथ सास लिदै र चारैतिर करुणाको धारा बहाउँदै अनेकौं तरङ्गहरूमा छरिएकी पवित्र दरौदी गण्डकी पनि निरन्तर आमा झैं रोइन् । ती छोराको दाहसंस्कार आदि विधि गरेर पनि ती राजा (पृथ्वीपतिशाह) निरन्तर सभामा हुँदापनि शोक गर्न थाले । यसो हुँदाहुँदै पनि उनी बाँचेर नै राज्य गर्न थाले । (त्यसैले) यस पृथिवीमा बुद्धिमान् मानिस (यौटालाई मात्र होइन) सबैलाई नै प्यारो मान्ने हुनुपर्छ । ॥१३९-१४६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोरखाप्रासादस्य पारिवारिकाशान्तावस्था

श्रीवीरभद्रस्य तदा बभूव
सुरूपवद् दारचतुष्टयञ्च ।
तथापि काञ्चिन्मुखचन्द्रशोभां
ददर्श पुत्रस्य न तोषदात्रीम् ॥१४७॥

त्यसबखत नायक वीरभद्रका रूपवती ४ पत्नीहरू भए तर पनि उनले सन्तोषजनक छोराका मुखचन्द्रको शोभा देख्न पाएनन् ॥१४७॥

सा मल्लिकाख्या रमणी द्वितीया
तथा तृतीया च जयाऽभिधाना ।
स्त्रीभ्यः पुनर्गर्भवतीति श्रुत्वा
श्रीवीरभद्रो मुमुदे समानः ॥१४८॥

राज्याधिकारस्य न कोऽपि भोक्ता
श्रीवीरभद्राधिकृतस्य तस्य ।
तस्मादभूत्तत्र विषादवन्हिः
प्रासादजातश्च सुतैरवश्यः ॥१४९॥

ययौ द्वितीया तनहूँस्थिते सा
रोषान्विता पितृगृहे तदीया ।
खिन्ना स्वश्वश्रूजनकारणाच्च
कृत्वा धवेऽस्मिन् कुटिलां दृशञ्च ॥१५०॥

श्रीवीरभद्रस्य च तस्य पृथ्वी–
पतेश्च जाता विमनस्कता च ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्यान्मल्लिकाया किमु पुत्ररत्न-
मिति प्रिया सा वितता च वार्ता ॥१५१॥

दिवं प्रयाते रणदुल्लशाहे
वीर्येण प्रेम्णा जनितप्रसादे ।
निशेव जाताऽखिलगोरखा सा
क्षणाद् विहीनाऽमलचन्द्रभासा ॥१५२॥

स्त्रीहरूबाट दोश्री महारानी मल्लिकावती र तेश्री महारानी जयकुमारी पनि गर्भवती छन् भन्ने सुनेर सम्मानित नायक वीरभद्र खुसी भए । श्रीवीरभद्रले अधिकार गरिएका राज्याधिकारको भोग गर्ने कोही पनि छैन । यसैले त्यस गोरखाराज्यमा दरबारबाट उत्पन्न (राजाका) शोकको आगो छोराहरूद्वारा पनि वश गर्न नसकिने भयो । नायक वीरभद्रकी दोश्री महारानी (मल्लिकावती) सासूहरूका कारणले गर्दा रिसाएर र दुःखितपनि भएर आफ्ना पति (नायक वीर भद्र) लाई पनि टेढो आँखाले हेरेर तनहूँमा रहेको आफ्ना पिताको घर (माइत) मा गइन् । (त्यसबीचमा) नायक वीरभद्र र राजा पृथ्वीपतिशाहको (बीचमा) वैमनस्य भयो । "मल्लिकावतीमा पुत्ररत्न हो कि" भन्ने कुरा पनि (दरबारमा) फैलियो । पराक्रम र प्रेमले खुसियाली उत्पन्न गराउने (राजकुमार) रणदुल्लशाह स्वर्ग गए पछि सारा गोरखा तुरुन्त सफा चन्द्रकिरण न भएको रात झैं (शून्य) भयो ॥१४८-१५२॥

स प्रेतरूपो रणदुल्लशाह-
श्चचार कष्टेन च यत्र तत्र ।
निर्वेदमाप्तश्च स वीरभद्रो
ययौ तदा कान्तिपुरीं समित्रः ॥१५३॥

विपत् कथं सा विपदोऽनुयाता
क्षणेन हा ! हेति स राजवंशः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आनर्च सम्बोध्य विपद्प्रदं तं
हे वृद्धदेवेति परेतरूपम् ॥१५४।

देवानुकम्पाजलसेचनेन
सुरक्षितासीच्छुभगोरखा सा ।
सत्यां विपत्तावपि पुण्यभाजां
स्थिराणि तेजांसि सदा भवन्ति ॥१५५॥

(आत्महत्याका कारण) प्रेमको रूप लिएका रणदुल्लशाह पनि कष्टका साथ (दरबारभित्र) यताउता घुम्न थाले । त्यसबखत विरक्त भएका नायक वीर भद्र आफ्ना केही मित्र (सहयोगी) हरूका साथ काठमाण्डौतिर लागे । विपत्ति कसरी विपत्तिहरूको नै पछि लाग्यो ? भन्दै त्यो गोरखाराजकुलले प्रेतको रूप लिएर (सबैलाई) दुःख दिने ती रणदुल्लशाहलाई "हे बूढा देवता !" भनेर सम्बोधन गरेर पूजा गरे । त्यस्ता अनेकौं विपत्तिहरू पर्दा पनि त्यो पवित्र गोरखा (राज्य) देवताहरूको कृपाको जलसेचनद्वारा नै सुरक्षित रहेको थियो (किनकि) पुण्यात्माहरूका तेज विपत्ति पर्दा पनि सधैं स्थिर हुन्छन् ॥१५३-१५५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युवराजवीरभद्रस्य भक्तपुरयात्रा देहावसानञ्च

स वीरभद्रो जगतां प्रियं तं
गौरीश्वरं भस्मविभूषिताङ्गम् ।
सद्भावगम्यं स्वहृदि स्थितञ्च
तुष्टाव भक्त्या सुखदं शुभञ्च ॥१५६॥

स भक्तपुर्या नृपतिं प्रपेदे
तं भूपतीन्द्रं श्रितमित्रभावम् ।
न सेहिरे किन्तु नृपाः परे ते
मल्लोत्तरास्तं रिपुरित्यनेके ॥१५७॥

विज्ञाय षड्यन्त्रमयं तदानीं
तैर्मल्लभूपैर्विहितञ्च शीघ्रम् ।
तां गोरखां प्राप्तुमनाश्च तीर्त्वा
गङ्गां त्रिशूलीं विजहौ स्वदेहम् ॥१५८॥

चिन्तावितानैर्विविधैरधीरः
स भूमिपालश्च कृशो बभूव ।
श्रुत्वा च पौत्रं तनहूँप्रदेशे
जातं निकामं मुमुदे वयोऽन्ते ॥१५९॥

ती नायक वीरभद (काठमाण्डौ पुगेर) सम्पूर्ण जगत्हरूका प्यारा, खरानीले अङ्गहरू सिंगारेका, असल भावनाले मात्र जान्न सकिने, आफ्ना हृदयमा पनि रहेका, सबैलाई सुख दिने र मङ्गलकारी भगवान् पशुपतिनाथलाई भक्तिपूर्वक स्तुति गरे। (त्यसपछि) नायक वीरभद्रले मित्रताको भावना लिएका भक्तपुरका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजा भूपतीन्द्रमल्ललाई भेटे तर अरू अनेकौं मल्लराजाहरूले "शत्रु"भनेर उनलाई सहेनन् । त्यसबखत ती मल्लराजाहरूले गरेको षड्यन्त्र (विष भरेको दोसल्लादान) बुझेर तुरुन्त गोरखा नै पुग्ने इच्छुक भएर पनि पवित्र त्रिशुली गङ्गा तरेर आफ्नो देहत्याग गरे । विभिन्न चिन्ताका जन्जालहरूले गर्दा अधीर भएका राजा पृथ्वीपतिशाह दुब्ला भए । तनहूँ प्रदेश (मावली) मा जन्मिएका नाती (नरभूपालशाह) लाई सुनेर अन्तिम उमेरमा अत्यन्त प्रसन्न भए ॥१५६-१५९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राज्ञः पृथ्वीपतिशाहस्योत्तराधिकारिप्रश्नः

नवबालक एष कीर्तितो
नरभूपाल इति शुभाख्यया ।
स विवादतमोऽपहोऽजनि
विधुवत् भूतलसम्पदग्रणीः ॥१६०॥

ते यौवराज्याख्यपदाय लुब्धा
वीराश्च सर्वेऽहमिकां प्रदर्श्य ।
चक्रुस्तदा पक्षविपक्षलग्ना–
स्तीव्रं विवादं बहुधाऽशुभञ्च ॥१६१॥

तदा जहाँगीर इति प्रसिद्धः
प्रोवाच नीत्या सदसि स्थितश्च ।
बालोऽपि राज्यं नरभूपशाहो
दूरस्थितः सोऽर्हति को विवादः ? ॥१६२॥

भूपालपुत्रोऽहमिति स्वनाम
प्रकाशयन् कोऽर्हति राज्यसत्ताम् ?
श्रयन्तु तूष्णीं सकलाश्च वीरा
निरुध्य शीघ्रं निजबुद्धिमत्ताम् ॥१६३॥

सदैव जाते स्वकुले विवादे
कार्या स्ववंशानुगरीतिचिन्ता ।
वीरैश्च स्वं बुद्धिबलं नियम्य
संचिन्त्य पूज्यां जननीं महीञ्च ॥१६४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जेष्ठस्य पुत्रस्य च जेष्ठपुत्रे
विराजमाने सति भाग्यमित्रे ।
शास्त्रानुगायामपि गोरखायां
कश्चिन्न कुर्यात् स्वनृपत्वसिद्धिम् ॥१६५॥

बालोऽपि हृद्यं सहयोगभावं
नृपोऽर्हति प्रेमपरिष्कृतञ्च ।
स एव पूज्योऽखिलदेवतेति
ते प्राक्तना धर्मकृतो वदन्ति ॥१६६॥

शास्त्रानुसारीणि च वंशजानि
विभान्ति राज्याचरणानि वीराः ।
यैरेव धर्मैर्नवगोरखायां
मुदा रमन्तेऽखिलदेवदेवाः ॥१६७॥

असाधुवर्गैर्जनितस्य तस्य
हचराजकत्वस्य च भञ्जनाय ।
तैरार्यवीरैः परिपालनीयं
धर्मेण राज्यं जनरञ्जनाय ॥१६८॥

धनाय कश्चिन्न नृपः सुखाय
श्रयेन्नृपत्वासनसौख्यसुप्तिम् ।
आराधनीयं जनरञ्जकत्वं
कुर्यान्न नित्यं परिवारतृप्तिम् ॥१६९॥

इतीरितास्ते विबुधेन तेन
भूपालसंज्ञं नरपूर्वकं तम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिदृक्षवोऽगुस्तनहूँ प्रदेशे
संश्रित्य रम्यं हृदि शान्तिभावम् ॥१७०॥

(मल्लिकावतीका) नवजात यी बालक (आफ्ना) पवित्रनामले नरभूपालशाह भए । पृथ्वीको ऐश्वर्य प्राप्त गर्ने (स्वच्छ) चन्द्रमा जस्ता नरभूपालशाहले (गोरखादरबारको राज्याधिकारसम्बन्धी) विवादको अन्धकारलाई शान्त गराए । तर (प्रत्यक्ष रूपमा) युवराजपदको लागि लोभिएका सबै वीरहरूले त्यसबखत दरबारमा अहम्भाव लिएर र पक्ष र विपक्षमा लागेर प्रायः अकल्याणकारी र तीव्र विवाद उपस्थित गराए । त्यसबखत राजसभामा बसेका प्रसिद्ध जहाँगीरशाहले नीतिअनुसार यसरी भने –बालक भए तापनि टाढा रहेका नरभूपाल शाह नै राज्यका अधिकारी योग्य छन्, यसमा के झगडा ? राजाको छोरो हुँ भनेर आफ्नो नाम प्रकाशित गर्दैमा कसले राजसत्ता पाउँछ ? त्यसैले हे वीरहरूहो आफ्नो (व्यक्तिगत) बुद्धिमानीलाई रोकेर सबै चुप लाग्नुहोस् । सधैं आफ्नो कुलमा विवाद भएमा वीरहरूले आफ्नो (व्यक्तिगत) बुद्धिबललाई रोकेर र पृथिवी (राज्य) लाई पूज्य आमा सम्झेर आफ्ना वंशमा चलेका चलनको नै चिन्तन गर्नुपर्छ । आफ्नो भाग्य नै साथी भएको जेठो छोराको जेठो छोरो सुहाउँदा -सुहाउँदै शास्त्र अनुसार चल्ने यस गोरखाराज्यमा कसैले पनि आफू राजा हुँ भन्ने फैसला न गरोस् । राजा बालक नै भए पनि सबैको सुन्दर र प्रेमपूर्ण सहयोगका भावनाको अधिकारी बन्छ । किनकि ती प्राचीन धर्मशास्त्रकार (मनुआदि)हरू राजानै (सबैका) पूज्य सम्पूर्ण देवता हुन् भन्छन् । हे वीरहरू हो ! (हाम्रो गोरखामा) राज्यका आचरणहरू शास्त्र अनुसार , कुलपरम्पराबाट उत्पन्न भएका पनि छन् र जुन (आचरणरूप) धर्मद्वारा नै यो नयाँ गोरखा राज्यमा सारा देवाधिदेवहरू खुसीले रमाउँछन् । दुष्ट व्यक्तिहरूको समाजबाट उत्पन्न भएका (अशुभ) अराजकताको विनाशको लागि र प्रजाहरूलाई खुसी पार्नका लागि आर्यजातिका क्षत्रियवीरहरूले धर्म अनुसार राज्यव्यवस्थाको पालना गर्नुपर्छ । कुनैपनि राजाले धनको लागि र (आफ्ना) सुखको लागि राजसिंहासनबाट हुने सुखको निद्रा न अँगालोस् । यसैले) ऊ प्रजाहरूलाई खुसी पार्ने काम गरोस् र नित्य परिवार तृप्ति (गर्नेकाम) न गरोस् । विद्वान् जहाँगीरद्वारा यसप्रकार भनिएका ती वीरहरू बालक नरभूपालशाहलाई देख्ने चाहना गरेर हृदयमा शान्तिको भावना लिएर (आवश्यकमात्रामा) तनहुँमा पुगे ॥१६०-१७०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नवजातनरभूपालशाहस्य तनहूँराज्याद् गोरखाप्रवेशः

ख्यातस्तदा दिग्विजयश्च सेन-
स्तदा त्रितुङ्गाचलराज्यशास्ता ।
इयेष संस्थापयितुञ्च तत्र
स्वभागिनेयं स्वसमीपमेव ॥१७१॥

मुदान्वितास्ते तनयं निरीक्ष्य
तं मल्लिकायास्तनहूँस्थितञ्च ।
अपूर्णकर्तव्यतया च खिन्नाः
प्रत्याययुर्भूपतिपूरुषाश्च ॥१७२॥

वार्धक्यपीडाजनिताधिखिन्नो
राजा समास्ताः कतिचित्तु निन्ये ।
पौत्राय दातुं निजराज्यभारं
नूनं स शश्वास तदा नृलोके ॥१७३॥

त्यसबखत तनहुँराज्यका प्रसिद्ध शासक दिग्विजयसेनले आफ्ना भानिज (नरभूपालशाह) लाई तनहुँमा नै आफ्ना नजिक राख्ने इच्छा गरे । तनहुँमा रहेका मल्लिकावतीका छोरा (नरभूपालशाह)लाई देखेर खुसी भएपनि ती राजपुरुषहरू (नरभूपालशाहलाई लैजाने) आफ्नो कर्तव्य पूर्ण नभएका कारण खिन्न भएर फर्के । बुढचौलीको कष्टले उत्पन्न मानसिकव्यथाले पिरलिएका राजा (पृथ्वीपतिशाह) ले केही वर्ष त विताए (तर) त्यसबखत नातीलाई आफ्नो राज्यभार दिनका लागि (मात्र) उनी मनुष्यलोकमा सास फेर्थे ॥१७१-१७३॥

कालेन शिष्यः स च कामराजो
यदा त्रितुङ्गाचलभूभुजश्च ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तदैव गौरेश्वरसंज्ञकश्च
विद्वान् प्रियां राजसभां विवेश ॥१७४॥

हे मल्लिके ते तनयाय तत्र
वाञ्छामि कर्तुं शुभमन्त्रदानम् ।
पुत्रेण जेष्ठेन च गोकुलेन
त्वत्पुत्रराज्याश्रयमाश्रितेन ॥१७५॥

इतीरिता स्वार्थपरेण तेन
स्वेच्छाञ्च भूपाय तदाऽऽदिदेश ।
सा मल्लिकाख्या श्वसुराय तत्र
भूपोऽपि स स्वीकृतवाँस्तथैव ॥१७६॥

यत्नेन गौरेश्वरसाधितेन
जाता स्वगेहं प्रतिगन्तुकामा ।
साकं कुमारेण च शिक्षितेन
मुदेव पत्युः स्मृतिखिन्नचित्ता ॥१७७॥

कल्याणकामा पतिजन्मभूमेः
सा राजपुत्री कुलधर्मशीला ।
ययौ कुमारेण सुतेन तेन
श्रीगोकुलाख्येन बुधेन युक्ता ॥१७८॥

समयले गर्दा जब तनहुँका राजा दिग्विजयसेनका छोरा कामराज शिक्षा दिन योग्य भए त्यसबखत नै गौरेश्वर भनिने विद्वान् राजसभामा प्रवेश गरे । हे मल्लिका ! तिम्रा छोरा (नरभूपाल) का राज्य (गोरखा) मा आश्रित हुने मेरा जेठा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोरा गोकुलविलासद्वारा म तिम्रा छोरालाई त्यस गोरखाराज्यमा नै मन्त्रदान गर्न चाहन्छु। स्वार्थसिद्धिमा लागेका ती विद्वान् गौरेश्वरद्वारा यसप्रकार भनिएकी ती मल्लिकावतीले त्यसैबखत गोरखामा आफ्ना ससुरा राजा (पृथ्वीपतिशाह) लाई सन्देश पठाइन् र राजा (पृथ्वीपतिशाह) ले पनि त्यो कुरालाई स्वीकार गरे। गौरेश्वरका प्रयत्नले गर्दा आफ्नो पतिको संझनाले खिन्न चित्त भए पनि मल्लिकावती खुसीले झैं (गोकुलविलासद्वारा) शिक्षित भएका कुमार (नरभूपालशाह) का साथ आफ्नै घर जान इच्छुक भइन्। आफ्ना पति (वीरभद्रशाह) को जन्मभूमि (गोरखा) को कल्याण चाहने र कुलधर्मलाई आफ्नो स्वभाव मान्ने ती राजपुत्री (मल्लिकावती) कुमार अवस्थामा प्राप्त भएका ती छोरा नरभूपालशाह र विद्वान् श्रीगोकुलविलासका साथ गोरखामा पुगिन् ॥१७४-१७८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राज्ञः पृथ्वीपतिशाहात् पौत्रस्य नरभूपालशाहस्य यौवराज्यघोषणा

राजा तु तत् पौत्रमुखं निरीक्ष्य
ममौ न देहेऽब्धिरिव प्रहृष्टः ।
ममज्ज नानासुखकल्पनासु
चिन्तोपनीतास्वसमाहितान्तः ॥१७९॥

जातेऽपि नानाविधपुत्रवर्गे
राज्यस्य वृद्धिर्न सुसाधिता मे ।
तस्मादमुं पौत्रवरञ्च तत्र
सामर्थ्यवन्तं भुवि साधयिष्ये ॥१८०॥

इति स्वयं चित्तवितानलीनो
राजा सभायां समुपस्थितश्च ।
तद् यौवराज्यं स ददौ प्रहृष्टः
पौत्राय श्रद्धार्चितदैवतश्च ॥१८०॥

नातीको मुखचन्द्रमालाई देखेर सागर झैं प्रसन्न भएका राजा आफ्नै शरीरमा अटाएनन् । (खुसीले गर्दा) चित्तचञ्चल भएका राजा चिन्ताले उपस्थित गराइएका अनेकौं सुखका कल्पनाहरूमा डुबेर धेरै छोराहरूको थुप्रो भएपनि मेरा राज्यको विस्तार (अझै) भएको छैन । यसैले त्यस विषयमा (म) यस श्रेष्ठ नातीलाई नै विश्वमा सामर्थ्यशाली बनाउनेछु । यसप्रकार चित्तवृत्तिको जालमा डुबेका र खुसी भएका राजा राजसभामा उपस्थित भए र आफ्ना देवताहरूको पूजा गरेर परम्परागत राज्यको उत्तराधिकार आफ्ना नातीलाई समर्पण गरे । ॥१७९-१८१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खाँचीराजकुमार्य्या चन्द्रप्रभया साकं युवराजनरभूपालशाहस्य विवाहप्रस्तावः

विधाय धर्म्यं व्रतबन्धकार्यं
पौत्रस्य हर्षेण स भूमिनाथः ।
क्रमेण सम्पादयितुं विवाहं
चकार यत्नं वयसा निराशः ॥१८२।

ददातु पुत्रीं गुणरूपशीलां
पौत्राय कश्चित् किमु वीरभूपः ?
उत्साह एवास्ति धनं मदीयं
परन्तु पौत्रो नितरां सुरूपः ॥१८३॥

साधारणानां न हि ठक्कुराणां
सुतां करिष्यामि च पौत्रजायाम् ।
स याति सम्बन्धनयोग्यतां मे
यो नाम सम्मानधनो धरायाम् ॥१८४॥

राज्यानि नानाविधशक्तिमन्ति
प्रयान्ति मे दृष्टिपथं लसन्ति ।
श्रुताश्च कन्या निजरूपधन्याः
सुधांशुवक्त्राश्च धरावदान्याः ॥१८५॥

भूपाश्च केचित्तु गिरीन्द्रभागा-
नाश्रित्य ते पुष्टतरा लसन्ति ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेषाञ्च कन्या गृहकर्मदक्षाः
प्रदीप्तसौन्दर्यधना भवन्ति ॥१८६॥

राज्यञ्च मे ध्वस्तमिवास्ति सर्वं
विक्षिप्तवत् सन्ति च वीरपुत्राः ।
विभातु सा दीपशिखेव गेहे
या भाविनी पुत्रवधूः प्रशस्ता ॥१८७॥

सद्वक्त्रदीपा गुणनादिनी च
वीणेव वाणीमधुरा सुशीला ।
चन्द्रप्रभास्तीति च हृद्गता मे
खाँचीनृपालस्य तनूद्भवा सा ॥१८८॥

प्रतीयते मध्यमवर्गजातः
प्रशान्तशीलेन सदाऽभिरामः ।
स यात्यवस्थां व्यवहारयोग्यां
सौभाग्यशाली दलशाहनामा ॥१८९॥

ती राजा (पृथ्वीपतिशाह) ले (अर्का वर्ष) हर्षपूर्वक नातीको धार्मिक व्रतबन्धकार्य सम्पन्न गरेर उमेरले गर्दा निराश भएका हुँदा क्रमैले विवाह पनि गर्न प्रयत्न गरे । के कुनै वीर राजाले मेरा नातीलाई गुण, रूप र शील भएकी आफ्नी छोरी देला ?(यस राज्यमा) एकमात्र उत्साह नै मेरो धन छ तर नाती भने ज्यादै सुन्दर छ । साधारण ठकुरीकी छोरीलाई म बुहारी बनाउँदिन । यस पृथिवीमा जुन राजा आफ्नो सम्मानलाई नै धन मान्नेछ, त्यो (वीर) राजा मात्र मेरा सम्बन्धको योग्यता प्राप्त गर्दछ । शोभाशाली अनेकौं शक्तिशाली राजाहरू मेरो आँखामा देखापर्छन् । आफ्नो रूपले गर्दा धन्य भएका, पृथिवीमा श्रेष्ठ मानिने, चन्द्रमा जस्तै (सुन्दर)मुख भएका कन्याहरू पनि सुनिएका छन् । ती

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केही (बाइसी-चौबिसी) राजाहरू पर्वतीय क्षेत्रको आश्रय गरेर पुष्ट भै शोभित पनि हुन्छन् । (यसैले) चम्किलो रूपको सम्पत्ति भएका ती राजाहरूका कन्याहरू नै (विशेष गरेर) गृहकार्यमा सिपालु हुन्छन् । अहिले मेरो सम्पूर्ण राज्य ध्वस्त जस्तै र वीर छोराहरू पनि पागल जस्तै छन् । (यसैले हुनेवाली प्रशंसायोग्य मेरी बुहारी यस घर (दरबार) मा बत्तीको ज्योति झैं चम्कोस् । खाँचीराजा दलशाहकी सुशीलछोरी चन्द्रप्रभा गुण (दयाआदि र धागो) हरूले आवाज गर्ने मीठो बोली(आरोह-अवरोहको टोन) ले वीणा झैं छन् भन्ने सुनेर मेरो हृदयमा पुगेकी पनि छन् । मध्यमवर्गमा जन्मेकी हुँदा शान्त स्वभावले सधैं सुन्दर प्रतीत हुन्छिन् र सौभाग्यशाली राजा दलशाह नै व्यवहारको निम्ति योग्य अवस्थामा प्राप्त हुन्छन् ॥१८२-१८९॥

इति स्वपौत्रस्य विवाहयोग्य–
कन्याविचाराब्धितरङ्गमग्नः ।
प्रस्तावनां प्रेषितवान् जनैस्तैः
सुधीरचित्तैश्च तदाऽव्यलीकाम् ॥१९०॥

सुरूपशीलश्च सदा सनाथो
विद्या च वित्तञ्च शुभं विभाति ।
वपुर्वयश्चाऽखिलमेव रम्यं
वरः स कन्यादयितोऽस्ति नूनम् ॥१९१॥

स सेनवंश्योद्भवराजपुत्र्याः
सुतश्च कीर्त्याऽतितरां चकास्ति ।
स राजवंशश्च सुनीतिरम्यो
विख्यातिमान् भूमितले सदाऽस्ति ॥१९२॥

इति स्वकन्यापतिमाकलय्य
श्रीवीरभद्रस्य सुतं प्रसिद्धम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रस्तावनां स्वीकृतवान् स भक्त्या
पृथ्वीपतेराश्रयमेव गन्तुम् ॥१९३॥

यस प्रकार आफ्नो नातीको विवाहको लागि योग्य कन्याको विचाररूपी सागरको तरङ्गमा डुबेका (राजा पृथ्वीपतिशाह) ले धैर्यशाली चित्त भएका राजपुरुषहरूका माध्यमद्वारा सत्यप्रस्तावना (कलियो) पठाए । युवराज नर भूपालशाह असल रूप र शील, सधैं संरक्षण, विद्या र विशुद्ध धन पनि भएका छन् र सुहाउँछन् । त्यस्तै सारा शरीर र उमेर पनि राम्रो छ । (यसैले) ती नर भूपालशाह निश्चय नै कन्या (मेरी चन्द्रप्रभा) का प्यारा छन् । ती युवराज नर भूपालशाह सेनवंशी राजाका नाती भएकाले कीर्तिले अत्यन्त चम्केका पनि छन् । असल नीतिले गर्दा सुन्दर प्रसिद्ध शाहवंश पनि यस पृथिवीमा सधैं प्रसिद्ध भएर रहेको छ । यसप्रकार श्रीवीरभद्रशाहका प्रसिद्ध छोरा (नरभूपालशाह) लाई आफ्नी छोरी (चन्द्रप्रभा) को पतिका रूपमा विचार गरेर राजा दलशाहले पृथ्वीपतिशाहको आश्रयमा रहनका लागि पनि भक्तिपूर्वक त्यो प्रस्तावना (कलियो) स्वीकार गरे ॥१९०-१९३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युवराजनरभूपालशाहस्य शुभविवाहयात्रा

शुभे मुहूर्ते विधिना जगाम
स वीरभद्रस्य सुतः सबन्धुः ।
चन्द्रप्रभापाणिसरोजयुग्मं
मुदा तदाऽऽसादयितुं दयालुः ॥१९४॥

वृद्धः स राजा न शशाक गन्तुं
खाँचीप्रदेशञ्च सुतात्मजेन ।
तैर्बान्धवैरेव हितावहैश्च
ययौ स सन्तोषसुखं वरेण ॥१९५॥

तां कर्मदां शीघ्रमतीत्य भद्रा–
मवाप रम्यां वरयात्रिवर्गः ।
तां पोखराख्यां नगरीं पुराणीं
विलोलशुक्लाजलजातहर्षः ॥१९६॥

तामन्नपूर्णादिहिमालयश्री–
समाकुलां नेत्रवतीं सरोभिः ।
विलोक्य नारीमिव तैर्विलोलैः
शुक्लातरङ्गैश्च चलत्कटाक्षाम् ॥१९७॥

जगाद खेदं न स स्याङ्जाख्यां
स्वपूर्वजैः संश्रितशैलभागाम् ।
निरीक्ष्य रम्यां नगरीञ्च धन्या–
माँधीति खोलाच्छरुचा सदाऽऽढ्याम् ॥१९८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वीरभद्रशाहका दयालु छोरा (नरभूपालशाह) आफ्ना दाजुभाइहरूका साथ त्यसबखत शुभमुहूर्तमा विधिपूर्वक चन्द्रप्रभाका करकमलहरू ग्रहण गर्नका लागि खुसीले खाँची लागे । बूढा राजा (पृथ्वीपतिशाह) आफ्ना दुलहा नाती (नरभूपालशाह)का साथ खाँचीप्रदेश जान सकेनन् तर ती दुलाहा भने आफ्ना हितैषी दाजुभाइहरूले गर्दा सन्तोषको सुख प्राप्त गरे । त्यो जन्तीहरूको समूह तुरुन्त कल्याणकारी र सुन्दर मर्स्याङ्दी (गण्डकी) तरेर सेती (गण्डकी) का चञ्चलतरङ्गहरूले खुसी हुँदै पोखरा नाम गरेको पुरानो सहरमा पुग्यो । अन्नपूर्णा आदि हिमालयको शोभाले परिपूर्ण भएकी, तलाउहरूका आँखा भएकी र सेतीका चञ्चलतरङ्गहरूले गर्दा कटाक्ष घुमाएकी नारी जस्ती त्यो पोखरानगरीलाई र आफ्ना पुर्खाहरूले टाकुराहरू ओगटिएको, सधैं आँधीखोलाका सफा कान्तिले सम्पन्न भएको र राम्रो स्याङ्जा नगरीलाई पनि देखेर त्यो जन्तीहरूको समूहले (बाटामा) खेद प्राप्त गरेन ॥१९४-१९८॥

अचिन्तयत्तां वरयात्रिवर्गो
यशोलतां पूर्वजसाधिताञ्च ।
राज्यान्यनेकानि तदातनानि
संश्रिव्य भक्त्या सतहूँमुखानि ॥१९९॥

सेयं लसर्धेति च जैनखान–
संज्ञेन वीरेण च पूर्वजेन ।
निषेविताऽद्यापि चकास्ति नित्यं
गिरीन्द्रदुर्गा यशसाऽमलेन ॥२००॥

खिलुङ्गभागोऽयमभूच्च पूर्वं
तस्यैव वीरस्य निवासभूमिः ।
ससर्ज राज्यं स च भीरकोटं
स्वकीर्तिरूपाणि पिवन् मधूनि ॥२०१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स ढोरसंज्ञश्च विराजतेऽसौ
तैः पूर्वजैः संश्रितभूमिभागः ।
गिरीन्द्रभागो नवकोटसंज्ञः
स राजतेऽक्षुण्णसुकीर्तिहासः ॥२०२॥

त्यो जन्तीको समूहले भक्तिपूर्वक सतहुँआदि मुख्य भएका तत्कालीन अनेकौं राज्यहरूको आश्रय गरेर आफ्ना पुर्खाहरू (जैनखान, सूर्यखान आदि) ले कमाएको कीर्तिको लहरालाई पनि सोचेर जैनखान नाम गरिएका वीर पुर्खाद्वारा सेवन गरिएको यो त्यही लसर्धा हो, पहाडहरूले गर्दा कठिन भएको जुन (लसर्धा) आज पनि पुर्खाहरूका सफा कीर्तिद्वारा निरन्तर चम्किरहेको छ । पहिले यो खिलुङ्गक्षेत्र पनि ती वीर जैनखानको वास बस्ने थलो भयो र ती वीर (जैनखान) ले आफ्नो कीर्तिरूपी मिठो रस पिउँदै भीरकोट ठकुराई बसाए । ती पुर्खा (सूर्यखानका जेठा छोरा खाञ्चाखानका वंशधर) द्वारा आश्रित त्यो ढोर भनिने क्षेत्र(अहिले) पनि सुहाउँछ । नुवाकोट (सूर्यखानका कान्छा छोरा मिचाखानको ठकुराई) भनिने अखण्डकीर्तिले हाँसिरहेको त्यो पुरानो विशाल पर्वतीयक्षेत्र पनि (अहिले) पनि चम्केको छ ॥१९९-२०२॥

एवं स्वयं चिन्तयतश्च तस्य
दृग्गोचराऽभूच्छुभदा च कृष्णा ।
श्रेयस्करीं चिन्तयतो जनस्य
सञ्जायते चित्तधरा वितृष्णा ॥२०३॥

अवाप सद्यो वरयात्रिवर्गः
पाल्पापुरीं तां स नगानतीत्य ।
नियम्य सर्वान् मगरान् मुकुन्दः
सेनोत्तरो यां श्रितवानखर्वः ॥२०४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सोऽयं हृषीकेश इति प्रसिद्धो
गुल्मीति पाल्पेति त राज्ययुग्मम् ।
ररक्ष धाम्ना च सदाऽमितेन
श्रीदेवदत्तात्मजयाऽऽश्रितेन ॥२०५॥

तपोधरेयं भृगुतुङ्गनाम्नी
विराजतेऽत्रैव पुरातनी सा ।
भृगुर्महर्षिः स तताप यत्र
निषेव्य कृष्णाऽमृतमाधुरीञ्च ॥२०६॥

तीर्थञ्च गोनिष्क्रमणाभिधानं
विराजतेऽद्यापि पुरातनं सः ।
तमौर्वशापेन शिवञ्च दग्ध–
मानीय गास्ता हरिरुद्दधार ॥२०७॥

यसप्रकार आफैं सोच्ने त्यो जन्तीको समूहको अगाडि (त्यसप्रकारकी) मङ्गलकारिणी काली (गाण्डकी) देखिइन्, जसलाई सोच्ने मानिसको मनको पृथिवी (सधैं) तृष्णाविहीन हुन्छ । (त्यसपछि) त्यो जन्तीको समूह तुरुन्त अनेकौं पर्वतहरू नाघेर त्यस्तो पाल्पानगरीमा पुग्यो, जुन नगरीलाई मुकुन्दसेन नाम गरिएका ठूला राजाले सारा मगरहरूलाई दबाएर आफ्नो आश्रय बनाएका थिए । यी उनै प्रसिद्ध हृषीकेश भगवान् हुन्, जसले श्रीदेवदत्तऋषिकी छोरी (रुरुकन्या) ले आश्रय गरिएको आफ्नो अथाह तेजद्वारा गुल्मी र पाल्पा दुबै राज्यलाई रक्षा गरेका थिए । यस (हृषीकेश) क्षेत्रमानै भृगृतुङ्ग भनिने पुरानो तपोभूमि सुहाउँछ, जहाँ महर्षि भृगुऋषिले काली (गण्डकी) को अमृत जस्तो जलको मधुरताको सेवन गरेर तपस्या गरेका थिए । आज पनि पुरानो त्यो गोनिष्क्रमणतीर्थ सुहाउँछ, (जहाँ) और्वऋषिको श्रापले जलेका शिवलाई हरि भगवान्‌ले (७७ वटी) गाईहरू ल्याएर (दूधले अभिषेचन गरेर) उद्धार गरेका थिए ॥२०३-२०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवञ्च धर्म्यां निजचित्तवृत्तिं
प्रकाशयन् हर्षभराऽऽप्लुतान्तः ।
सोऽवाप खाँचीं शुभदां हिमानी
रुचाऽऽकुलां तां वरयात्रिवर्गः ॥२०८॥

भूपालनामा नरपूर्वकोऽसौ
रराज लोकैः परिपीतवक्त्रः ।
निषेव्य कष्टामटवीं पुराणो
रामो यथा स्वां नगरीमुपेतः ॥२०९॥

रुचिर्नवा शाहधराभुजां सा
विभाति शौर्यं भुजयोः प्रदीप्तम् ।
स्पष्टा च वाणीति महात्मनान्तु
प्रयाति दृग्गोचरतां हि चित्तम् ॥२१०॥

कथं महात्मन् ! भवता वृतोऽयं
हिमांशुवद्दर्शनयोग्य एषः ।
विभाति यस्मिन् विबुधानुयाताः
कलाश्च सर्वाः स्वरुचाकुलश्च ॥२११॥

एवञ्च लोकैः परिगीतकीर्तिः
स यात्रिवर्गः स वरश्च रम्यः ।
खाँचीति राज्यस्य निवासिभिस्तै-
र्निर्धारितो वीरतमोऽप्यगम्यः ॥२१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसप्रकार धार्मिक चित्तवृत्ति प्रकाशित गर्दै हर्षले चित्त भरिएको त्यो जन्तीहरूको समूह हिउँहिउँको शोभाले भरिएको प्रसिद्ध र मङ्गलकारी खाँचीकोट पुग्यो। लोकहरूद्वारा मुखपान गरिएका (हेरिएका) युवराज नरभूपालशाह कठिन जङ्गल भोगेर आफ्नो नगर (अयोध्या) मा आएका रामझैं शोभित भए। शाहवंशी राजाहरूको रुचि नयाँ, शूरता बाहुमा चम्केको र बोली स्पष्ट पनि छ। (यसैले) महात्माहरूको चित्त सबैको दृष्टिगोचर (स्पष्ट) हुन्छ । हे महात्मा (दलशाह)! तपाईंद्वारा आफ्ना कान्तिले परिपूर्ण चन्द्रमाझैं हेर्नलायक यी वर कसरी वरण गरिए ? जसमा विद्वान् (वा देवता) हरूद्वारा अनुसरण गरिएका सम्पूर्णकला (चौसठ्ठी वा सोह्र) चम्कन्छन् । यसप्रकार लोकहरूद्वारा कीर्तिगान गरिएको जन्तीहरूको समूह र ती सुन्दर वर पनि खाँची (राज्य) का बासिन्दाहरूद्वारा वीर र बुझ्न नसकिने पनि निर्धारण गरिए ॥२०८-२१२॥

चन्द्रप्रभेयं ननु पूर्वदृष्टा-
ऽदृष्टेव भातीति च विस्मयोऽयम् ।
सौन्दर्यसम्पत् परिवर्तनञ्च
संश्रित्य धत्तेऽखिलरूपवत्त्वम् ॥२१३॥

वरञ्च कन्याञ्च युगं गुणाढ्यं
संयोज्य धाताऽपि न निन्दनीयः ।
इति स्वचित्तेऽधिकरागभाव-
रसाऽऽकुलोऽदृश्यत तत्र लोकः ॥२१४॥

यी चन्द्रप्रभा पहिले देखिएपनि नदेखिए झैं प्रतीत हुन्छिन् –यो नै आश्चर्यको कुरा छ (किनकि) परिवर्तन पाएर सौन्दर्यको ऐश्वर्यले सम्पूर्ण रूपत्व बोक्छ । गुणी वर र कन्या दुबैलाई भेट गराएर दैव पनि निन्दापात्र बनेका छैनन् । यसप्रकार त्यहाँ (खाँची) को समाज पनि आफ्नै चित्तमा रहेको अधिक प्रेमभावको आस्वादले भरपूर भएको देखियो ॥२१३-२१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानञ्च खाँचीनृपतिप्रदत्तं
सुरोपयोग्यं ह्यधिगम्य तृप्ताः ।
ते सैनिका मोदमवापुरेव
ससेवकाः साश्वगणाः सुधीराः ॥२१५॥

स वाद्यघोषो मधुरो भुसुण्डी–
रवश्च सोऽजायत भीतिकारी ।
प्रयातु दूरं जननेत्रमाला
सौन्दर्यलुब्धा च कदाऽस्थिराऽपि ॥२१६॥

बालाश्च काश्चिच्चपलाः सुखस्था–
स्ताश्चन्द्रवक्त्रोच्चकुचास्तरुण्यः ।
वधूवरद्वन्द्वमुखं निरीक्ष्य
द्विरेफवत् पुष्परसे विलीनाः ॥२१७॥

अज्ञातदाम्पत्यसुखश्च कश्चि–
दवाप निश्चेतनतां तदानीम् ।
रुरोद कश्चिन्मनसा कुमारी–
गणोऽपि संचिन्त्य तयोर्गुणालीम् ॥२१८॥

भाग्यं हि सर्वं फलतीति कश्चि-
दवाप शान्तिञ्च विहाय चिन्ताम् ।
तदाऽनुतापेन चिरं ज्वलन् स
प्रौढागणोऽधत्त दशां दुरन्ताम् ॥२१९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसप्रकार सेवक र घोडाहरू भएका ती धीर (गोरखाली) सैनिकहरू खाँचीनरेशद्वारा दिइएको देवताहरूको लायक मान पाएर तृप्त हुँदा ठूलो खुसियालीमा पुगे । त्यो बाजाहरूको आवाज मीठो र त्यो बन्दुकहरूको आवाज डरलाग्दो पनि भयो । (त्यसबखत) अस्थिर भए पनि सौन्दर्यको लोभी मानिसहरूका आँखाको ताँती कुन समय टाढा जाओस् ? ती दुलहा-दुलहीको मुख देखेर सुखपूर्वक बसेका केही चञ्चल बालिकाहरू र केही चन्द्रमुखी र ठूला स्तन हुने तरुणीहरू पनि फूलको रस (वा नछुने हुँदा बग्ने पानी) मा भमराझैं डुबे । त्यसबखत दाम्पत्यसुख न पाएको कुनै कुमारीहरूको समूह बेहोस भयो भने कुनै (कुमारीहरूको समूह) ती दुलहा-दुलहीको गुणको ताँती संझेर मनमनै रोयो पनि । कुनै (शिक्षित) कुमारीहरूको समूह भने "सबै भाग्य नै फल्ने हो" भनेर चिन्ता छोडेर शान्तिमा पुग्यो । त्यसबखत उमेर छिप्पिएका महिलाहरूको समूह पनि पश्चात्तापले जल्दै धेरै समयसम्म खराब अवस्थामा पुग्यो ॥२१५-२१९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोरखावासिनां समक्षं विपक्षिहीनतता

आमन्त्रिताः केचन सेनवंश्या
धराभुजश्चात्र शुभे विवाहे ।
निरीक्ष्य विभ्युश्च सुशक्तिमत्त्वं
ते गोरखालीति प्रसिद्धिभाजाम् ॥२२०॥

ददौ न तावत् सरणीं यदा स
निर्गन्तुकामाय तदा वराय ।
द्वारे स्वहुक्कानलिकां प्रसार्य
गन्धर्वसेनश्च नृपो भयाय ॥२२१॥

तदैव वीरः सुलतानशाहो
न्यवारयत्तां नलिकां हठात् सः ।
विभ्युः कदाचिन्न च गोरखेशा–
स्ते दीप्तशस्त्राऽऽकलिताऽवतंसाः ॥२२२॥

(महाराजी कहलाइएका) ती प्रसिद्ध सेनवंशी केही राजाहरू पनि यस पवित्र विवाहमा(खाँचीराजादलशाहद्वारा) निम्त्याइएका थिए । (तर ती) गोरखाली भनिने प्रसिद्धि पाएका (शाहवंशी राजाहरू) को असल शक्तिलाई देखेर डराए पनि । (तत्कालीन) सेनवंशी राजा गन्धर्वसेनले त्यसबखत डर देखाउनका लागि (विवाहयज्ञमा) निस्कन चाहेका वर (युवराज नरभूपालशाह) लाई ढोकामा आफ्नो हुक्काको नली तेर्स्याएर बाटो दिएनन् । त्यतिखेर नै वीरसुलतान शाह (राजा पृथ्वीपतिशाहकी काहिली महारानीतर्फका कान्छा छोरा)ले जबरजस्ती त्यो नली हटाए । (यसैले) चम्किला वस्त्रले सुहाउने ती गोरखाली राजाहरू कहीं पनि कहिल्यै पनि डराएनन् ॥२२०-२२२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यक्त्वाऽऽदरं वीरजनेषु कश्चि-
न्न मानमाप्नोति निजं कदापि ।
स्वकर्म सर्वं फलतीति नीतिं
बुबोध सेनो न कथं शुभार्थी ? ॥२२३॥

तदाकृतिव्यक्तगभीरभावाः
सुस्पष्टवाणीरचना दयावक्ताः ।
द्राक् संस्तुतास्ते सुलतानमुख्या
भूपालवर्यैर्विविधैः सभास्थाः ॥२२४॥

मितव्ययी स्याज्जनताहितैषी
राजापि नूनं भुवि कीर्तिकामः ।
वृथाचरित्रञ्च विहाय नीत्या
स जीवमानः शुभसम्विधानः ॥२२५॥

बुभुक्षया व्याकुलताङ्गताश्चेत्
प्रजास्तदीया विकलाश्रयाश्च ।
नूनं यशोहानिमिमां वदन्ति
धरापतेरेव यशोधनाश्च ॥२२६॥

इति स्वचित्ते शुभभावनास्ता
विकासयन्तोऽखिलभूमिपालाः ।
परस्परन्ते जहसुस्तदानीं
जिह्राय सेनोऽपि नताऽऽननः सः ॥२२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै पनि (मानिस) वीरमानिसहरूमा आदरको भावनात्याग गरेर आफ्नो मान प्राप्त गर्दैन । शुभ चाहने ती सेन राजाले "सबै आफ्नो कर्म फलीभूत हुन्छ" भनेर कसरी जानेनन् ? त्यसबखत तुरुन्त नै अनुहारद्वारा नै गम्भीर भावना व्याक्त गरेका, स्पष्ट बोली भएका, दयालु र सभामा रहेका सुलतानशाह आदि मुख्य भएका वीरहरू विभिन्न श्रेष्ठ राजाहरूद्वारा प्रशंसा गरिए । यस पृथिवीमा जनताको हित चाहने, कीर्तिको इच्छा गर्ने, नीतिपूर्वक बाँच्ने र असल सम्विधान भएको कुनै पनि राजा निश्चय नै (कुनै पनि) झूटो चरित्रको त्याग गरेर कम खर्च गर्ने होस् । कुनैपनि राजाका प्रजाहरू भोकले व्याकुल र आश्रयहीन पनि हुन्छन् भने यसलाई कीर्तिशाली मानिसहरू राजाको नै कीर्तिहानि बताउँछन् । यसप्रकार आआफ्ना चित्तमा त्यसप्रकारका शुभभावनाहरू विकसित गर्ने ती सारा राजाहरू एकआपसमा हाँसे । राजा गन्धर्वसेन पनि मुख झुकाएर लज्जित भए ॥२२३-२२७॥

दृष्टा सुपुष्टा मितभाषणाश्च
सामान्यवेषाकृतिसम्पदश्च ।
जेष्यन्ति सर्वां धरणीमवश्यं
ते गोरखेशा जनताऽऽर्तिहाश्च ॥२२८॥

चन्द्रप्रभा बुद्धिमतीति सर्वै-
रस्माभिरेषास्ति विनिश्चिता सा ।
नूनं भविष्यन्ति च कीर्तिभाजोऽ
धुनाऽधना यद्यपि गोरखेशाः ॥२२९॥

इति स्वराज्याऽकुलतां विचिन्त्य
वितर्कचक्र-भ्रमिता नृपालाः ।
ते जज्वलुस्तत्र विवाहयज्ञे
विराजमाना अपि तुच्छसाराः ॥२३०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मोटा, थोरै बोल्ने, पोसाक, अनुहार र सम्पत्ति साधारण भएका देखिएका छन् । (यसैले) प्रजाहरूको दुःखहरण गर्ने यी गोरखाली राजाहरूले अवश्य नै सम्पूर्ण पृथिवी (नेपालराज्य) लाई जित्नेछन् । प्रसिद्ध (खाँचीराजकुमारी) यी चन्द्रप्रभा बुद्धिमती छन् भनेर हामी सबै राजाहरूद्वारा निर्णय गरिएकी छिन् । यद्यपि गोरखाली राजाहरू गरीब छन् (तरपनि) अहिले निश्चयनै कीर्तिशाली हुनेछन् । प्रसिद्ध गोरखाली राजाहरूको चम्किलो उत्साहशक्ति सधैं सर्वोत्कृष्ट छ भन्ने कुरा यस लोकमा प्रसिद्ध छ । (यसैले) हामीहरू पनि उनीहरूको अधीन हुनुपर्नेछ र यस विषयमा शोक गरेर पनि कुनै लाभ छैन । यसप्रकार वितर्कको भुमरीमा घुमेका, त्यस विवाहयज्ञमा सुहाएतापनि शक्तिहीन भएका सम्पूर्ण राजाहरू आफ्ना राज्यको भावी आकुल-अवस्था विचार गरेर भित्र-भित्र जले ॥२२८-२३०॥

जग्मुः स्वराज्यं दिवसे परे तेऽ–
हंभावनान्तर्ज्वलनाश्च सेनाः ।
आकुञ्च्य वक्त्रञ्च सुधांशुरम्यं
ते बाहुमन्तोऽपि नृपाः ससेनाः ॥२३१॥

ठूला-ठूला पाखुराहरू भएतापनि अहङ्कारले भित्रभित्र जलेका र सेनाले सहित भएका ती सेन(राजाहरू) चन्द्रमा जस्तो (राम्रो) मुख कुच्याएर दोस्रो दिन आफ्ना राज्यतर्फ लागे । ॥२३१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नववध्वा विसर्जनं गृहप्रवेशश्च

श्रीमान् स राजा दलशाहनामा
समाप्य सर्वञ्च विधिं प्रशस्ताम् ।
नानाविधैस्तैर्मणिरत्नमाला–
धनैरलङ्कृत्य सुधांशुवक्त्राम् ॥२३२॥

अनेकवीरैः परितोऽनुकूल–
राजन्यवीर्यानुगकीर्तिधन्यैः ।
सुरक्षितां कोमलपादपद्मां
पद्मामिव क्षान्तिधनां स्वकन्याम् ॥२३३॥

ददौ सुपौत्राय तदातनस्य
पृथ्वीपतेर्भूपवरस्य तत्र ।
सुपूर्णकामो मुमुदे तदानीं
यशोऽभिरामो वरयात्रिवर्गः ॥२३४॥

श्रीमान् राजा दलशाहले पनि सबै वैवाहिकविधि पूर्ण गरेर प्रशंसायोग्य चन्द्रमुखी, क्षत्रीहरूको पराक्रम अनुसारको योग्य कीर्तिले धन्य भएका अनेकौं वीरहरूद्वारा चारैतिरबाट रक्षा गरिएकी, कमल जस्तै कोमल चरण भएकी, सहनशील, लक्ष्मी जस्तै (सुन्दरी) आफ्नी छोरीलाई अनेकौं मणि रत्नहरूका बहुमूल्य मालाहरूले सिंगारेर तत्कालीन गोरखाका राजा श्रीपृथ्वीपतिशाहका नाती (युवराज नरभूपालशाह) लाई दिए । (यसैले) कीर्तिशाली बरात पनि त्यसबखत खुसी भयो ॥२३२-२३४॥

शुभेन वक्त्रांशुचयेन सर्वं
प्रासादभागञ्च विकासयन्ती ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वनूपुरध्वानमनोहरेण
पादाब्जचिह्नेन मनो हरन्ती ॥२३५॥

वीणेव वाणी च मुखच्छविश्च
सुधांशुविम्बभ्रममातनोति ।
इति स्वगेहे सकलैश्च शिष्टैः
श्वश्रूगणैस्तैरपि कीर्तितश्रीः ॥२३६॥

सद्भावनापीठमवस्थितेन
पुरस्कृता सा दयितेन तेन ।
भूपालनाम्ना नरपूर्वकेण
सुरक्षिता शस्त्रभृतां गणेन ॥२३७॥

श्रद्धावता वन्दिजनेन गीता
गीतोपवेदैर्द्विजपूजिता च ।
चन्द्रप्रभाऽपूर्वगुणा विवेश
तद् गोरखाभूमिभुजां कुलं सा ॥२३८॥

पवित्र मुखका किरणहरूद्वारा सम्पूर्ण दरबारको क्षेत्रलाई विकसित गर्ने, पाउजेबको आवाजले गर्दा सुन्दर कोमलपैताला राख्दैमा सबैको मन हरण गर्ने, "अहो ! बोली वीणा जस्तो (मीठो) छ र मुखको शोभाले चन्द्रमाको विम्बको भ्रम फैलाउँछ" भनेर आफ्नै घरमा रहेका सारा सासूहरूको जमातद्वारा पनि कीर्ति गाइएकी, असली भावनाको पिरुकामा रहेका आफ्ना प्यारा पति नर भूपालशाहद्वारा अघि लगाइएकी र सशस्त्र समूहद्वारा सुरक्षित गरिएकी, श्रद्धालु स्तुतिपाठकहरूद्वारा स्तुति गरिएकी, गीता र उपवेदहरूको पाठपूर्वक ब्रह्मणहरूले पूजा गरिएकी र अपूर्व गुणहरू भएकी प्रसिद्ध राजकुमारी चन्द्रप्रभा त्यसबखत प्रसिद्ध राजदरबारमा प्रवेश गरिन् ॥२३५-२३८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धन्यः स राजा पृथिवीपतिस्तु
वधूवरद्वन्द्वमिदं निरीक्ष्य ।
वार्धक्यपीडाऽतिशयेऽपि शीघ्र–
मपूर्वहर्षेण जगाम तृप्तिम् ॥२३९॥

प्राणप्रियाभ्याञ्च वधूवराभ्यां
ता मातरो मोदपयोऽब्धिमग्ना : ।
को नाम लोके सति शीलयोगे
भवेन्मनुष्यो न सुखप्रवीणः ? ॥२४०॥

वधूर्वधूरेव कथं विधात्रा
सृष्टाऽत्र राजन्यकुले निविष्टा ?
गुणा गुणा भान्तितरां श्रियाऽस्या –
श्चन्द्रप्रभाया जलजायताक्ष्याः ॥२४१॥

चन्द्रो मुखं लाञ्छनहीनमेतद्
दृष्ट्वेव भीतो विशतेऽम्बुवाहम् ।
तल्लोचनश्रीविजितानि तानि
मन्ये सरोजान्यभजँश्च शोकम् ॥२४२॥

चन्द्रप्रभेयं सकलाङ्गनाना–
मपूर्वचूडामणिवच्चकास्ति ।
वीराङ्गनानामपि कीर्तिराशि–
स्तत्रैव राज्ये वितनोतु स्वस्ति ॥२४३॥

ते राजसिंहा खलु विश्रुताश्च
श्रीद्रव्यशाहप्रमुखाः सुधीराः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथैव ताः ख्यातगुणाः भवन्तु
वीराङ्गनाः शौर्यधनाः सुशीलाः ॥२४४॥

इतीरितोत्साहगुणाभिरामै-
स्तै राजपत्नीसहितैर्मनुष्यैः ।
विवेश सौभाग्यधना घनाली-
कचाऽऽकुला सौम्यतराऽच्छवेषैः ॥२४५॥

यसप्रकारको नयाँ दुलहा र दुलहीको जोडा देखेर धन्य भएका राजा पृथ्वीपतिशाह बुढचौलीको व्यथा चर्केपनि अपूर्व आनन्दले गर्दा तुरुन्त तृप्त भए । प्राणभन्दा प्यारा दुलहा र दुलहीले गर्दा गोरखादरबारका ती आमाहरू(जगच्छत्रवती आदि सबै) खुसीको सागरमा डुबे (किनकि) असल शील (स्वभाव) हरू जुट्दा यस लोकमा कुन मानिस सुखले झङ्कृत हुँदैन र ? (गोरखाली राजहरूका) यस कुलमा प्रवेश गरेकी नववधू चन्द्रप्रभा कसरी वास्तविक (गुणसम्पन्न) नै (बनाएर) ब्रह्माद्वारा सृष्टि गरिइन् ? कमल जस्तै (सुन्दर) आँखा भएकी नववधू चन्द्रप्रभाको सौभाग्यलक्ष्मीले गर्दा उनका गुणहरू पनि वास्तविक (व्यवहारयोग्य) बनेका छन् । मानौं कलङ्क नभएको चन्द्रप्रभाको मुखलाई देखेर डराएको चन्द्रमा पनि बादलभित्र पस्छ । मानौं तिनका आँखाको शोभाले जितिएका कमलहरू पनि शोकधारण गर्छन् । यसप्रकारको नववधू चन्द्रप्रभा गोरखादरबारका सम्पूर्ण स्त्रीहरूको शिरको रत्नझैं चम्किन्छिन् । (यसैले) यस गारेखाराज्यमा (उपस्थित भएको) वीराङ्गनाहरूको कीर्तिराशिले पनि (सबै प्रजाहरूको) कल्याण फैलाओस् । यस (गोरखादरबार)मा जसरी धैर्यशाली, श्रीद्रव्यशाह आदि मुख्य भएका सिंहजस्ता वीरराजाहरू प्रख्यात छन्,त्यसरी नै आफ्ना गुणहरू प्रसिद्ध भएका ,शूरतालाई नै धन मान्ने र असली स्वभाव पनि भएका वीरनारीहरूपनि प्रख्यात होऊन् । यसप्रकार बडामहारानीहरूका साथ अनेकौं उत्साहगुणले राम्रा भएका र प्रसिद्ध (गोरखाराज्यका) मानिसहरूद्वारा भनिएकी, सौभाग्यलाई नै धन मान्ने, मेघको लस्कर जस्तैं कालो कपाल भएकी र सफा वेषले गर्दा ज्यादै राम्री (नवबधू चन्द्रप्रभा) गोरखादरबारमा प्रवेश गरिन् ॥२३९-२४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राज्ञः पृथ्वीपतिशाहस्य स्वर्गमनं युवराजनरभूपालशाहस्य राज्यारोहणञ्च

परे हि वर्षे स तु भूमिनाथः
पृथ्वीपतिर्वृद्धतरो जगाम ।
दिवं परीतोऽखिलपुत्रपौत्रै–
रनेकमित्रैः परिपूर्णकामः ॥२४६॥

रराज सिंहासनमास्थितोऽसौ
स बालभूपालवरोऽतुलः कौ ।
वध्वा तयाऽव्याकुलयाऽभिरामः
स ज्योत्स्नया चन्द्र इवाऽतुलश्च ॥२४७॥

अनेकवीरैर्लसिते सुराज्ये
भूख्यातिमाप्ते च तदाऽविभाज्ये ।
निरीक्ष्य भूपं स विराजमानं
सर्वोऽपि लोको मुदमाप शीघ्रम् ॥२४८॥

तमःप्रसारश्च स शत्रुवर्गो
बभूव पूर्वं हि यदा विरुद्धः ।
भूपालनाम्ना नरपूर्वकेण
संश्रित्य दीप्तिं शशिनेव दग्धः ॥२४९॥

विराजथापा स च भीमराजो
वीरश्च वीरेश्वरनामधेयः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्तुताः सुयोग्यां पदवीं प्रदाय
धराधिनाथे निजराज्यमाप्ते ॥२५०॥

सम्पूर्ण छोरा-नाती र अनेकौं मित्रहरूद्वारा घेरिएका र आफ्ना इच्छाहरू पनि पूर्ण भएका बूढा राजा पृथ्वीपतिशाह अर्को वर्षमा नै स्वर्गीय भए। चाँदनीले चन्द्रमा जस्तै प्रसन्न रहेकी दुलहीद्वारा सुहाएका र सिंहासनमा बसेका पृथ्वीका अतुलनीय बालक राजा (नरभूपालशाह) शोभायमान भए। अनेकौं वीरहरूद्वारा चम्केको, विश्वप्रसिद्ध र साझा गोरखाराज्यमा विराजमान भएका राजा नरभूपालशाहलाई देखेर सारा लोक तत्काल प्रसन्न भयो। जब पहिले अज्ञान (वा अन्धकार) विस्तार र वैरीहरूको वर्ग पनि विरोधी भएको थियो, कान्तिको आश्रय लिएका चन्द्रमा जस्ता राजा नरभूपालशाहद्वारा भस्म गरियो। राजा नर भूपालशाहले आफ्नो राज्य प्राप्त गरेपछि विराजथापा, भीमराज पाण्डे, वीरवीरेश्वरपाण्डे (आदि मुख्य भएका प्रसिद्ध मानिसहरू पनि) राजाद्वारा योग्यपद (काजी आदि) दिएर प्रशंसा गरिए ॥२४६-२५०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महाराज्ञ्याश्चन्द्रप्रभायाः सन्तानहीनता

काले व्यतीतेऽपि मनोरथेऽपि
सन्तानहीनाऽजनि राजपत्नी ।
दैवेऽनुकूले च मनुष्यकर्म
साफल्यमाप्नोति सदाकृतं हि ॥२५१॥

कुलागतास्ताः परिपूजिताश्च
देव्यस्तयाऽव्याहतभक्तिमत्या ।
सन्तर्पितास्ते पितरश्च राज्ञा
व्रतोपवासादिपरेण शक्त्या ॥२५२॥

निर्दिष्टमासीद् विबुधैर्मदीयं
भाग्यं पुरा पितृगृहस्थितैश्च ।
दैवेऽस्थिरेऽस्यां भुवि भाग्यभूता
भवेत् कथं सा मम सन्ततिश्च ॥२५३॥

तस्मादहं तत्र निवासकामा
प्रस्थातुकामा न च दूरदेशम् ।
आसं तदानीं जनकेन साक-
मानन्दमग्ना सुतनिर्विशेषम् ॥२५४॥

एकादशो भूपवरोऽत्र जातो
नेपालभोगञ्च करिष्यतीति ।
गोरक्षनाथोक्तिरियं वृथा स्यात्
कथं कुलेऽस्मिन् समुदेति भीतिः ॥२५५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तं भूपतिं कुक्षिगतं विधाय
नेपालभोगाय कुलाङ्गना का ?
तनिष्यति प्रीतिमयीं सुकीर्ति–
धारां नवां भूमिभुजां सदा सा ॥२५६॥

समय बित्दा पनि र इच्छा हुँदा पनि राजपत्नी (चन्द्रप्रभा) सन्तानहीन भइन् किनकि दैव अनुकूल भएमात्र सधैं गरिएको मनुष्यकर्म सफल हुन्छ । अकुंठित भक्ति भएकी चन्द्रप्रभाले वंशानुगत देवीहरूको पनि पूजा गरिन् र व्रत र उपवास आदिमा लागेका राजाले शक्ति अनुसार पितृहरूलाई पनि तृप्त पारे । उहिले पिताजीको घर (खाँचीदरबार) मा रहेका प्रसिद्ध ज्योतिषी विद्वानूहरूद्वारा मेरो भाग्यको निर्देशन गरिएको थियो । (त्यसैले) यस पृथिवीमा दैव नै अस्थिर भएमा मेरो भाग्यस्वरूप सन्तति पनि कसरी होला ? त्यसैले म पिताजीको घरमा नै रहन चाहन्थें र टाढाको देशमा प्रस्थान गर्न पनि चाहँदैनथें, किनकि म त्यतिखेर छोरा भन्दा फरक नभई उहाँका साथ आनन्दमग्न पनि थिएँ । यस गोरखामा जन्मेका ११ औं राजाले नेपाल (अधिराज्य) को भोग गर्नेछ भन्ने गोरखनाथको वचन कसरी झूटो होला ? कसरी यस कुलमा भय उत्पन्न हुन्छ ? नेपालभोगको निम्ति त्यसप्रकारका यी राजालाई कोखमा राखेर कुन कुलाङ्गनाले गोरखालीराजाहरूको प्रेममय नयाँ कीर्तिधारा फिजाउली ? ॥२५१-२५६॥

आद्यास्मि राज्ञो रमणीति रम्यं
सौभाग्यरत्नं मम भाति नूनम् ।
लभेत भूपं यदि भाग्यवन्तं
या काऽपि तस्याश्च करोमि यत्नम् ॥२५७॥

इति स्ववाञ्छानुगुणां विधातुं
द्वितीयपत्नीं धरणीभुजश्च ।
चकार यत्नं महिषी तदानीं
सदाशयैर्वंशहितञ्च कर्तुम् ॥२५८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म महाराज नरभूपालशाहकी प्रथम स्त्री हुँ, (यसैले) मेरो सुन्दर र नयाँ भाग्य रत्न सधैं चम्कन्छ। यदि त्यो नेपालको भोग गर्ने भाग्यमानी राजालाई जुनसुकै स्त्रीले जन्माओस् तर त्यसका लागि म प्रयत्न गर्छु। यसप्रकारका राम्रा भावनाहरूद्वारा आफ्नो इच्छानुसार वंशको भलो गर्नका लागि राजा (नरभूपालशाह) की दोस्री पत्नी ल्याउनका लागि महारानी (चन्द्रप्रभा) ले प्रयत्नपनि गरिन् ॥२५७-२५८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राज्ञो नरभूपालशाहस्य द्वितीयविवाहः

तां कौशल्यां दातुकामो बभूव
पाल्पाराजो गोरखापालकाय ।
विद्याशौर्यख्यातिमत्ताविशेषै-
वंशोत्पन्नैस्तैश्च लोकप्रियाय ॥२५९॥

कौशल्येयं भाविनी वीरमाता
भूपालेन्द्रं वीरवीरं प्रसूय ।
तस्माद्राजन् ! दीयतामात्मजैषा
मद्भर्त्रेऽस्मै गूढचिन्तां विधूय ॥२६०॥

हृष्टाःपुष्टा धर्मनिष्ठाश्च शिष्टा
भूविख्याता गोरखालीति वीराः ।
तेषां वंशे सन्ततिर्दीयमाना
नूनं स्यात् सा राजमाता प्रवीणा ॥२६१॥

इत्थंरूपां शिष्टवाणीं स तस्याः
खाँचीपुत्र्याः प्राप्य चन्द्रप्रभायाः ।
तां कौशल्यां रूपसौशील्यभूषां
दास्यामीति प्रोक्तवान् चारुवेषाम् ॥२६२॥

पाल्पाका राजा गन्धर्वसेनले वंशमा उत्पन्न भएको विद्या, शूरता र प्रसिद्धि विशेषहरूले गर्दा लोकप्रिय भएका गोरखाका राजालाई आफ्नी छोरी कौशल्यावती दिने विचार गरे । "हे महाराज ! वीरमा पनि वीर श्रेष्ठ राजालाई जन्माएर (तपाईंकी छोरी) कौशल्या वीरमाता हुनेछिन् । (यसैले) आफ्नो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुप्तचिन्तालाई त्याग गरेर मेरा पति (नरभूपालशाह) लाई यी तपाईंकी छोरी दिनुहोस्। हृष्ट, पुष्ट र धर्ममा लागेका अनुशासित गोरखाली वीरहरू पृथिवीमा प्रख्यात छन्। (त्यसैले) यिनीहरूको वंशमा दिइने सन्तान (छोरी) निश्चय नै दक्ष वीरमाता हुनेछिन् "। खाँचीपुत्री चन्द्रप्रभाको यसप्रकारको शिष्टबोली पाएर राजा गन्धर्वसेनले रूप र शीलको गहना र सुन्दर पोसाक लगाएकी कौशल्यालाई दिन्छु" भने ॥२५९-२६२॥

पुत्रीं काले प्रेषयामास तत्र
पाल्याराजो वीरगन्धर्वसेनः।
तां कौशल्यां कम्बुकण्ठीं सुशीलां
नानाभूषावैभवैर्दीप्तगात्रीम् ॥२६३॥

लब्ध्वा पत्नीं गोरखेशोऽपि वीरै-
र्नानावाद्यध्वानसम्पद्विशेषैः।
धृत्वा हृद्यां लोकसत्कारमालां
पीत्वा शोभामाधुरीं गण्डकीनाम् ॥२६४॥

सर्वान् तातान् मातृवर्गान् प्रणम्य
भक्त्या देवीं कालिकां सुप्रसन्नः।
तं प्रासादं वेदघोषैर्विवेश
नानाभूषालङ्कृतः साधुवेषः ॥२६५॥

पश्यन्तीयं स्नेहभावेन तत्र
तां कौशल्यां शान्तचन्द्रप्रभा च।
स्वं प्रासादं स्वर्गवत् सा चकार
सापत्न्योत्थां वेदनां नाऽऽससाद ॥२६६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाल्पाका राजा वीरगन्धर्वसेनले शङ्ख जस्तो (राम्रो) घाँटी र सुन्दर स्वभाव भएकी, नानाथरि गहनाहरूका ऐश्वर्यद्वारा शरीर चम्केकी आफ्नी छोरी कौशल्यालाई समयमा नै गोरखा पठाए । नानाथरि गहनाहरूले सुहाएका र सुन्दर पोसाक पहिरेका गोरखाका राजा (नरभूपालशाह) पत्नी पाएर, लोकको सुन्दर सत्कारको माला पहिरेर, गण्डकीको मधुरशोभा पिएर, सबै (काकाहरू) आमाहरू र भगवती कालिकालाई पनि भक्तिपूर्वक प्रणाम गरेर प्रसन्न हुँदै (अनेकौं) वीर, नानाथरि बाजाका आवाज र वैदिक उद्घोषहरूका साथ गोरखादरबारमा प्रवेश गरे । त्यस गोरखादरबारमा (सौताका रूपमा आएकी आफ्नी फुपूकी नातिनी) कौशल्यालाई स्नेहको भावनाले हेर्ने शान्त चन्द्रप्रभाले आफ्नो दरबारलाई स्वर्ग जस्तै (रमाइलो) बनाइन् र सौताको सम्बन्धबाट उत्पन्न वेदनालाई ग्रहण गरिनन् ॥२६३-२६६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राज्ञो नरभूपालशाहस्य तृतीयचतुर्थविवाहौ

अथ बुद्धिमतीति नवा दयिता
विहिता नरपेन सुताय शुभा ।
दृढपर्वतभूपतिभातृसुता
सपदि प्रणयैकरसाऽजनि च ॥२६७॥

त्यसपछि बलिया पर्वतका राजाका भाइकी छोरी बुद्धिमतीलाई राजा नर भूपालशाहले छोरा पाउनका लगि नयाँ र पवित्र पत्नी बनाए र ती बुद्धिमती पनि तुरुन्त प्रेमको एकमात्र रसग्रहण गर्ने भइन् ॥२६७॥

अन्यां सुभद्रामपि गोरखेशः
समीपसंस्थां निजमातुलस्य ।
पत्नीं चतुर्थीं स चकार धर्म्या–
मपत्यकामोऽञ्चितसाधुहर्म्याम् ॥२६८॥

विस्तार्य सम्बन्धलतां स राजा
राजन्यवर्येषु सदाशयस्थः ।
स्वराज्यविस्तारनयं सुरम्यं
विचारयामास च बुद्धिगम्यम् ॥२६९॥

सन्तानको चाहना गरेका गोरखाका राजा नरभूपालशाहले आफ्ना मामा (दिग्विजयसेन) की निकटवर्ती सुन्दर दरबारमा बसेकी अर्की सुभद्रालाई पनि चौथी धर्मपत्नी बनाए । उच्च क्षत्रियहरूमा असल भावना लिने राजा नर भूपालशाहले बुद्धिद्वारा मात्र जानिने आफ्ना राज्यविस्तारको राम्रो नीतिका विषयमा विचार गरे ॥२६७-२६९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरश्चरणद्वारा राज्ञो नरभूपालशाहस्य नेपालविजयकामना

स पुरश्चरणानि चकार सदा
विविधाँश्च बुधान् विनियोज्य तदा ।
स परिग्रहबन्धनभावमपि
न दधौ हृदयेऽचलधर्ममतिः ॥२७०॥

स हिमालयसन्निधिसौख्यमपि
विपिनभ्रमणेन दधार सुधीः ।
मृगयासुखमाप्य कदाचिदयं
सरसीसुषमाञ्च ददर्श नवाम् ॥२७१॥

रमणीमणिदृप्तमदं न सुधी–
र्हृदये सदये कृतवान् सपदि ।
परितो विविधे सति राज्यसुखे
सुतहीनतया न परं मुमुदे ॥२७२॥

गुरुगोरखनाथकृपाऽपि कथं
विफलेव भविष्यति मे ननु किम् ?
इति तत्र मतिं विनिवेश्य नृपः
समयं स निनाय च भक्तिसुखः ॥२७३॥

त्यसबखत राजा नरभूपालशाहले विभिन्न विद्वान्हरूलाई नियुक्त गरेर सधैं (अनेकौं) पुरश्चरणहरू गरे । (यसैले) धर्ममा बुद्धि स्थिर भएका राजा (नर भूपालशाह)ले हृदयमा (स्त्री) संग्रहको बन्धनको भावना पनि लिएनन् । विद्वान् राजा (नरभूपालशाह) ले वनविहारले हिमालयको निकटको सुखपनि ग्रहण गरे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजा नरभूपालशाहले कहिलेकता सिकारको सुख लिएर तलाउको नयाँ शोभालाई हेरे। विद्वान् राजा नरभूपालशाहले आफ्नो दयापूर्ण हृदयमा तुरुन्त श्रेष्ठ स्त्रीहरूको चर्को मदधारण गरेनन् तर पनि चारैतिर विभिन्न राज्यसुख (उपस्थित) हुँदा छोराहीन भएकाले प्रसन्न भएनन्। "के मेरा निम्ति गुरु गोरखनाथको कृपा पनि (एघारौं राजाबाट हुने नेपालभोग पनि) विफल नै हुनेछ" भन्ने राजा नर भूपालशाहले ती गोरखनाथमा बुद्धि लगाएर र भक्तिसुख लिएर समय बिताए ॥२७०-२७३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महाराज्ञ्याः कौशल्याया गोरखनाथभक्तिः

सा कौशल्या धर्मपत्नी द्वितीया
तं राजानं भोजयन्ती सुशीला ।
पुत्रक्लेशं प्रेमभावेन दूरं
चक्रे नित्यं सेवया किञ्चिदूनम्॥२७४॥

तत्सान्निध्ये सिद्धगोरक्षनाथो
भुक्त्वा पीत्वा गच्छति स्मेति चित्रम् ।
तत्पूर्वञ्चाऽऽखेटकामो ययौ स
कौशल्यायाः सन्निधिं भोजनाय ॥२७५॥

उच्छिष्टान्नं स्वीयपात्रेषु पश्यन्
साश्चर्योऽभूत् भूपतिस्तत्र किञ्चित् ।
कोऽयं भुक्त्वा याति पूर्वं स दूरं
कौशल्ये! त्वं गोपयन्ती स्थिता किम्? ॥२७६॥

एवं पृष्टा गोरखेशेन भीता
सा तत् सर्वं वर्णयामास देवी ।
न प्रत्यक्षं गाहते ते स नाथः
स्वामिन्! तस्माद् दूरतां याति सद्यः ॥२७७॥

इत्युक्तश्च प्रेयसीसन्निधिस्थो
राजोच्छिष्टं भुक्तवान् स्वामिनश्च ॥
तन्निर्देशाद् गर्भशय्यां गतश्च
कौशल्याया बालकः कोऽप्यलभ्यः ॥२७८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ततोऽनु सा बुद्धिमतीति राज्ञी
जाता सगर्भा भगवत्कृपाढ्या ।
सम्पद्धि सम्पत्तिपथं प्रयाति
विपद् विपत्तिञ्च विचारयेत ॥२७९॥

सुन्दरशील भएकी दोस्री धर्मपत्नी कौशल्यादेवीले राजालाई (नित्य) भोजन गाराउँदै र प्रेमभावले नित्यसेवाले कम भएको छोराको कष्टलाई केही टाढा गराइन् । सिद्ध गोरखनाथ ती कौशल्याको निकटमा खाएर र पिएर जान्थे भन्ने (प्रसिद्धि) आश्चर्यजनक छ । (कुनै दिन) राजा नरभूपालशाह शिकारको चाहना गरेर गुरुगोरखनाथ भन्दा पहिले नै भोजन गर्न कौशल्यादेवीको निकट गए । त्यस (भान्छाघर) मा आफ्ना सधैंका भाँडाहरूमा जूठा अन्न देखेर राजा नरभूपालशाह आश्चर्यमा परे । "हे कौशल्या ! यो को म भन्दा पहिले नै खान्छ र टाढा जान्छ ? तिमी (यसकुरालाई) छिपाउँदै रहन्छयौ कि के ? " यसप्रकार गोरखाका राजा नरभूपालशाहद्वारा सोधिएकी र डराएकी महारानी कौशल्यावतीदेवीले त्यो सबै वर्णन गरिन् । "हे स्वामी ! ती गुरु गोरखनाथ हजुरको आँखा अगाडि पर्दैनन् र तुरुन्त (खाना खाएर) टाढा जान्छन् "। यसप्रकार भनिएका र प्रेयसी (कौशल्यावतीदेवी) को निकट रहेका राजा (नरभूपालशाह)ले आफ्नाप्रभु (गोरखनाथं) को जूठो खाए । गुरु गोरखनाथको निर्देशनअनुसार कुनै दुर्लभ बालक कौशल्याको गर्भको बिच्छयौनामा रहयो । त्यसपछि भगवान्को कृपाले भरपुर भएकी रानी बुद्धिमतीदेवी पनि गर्भवती भइन् किनकि मानिस विचार गरोस् कि सम्पत्तिले सम्पत्तिको नै बाटो लिन्छ र विपत्तिले विपत्तिको नै ॥२७४-२७९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महारानीकौशल्याया बालकपृथ्वीनारायणजन्म

कौशल्याया गर्भतो बालकोऽभूत्
कश्चिद् दीप्तो राजचिह्नैरुपेतः ।
पूर्णे मासे सप्तमे दैवयोगाद्
यस्मिन् जाते हर्षवृद्धिर्बभूव ॥२८०॥

सर्वश्रेष्ठा तत्र चन्द्रप्रभा सा
बालं दृष्ट्वा तं बभूव प्रफुल्ला ।
यन्निर्दिष्टा राजपत्न्यस्तु सर्वा
जायन्ते स्म प्रीतिभाजोऽप्यदर्पाः ॥२८१॥

कौशल्याख्या बालमाताऽपि तस्या –
माकृष्टाऽऽसीत् सा च चन्द्रप्रभायाम् ।
जातं कष्टं तद् द्वयोस्तुल्यमेव
सत्यां प्रीतौ चित्तवृत्तिः समैव ।'।२८२॥

सा कौशल्या वेदनामूर्च्छितापि
दृष्ट्वा हृष्टा ताञ्च चन्द्रप्रभां हि ।
बालं दृष्ट्वा हर्षिते द्वे सहैव
प्रेम्ण्युत्पन्ने स्याद् विपत्तिः कथञ्च ॥२८३॥

भाग्यका संयोगले गर्दा सातौं महिना पूर्ण हुँदा कौशल्यावतीका गर्भबाट राजचिन्हहरूले युक्त भएका कुनै चम्किला बालक जन्मे, जो जन्मने बित्तिकै सबैमा खुसी बढ्यो । त्यस गोरखादरबारमा सबै (महारानीहरू) मा उत्तम मानिएकी खाँचीराजपुत्री चन्द्रप्रभा त्यस बालकलाई देखेर निकै खुसी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भइन्, जसको निर्देशन पाएका सम्पूर्ण राजपत्नीहरू (राजाको) प्रेमपात्र भएर पनि (सधैं) अहङ्काररहीन हुन्थे । बालककी आमा सेनपुत्री कौशल्यावतीदेवीपनि ती चन्द्रप्रभामा आकृष्ट थिइन् । (कौशल्यावतीको प्रसूतिको अवस्थामा) दुबैको कष्ट समान भयो । (किनकि) प्रेम छ भने (दुबैको) मनोवृत्ति एकसमान हुन्छ । वेदनाले मूर्च्छित भएकी सेनपुत्री कौशल्यापनि चन्द्रप्रभालाई देखेर खुसी भइन् । (साथै) दुबै जना बालकलाई देखेर सँगै खुसी भए (किनकि) प्रेम उत्पन्न भएमा कसरी विपत्ति होला र ! ॥२८०-२८३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महाराज्ञ्यां चन्द्रप्रभायां बालकपृथ्वीनारायणस्य पालनपोषणशिक्षादीक्षाभारः

जातं बालं रक्ष चन्द्रप्रभे ! त्वं
मत्वा देवं गोरखायां प्रविष्टम् ।
कर्तुं भूमौ नित्यशान्तिव्यवस्थां
राजन्यानां मानसे विद्वदास्थाम् ॥२८४॥

अस्मत्स्वामी भाति गोरक्षनाथो
यन्निर्देशाज्जायते शत्रुघातः ।
यत्कारुण्याल्लप्स्यते बालकोऽयं
भूत्वा वीरो राजराजप्रतिष्ठाम् ॥२८५॥

त्वं शिष्टाऽसि प्रेमपात्रं त्वमेव
त्वं मे हृद्यां ज्ञातुकामा रुचिञ्च ।
त्वच्छिक्षाऽस्मिन् बालके प्राणदात्री
स्याद्राज्यश्रीपल्लवानां सवित्री ॥२८६॥

दृष्टाः केचिद् देवि ! राजन्यपुत्रा
वित्तोन्मत्ता दुष्टसंसर्गसक्ताः ।
केचिद् दृष्टास्ते च सौन्दर्यदृप्ता-
स्तद्वन् न स्याद् बालकोऽज्ञानदष्टः ॥२८७॥

चन्द्रप्रभा ! यस नवजात बालकलाई (तिमी) पृथिवीको शान्तिव्यवस्था र क्षत्रिय (राजा) हरूको मनमा विद्वान्हरूको आस्था गर्नका लागि गोरखामा प्रवेश गरेका देवता मानेर रक्षा गर । हाम्रा मालिक गुरु गोरखनाथ नै शोभायमान हुन्छन्,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसको निर्देशनबाट (हाम्रा) शत्रुहरूको विनाश हुन्छ। (साथै) जसको करुणाबाट यो (नवजात) बालक वीर भएर बडामहाराजको प्रतिष्ठा प्राप्त गर्ला। (हे चन्द्रप्रभा!) तिमी शिक्षित छौ, मेरो प्रेमपात्र छौ र मेरो हृदयको रुचि पनि बुझ्न इच्छुक छौ। त्यसैले तिम्रो शिक्षा नै यस बालकको प्राण दिने र गोरखाली राजाहरूका राज्यश्रीका पालुवाहरू जन्माउने पनि होस्। हे महारानी! केही राजकुमारहरू धनले, केही खराब सङ्गतले र केही रूपले मातेका देखिएका छन्। (त्यसैले) यो बालक ती जस्तै अशिक्षाले डसिएको नहोस् ॥२८४-२८७॥

भोगं नेपालस्य वाञ्छामि देवि !
प्रेम्णा देवैरर्पितो बालकोऽपि ।
राज्येऽस्माकं तत्कृपास्तीति मन्ये
त्वं रक्षाऽमुं बालकं स्वे प्रकोष्ठे ॥२८८॥

कार्याकार्यज्ञाननिर्धारणेऽपि
शास्त्रं सर्वं सर्वदा स्याद् हितैषि ।
सिद्धान्तानां पालने सावधानाः
संदृश्यन्ते नैव मर्त्या वदान्याः ॥२८९॥

तस्मात् सर्वैः शास्त्रभावं निभाल्य
लोकाचारं वंशसंस्थं विचार्य ।
सम्पाद्या सा संस्कृतिर्बालकस्य
तैर्विद्वद्भिर्नामकर्मादिका च ॥२९०॥

काः काः शिक्षा राजपुत्राय देयाः
का का नीतिः पण्डितैः शिक्षणीया ।
यस्माद् वीरो जायतां बालकोऽयं
त्यक्त्वा सर्वं चित्तदौर्बल्यदोषम् ॥२९१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इत्युक्ता सा भूमिपालेन हृष्टा
कौशल्याया गोप्यगेहं प्रविष्टा ।
यद् यत् प्रोक्तं कारयिष्यामि तत् तत्
चिन्ता काचिन्नैव कार्येत्यवोचत् ॥२९२॥

हे महारानी ! म नेपालको भोग चाहन्छु । देवताहरूद्वारा यो बालक पनि प्रेमपूर्वक (मलाई) टक्र्याइएको छ । (यसैले) हाम्रो राज्यमा ती देवताहरूको कृपा छ भन्ने कुरा म मान्दछु । (यसैले) तिमी आफ्नो खोपीमा यस बालकलाई रक्षा गर । सधैं मानिसहरूका लागि गर्नुपर्ने र नपर्ने (विषयहरूको) ज्ञाननिर्धारण गर्नमा शास्त्र नै हितकारी बन्छ (तरपनि) शास्त्रका सिद्धान्तहरूको पालनामा ठूला ठूला मानिसहरू पनि सावधान देखिन्छन् । त्यसैले सबैले शास्त्रहरूको आशय हेरेर र आफ्नो वंशमा रहेको लोकरीति पनि विचारेर मात्र विद्वानहरूद्वारा नामकार्य आदि संस्कारहरू गर्नुपर्छ । राजकुमारहरूलाई के के शिक्षा दिनुपर्छ ? कुन कुन नीति पण्डितहरूले सिकाउनुपर्छ ? जसबाट बालक सारा चित्तको दुर्बलतादोषलाई त्याग गरेर वीर बनोस् । यसप्रकार राजाद्वारा भनिएर खुसी भएकी र कौशल्याको प्रसूतिगृहमा प्रवेश गरेकी (रानी चन्द्रप्रभा) ले "(हे महाराज !) जो जो (कुरा) भनियो, त्यो त्यो (सबैकुरा) गराउनेछु, यसमा चिन्ता न लिइयोस्" भनिन् ॥२८८-२९२॥

पृथ्वीनारायण इति शुभं नाम कृत्वा नरेशः
प्रादात् तस्यै सकलविदुषां सम्मतिं तां गृहीत्वा ।
दृष्ट्वा प्रेम्णा सुतमिव निजं शान्तचन्द्रप्रभा च
नानोपायैरपि हितकरैर्बालकं तं पुपोष ॥२९३॥

सम्पूर्ण विद्वान्हरूको परम्परागत सम्मति लिएर राजा (नरभूपालशाह)ले पनि "पृथ्वीनारायण" भन्ने पवित्र नाम राखेर ती (बालक)चन्द्रप्रभालाई सुम्पे । शान्त चन्द्रप्रभाले पनि आफ्नै छोरालाई झैं प्रेमले हेरेर हितकारी अनेकौं उपायहरूद्वारा त्यस बालक(पृथ्वीनारायणशाह) लाई पालनपोषण गरिन् ॥२९३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जातः स बालोऽखिलदर्शनीय–
स्तेजोमयो निर्जरवत् सुरूपः ।
चातुर्यवान् सत्प्रतिभाऽभिरामो
रामो यथाऽपूर्वगुणोऽमिताभः ॥२९४॥

तैः पण्डितैः पञ्चमहायनोऽयं
पपाठ सर्वं पदवाक्यजातम् ।
अर्यालयैर्ज्यौतिषिकैः सुदक्षै–
र्वंशागतैर्बालमनोऽभिविज्ञैः॥२९५॥

प्रबुद्धमोक्षेश्वरभानुमुख्यै–
र्जोशीत्युपाख्यैर्विविधैस्तदानीम् ।
उपस्थितौ गोकुलसंज्ञकानां
भूभृद्गुरूणामपि सावधानम् ॥२९६॥

पपाठ विद्यां गणिताऽभिधानां
स पण्डितैस्तां व्यवहारयोग्याम् ।
तं पत्रलेखादिविधिं समाप्य
पपाठ दुर्गाकवचं शुभं सः ॥२९७॥

बालक पृथ्वीनारायणशाह देवता जस्तै सुन्दर रूप भएकाले सबैको लागि देख्न लायक र तेजस्वी पनि भए । राम जस्तै अपूर्व गुण (वीरता आदि) र अपरिमितशक्ति भएका (पृथ्वीनारायणशाह) चतुर र असल प्रतिभाले सुन्दर पनि भए । त्यसबखत पाँच वर्ष पुगेका पृथ्वीनारायण शाहले राजगुरु गोकुलविलासका उपस्थितिमा मोक्षेश्वर जोशी र भानु जोशी मुख्य भएका , बालमनोविज्ञान बुझ्ने र सिपालु वंशानुगत अर्ज्यालवंशी विभिन्न ज्योतिषी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पण्डितहरूका माध्यमबाट सावधानपूर्वक पदवाक्यहरूको समूह पाठ गरे। ती बालक पृथ्वीनारायण शाहले पण्डितहरूका माध्यमबाट व्यवहारको निमित्त योग्य गणितविद्यापनि पढेर पत्र लेखन आदि विधि समाप्त गरेर पवित्र दुर्गाकवच (स्तोत्र) पनि पढे ॥२९४-२९७॥

विधाय बाल्यं मनसो विकासं
शारीरिकञ्चैव तथा विधातुम् ।
व्यायामशिक्षाऽपि तदैव प्रत्ता
प्रयोगरम्या व्यवहारयोग्या ॥२९८॥

अभ्यासयोग्यानि च साधनानि
व्यायामशिक्षासहितानि तानि ।
तदातनप्राङ्गणसंस्थितानि
बभूवुरस्य प्रणयाऽऽवहानि ॥२९९॥

कुमारयोग्याञ्च दशामुपेतः
स दीप्तिमत्त्वं क्रमशो विलेभे ।
स्मितच्छटां लोकमनोहरां तां
स्वाभाविकीं स्वास्थ्यहिताञ्च तेने ॥३००॥

पुत्रास्तदा राज्यसहायकानां
सहायभाजश्च बभूवुरस्य ।
दुष्प्राप्यतां गच्छतु साधनं किं
लोकस्थितं भूमिभुजां सुतस्य ? ॥३०१॥

स कन्दुकक्रीडनमल्लयुद्ध–
प्रशिक्षणेनैव सुपुष्टिमाप्य ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नृपोचितां वाजिकलामनेकां
प्रशिक्षकैः साधुतयाऽऽससाद ॥३०२॥

त्यसबखत बालकको मानसिक विकास गरेर शारीरिक विकास गर्न प्रयोगले राम्रो भएको व्यवहारको निमित्त योग्य व्यायामशिक्षा पनि दिइयो । त्यसबखतका विभिन्न व्यायामसामग्री (डण्डीबियो, भकुण्डो आदि) पृथिवीनारायणको लागि प्रेम बढाउने भए । (यसपछि) कुमारको अवस्थामा पुगेका पृथ्वीनारायणशाहले क्रमैले तेजिलोपन प्राप्त गरेर लोकको मनहरण गर्ने र स्वास्थ्यलाई भलो गर्ने मुस्कुराहटको शोभापनि फैलाए । त्यसबखत राज्य-सहायकहरू (भारदार)का छोराहरू पनि कुमार पृथ्वीनारायणशाहका सहयोगी भए (किनकि) राजाहरूका छोराका लागि कुन लौकिकसामग्री दुर्लभ होला ? कुमार पृथ्वीनारायणशाहले भकुण्डोखेल र कुस्तीप्रशिक्षण लिएर नै शारीरिक पुष्टि प्राप्त गरी प्रशिक्षकहरूका माध्यमबाट राजाको निमित्त उचित अनेकौं घोडा चढ्ने कला पनि राम्रा प्रकारले हासिल गरे ॥२९८-३०२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुमारपृथ्वीनारायणशाहे राष्ट्रियसंस्कृतिप्रभावः

सा पोखरीथोकधरा सुरम्या–
ऽऽपणव्यवस्थासुखदाऽप्यगम्या ।
गोरक्षनाथस्य च दर्शनार्थं
समागतैस्तैर्मनुजैश्च धन्या ॥३०३॥

आगन्तुकानामपि सस्कृतिं तां
डोटीनृपालादिभवां विलोक्य ।
स्वदेशभक्तिं चिनुते स्म चित्ते
नायं विलासे विचचार वित्ते ॥३०४॥

दुर्गम भए पनि बजारव्यवस्थाहरूले गर्दा सुखकारी र गोरखनाथको दर्शन गर्न आएका मानिसहरूद्वारा धन्य भएको त्यो पोखरीथोकको जमिन ज्यादै सुन्दर थियो । आगन्तुक (तीर्थयात्री) हरूको संस्कृति र डोटीका राजा आदिबाट उत्पन्न संस्कृतिपनि देखेर कुमार पृथ्वीनारायणशाहले आफ्नो चित्तमा राष्ट्रभक्तिको संकलन गर्थे तर उनी विलास र धनमा (कहिल्यै) घुमेनन् ॥३०३-३०४॥

विलासचित्राणि न मोहकानि
संसेवनीयानि कदापि पुत्र !
मनोबलं क्षेमकरं सदाऽऽप्तुं
गृहाण योग्यामपि नीतिशिक्षाम् ॥३०५॥

त्वं गच्छ नान्यत्र सुहृद्भिरारात्
प्रासादभूमिं विचर त्वमत्र ।
शक्त्या परोच्छेदपराश्च दुष्टा-
श्चरन्ति भूमावपि यत्र तत्र ॥३०६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति प्रमात्रा सततं निरीक्ष्य
निर्देशितः सौम्यहृदाऽऽप्तशिक्षः ।
गोरक्षनाथस्य कृपाप्रसादं
लेभे च प्रत्यक्षमसावबाधम् ॥३०७॥

हे छोरा ! (पृथ्वीनारायण) कहिल्यैपनि मन मोहित गर्ने विलासका चित्र (दृश्य) हरू सेवन गर्न हुन्न र सधैं कल्याणकारी मानसिकबल प्राप्त गर्न योग्य नैतिकशिक्षा नै ग्रहण गर । मित्रहरूका साथ तिमी अन्त टाढा न जाऊ तर दरबारक्षेत्रको नजिक यहीं घुम (किनकि) यस पृथिवीमा आफ्ना शक्तिले अरूको विनाश गर्न तत्पर दुष्टहरू जहाँतहीं घुम्छन् । यसरी सोझो हृदयले आफ्नी सौतेनी आमा (चन्द्रप्रभा)द्वारा हेरविचार गरेर संझाइएका शिक्षित कुमार पृथिवीनारायणशाहले विना विघ्न गुरु गोरखनाथको प्रत्यक्ष कृपा प्रसाद पनि पाए ॥३०५-३०७॥

दलमर्दनकेशिमर्दनाद्या
दलजिच्छ्रहमुखा नृपालपुत्राः ।
रण-भीम-सुरप्रतापमुख्या
अभवन् तस्य च साहचर्यभाजः ॥३०८॥

दलजितशाह, रणरुद्रशाह, भीमरुद्रशाह,, सुरप्रताप शाह आदि मुख्य भएका दलमर्दन र केशिमर्दन आदि नाम गरिएका राजकुमारहरूपनि पृथ्वीनारायणशाहका साथी थिए ॥३०८॥

विशालवदनेति सा प्रणसनेति सर्वावती
तथेन्दुवदना बभूव नरपालपुत्रीष्टधीः ।
बभूव तनया च पद्मवदनेति नाम्ना तदा
तथैव सुरताऽभिधा जनिमवाप कन्या शुभा ॥३०९॥

अनुकूल मति भएकी राजकुमारी विशालवदना भइन् भने प्रणसना पनि भइन् । (त्यस्तै) सर्वावती (राजकुमारी) भइन् भने इन्दुवदना पनि भइन् । त्यस्तै पद्मवदना नामकी राजकुमारी भइन् भने त्यसरी नै पवित्र सुरतकुमारीले पनि जन्म लिइन् ॥३०९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युवराजपृथ्वीनारायणशाहस्य राजनीतिकचेतना प्रथमविवाहविचारश्च

सर्वभ्रातृभगिनीभिरुपेतो
मानसख्यसुखवैभवधन्यः ।
देववद् भुवि मुदा स रराज
नास्ति कुत्र महिमाऽवनिभाजः ॥३१०॥

सबै भाइ र बहिनीहरूद्वारा साथ पाएका, मान र मित्रताको सुखको ऐश्वर्यले धन्य भएका कुमार पृथ्वीनारायणशाह पृथिवीमा पनि देवता झैं खुसीले चम्के (किनकि) राजाको महिमा कहाँ छैन र ! ॥३१०॥

श्रीहर्षमिश्रादिमुखैर्बुधैस्तैः
कृत्वा तदीयं व्रतबन्धकर्म ।
राजा विधातुञ्च विवाहकर्म
चकार यत्नं विधिनाऽऽप्तधर्मः ॥३११॥

परन्तु धर्मेण हि राज्यसिद्धिं
विधातुकामस्य धराभुजश्च ।
कष्टं तदानीन्तनराजनीति–
नैपुण्यमासीन्नितरां कृशञ्च ॥३१२॥

जगज्जयः कान्तिपुरस्य राजा
योगप्रकाशो ललिताख्यपुर्याः ।
मल्लोपनामा रणजिद् बभूव
तदातनो भक्तपुरस्य शास्ता ॥३१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीकामराजस्तनहूँसुराख्या–
माश्रित्य सौम्यां निजराजधानीम् ।
मित्रत्वरूपेण विराजते स्म
स गोरखाभूमिभुजस्तदानीम् ॥३१४॥

उपत्यकाक्षेत्रभुवो नृपास्ते
शक्त्या हि सम्वर्धयितुं स्वराज्यम् ।
विस्तारयन्ति स्म च गोरखायां
यदा कदा राजनयप्रपञ्चम् ॥३१५॥

साहाय्यकर्त्रीति च भक्तपुर्याः
सा गोरखा ख्यातिमती बभूव ।
अन्ये तदुत्साहधने च लुब्धा
बभूवुरामन्त्रितसैनिकाश्च ॥३१६॥

स गोरखेशश्चकमे प्रसिद्धं
जगज्जयात् तन्नवकोटदुर्गम् ।
त्रिशूलगङ्गातटभूसुरम्यं
प्राकारशैलावृतमद्वितीयम् ॥३१७॥

एवं स्ववाञ्छापरिपूर्तिकामः
स भूमिपालस्तु तदातनानाम् ।
गुणान्वितां पुत्रवधूस्वरूपा–
मैच्छत् सुतां शक्तिमताञ्च राज्ञाम् ॥३१८॥

धर्मप्राप्त गरेका राजा नरभूपालशाहले श्रीहर्षमिश्र आदि मुख्य भएका (काशीवासी) प्रसिद्ध विद्वान्हरूद्वारा (धादिङ इलाकाको मैधीदेवस्थलमा) विधिपूर्वक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुमार पृथ्वीनारायणको (११वर्षको उमेरमा) व्रतबन्धकार्य सम्पन्न गरेर विवाहकर्म पनि गर्न प्रयत्न गरे तर दुःखको कुरा छ कि धर्मले नै राज्यसिद्धि गर्न चाहने राजा (नरभूपालशाह) को तत्कालीन राजनीतिनिपुणता एकदम कमजोर थियो। कान्तिपुरराज्यका तत्कालीन शासक जगज्जयमल्ल थिए भने ललितपुरका योगप्रकाशमल्ल। (त्यस्तै) भक्तपुरका तत्कालीन शासक राणजित्‌मल्ल थिए। त्यसबखत तनहूँसुर नाम गरिएको आफ्नो सुन्दर राजधानीको आश्रय गरेर श्रीकामराजदत्तसेन राजा नरभूपालशाहका मित्रको रूपमा विराजमान थिए। उपत्यका क्षेत्रमा भएका ती मल्लराजाहरू शक्तिले आफ्नो राज्य फैलाउनका लागि कहिलेकता गोरखामा पनि आफ्नो राजनीतिको जाल फैलाउँथे। (कुनै समय दोलखाका उत्तराधिकारी नीलनारायणमल्ललाई कान्तिपुरबाट बचाउनको निमित्त) भक्तपुरको सहयोग गरेको हुँदा गोरखाराज्य (उपत्यकामा) प्रसिद्धि पाएको थियो। (यसैले) अरू (कान्तिपुर र ललितपुरका) राजाहरू पनि गोरखाको उत्साहधनमा लोभिएर (स्वार्थसिद्धिका लागि) गोरखाली सेनालाई आमन्त्रण गर्थे तर गोरखाका राजा नरभूपालशाहले भने त्रिशूलीको तीरको जमिनले सुन्दर भएको,पर्खालहरू र (अग्ला) पर्वतहरूले घेरिएको अपूर्व र प्रसिद्ध नुवाकोटकिल्लालाई कान्तिपुरका राजा जगज्जयमल्लबाट (तुरुन्त छिनेर) लिन चाहन्थे। यस कारणले गर्दा आफ्नो इच्छापूर्ण गर्न चाहने गोरखाका राजा नरभूपालशाहले शक्तिशाली तत्कालीन राजाहरूकी गुणवती छोरीलाई नै आफ्नो बुहारीको रूपमा (स्वीकार) गर्न चाहन्थे ॥३११-३१८॥

स्वाभाविकीं दुर्बलतां गतेऽस्मिन्
भूपेऽपि राज्यं न तथा विनष्टम्।
चन्द्रप्रभाबुद्धिबलेन नित्यं
सुरक्षितं वंशभुवामदृष्टम् ॥३१९॥

सा कूटनीतिं प्रतिवेशिनां तां
जानातु कस्मात् प्रचुरच्छलाञ्च।
अमात्यविश्वासबलं हि तस्याः
स्वराज्यरक्षाशकुनं बभूव ॥३२०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुरूपदिष्टोचितधर्मशक्त्या
स गोरखेशो विजिगीषुरासीत् ।
चन्द्रप्रभा तत्सहधर्मिणीति
श्रयेत् कथं तद्विपरीतनीतीः ॥३२१॥

सा पुत्रवात्सल्यरसाऽऽप्तशक्ति–
स्तदीयसौशील्यगुणाभितृप्तिः ।
विवाहकर्मात्महितं विचिन्त्य
कन्याविचारं हि चकार तस्य ॥३२२॥

राजा नरभूपालशाहको प्रकृति कमजोर भएपनि गोरखाराज्य त्यति नष्ट भएको थिएन (किनकि) चन्द्रप्रभाको बुद्धिबलद्वारा नै वंशजहरूको भाग्य निरन्तर सुरक्षित थियो। महारानी चन्द्रप्रभा जालझेल बढी भएका छिमेकी (लमजुङआदि) का कूटनीतिलाई कसरी जानून् पनि ? मन्त्रीहरूसँगको विश्वासको बलमात्र चन्द्रप्रभाको आफ्नो राज्य रक्षाको लक्षण बनेको थियो (किनकि) राजा नर भूपालशाह गुरु (गोकुलविलास) द्वारा उपदेश दिइएको र (आफूले पनि) उचित मानिएको धार्मिकशक्तिद्वारा नै अरू राज्य जित्ने चाहना गर्थे। (यसैले) महारानी चन्द्रप्रभा पनि उनकी सहधर्मिणी भएकी हुंदा उनको विपरीत नीतिको आश्रय पनि कसरी गरून् र ? छोरा (पृथ्वीनारायणशाह) को वात्सल्यरसबाट शक्ति प्राप्त गरेकी र उनको असल स्वभाव र गुणबाट नै आत्मरति प्राप्त गरेकी महारानी चन्द्रप्रभा छोराको विवाहकर्मलाई नै आफ्नो (भावी राज्यविस्ताररूप) हित संझेर कन्याको विचार गर्न थालिन् ॥३१९-३२२॥

तां शुक्रनीतिं समधीत्य सम्यग्
जग्राह कामन्दकनीतिशिक्षाम् ।
सुश्राव रामायणभारतानां
कथां पुराणीं नवनीतसाराम् ॥३२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स कुन्त-बाणासन-चन्दहास–
प्रधानशस्त्रास्त्रकलासु दक्षः ।
पितेव कालेन गुणान्वितोऽयं
बभूव सद्यो जनतानुरक्तः ॥३२४॥

गोरक्षनाथस्य शुभाशिषाऽयं
धृत्वा स्वगर्भे सहसाऽऽप्तजन्मा ।
धरामिमां जेष्यति बालको मे
मा गच्छ शोकं नलिनीव वन्या ॥३२५॥

कौशल्ययोक्ता दयया सदाशा
चन्द्रप्रभा धैर्यवती सदा सा ।
तदीयभावोद्‌गतसौकुमार्यं
जघान वाचाऽपि न मानसञ्च ॥३२६॥

कुमार पृथ्वीनारायणशाहले प्रसिद्ध शुक्रनीति पढेर राम्रा प्रकारले कामन्दकनीतिशिक्षा पनि ग्रहण गरे । त्यस्तै रामायण र महाभारतका नौनी जस्तै (मीठा) सार भएका पुराना कथा पनि सुने । भाला, धनु, तरबार आदि मुख्य भएका शस्त्र र अस्त्रहरूको कलामा तुरुन्त कुशल भएका कुमार पृथ्वीनारायणशाह समयले गर्दा पिता जस्तै गुणी र जनप्रिय बने । "हे चन्द्रप्रभा ! गुरु गोरखनाथको शुभआशीर्वादद्वारा आफ्नो गर्भमा धारण गरेर तुरुन्त (७महिनामा) जन्म पाएको यो मेरो बालक (पृथ्वीनारायणशाह) यो पृथिवी (नेपाल) लाई (निश्चय नै) जित्नेछ । (यसैले) वनको कमलिनीझैं शोक नगर" । यसप्रकार कौशल्याद्वारा भनिएकी, असल आशा र धैर्य भएकी महारानी चन्द्रप्रभाले कुमारको मनबाट उत्पन्न कुनै पनि भावनाको कोमलतालाई आफ्नो वचनमात्रले पनि हनन गरि नन् ॥३२३-३२६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स धर्मदालोलतरङ्गरम्यः
सेराऽभिधानो रुचिरप्रदेशः ।
बभूव तन्मानसरञ्जनाय
प्रासादशोभातुलितौषधीशः ॥३२७॥

शस्यश्रिया पुष्पफलावलीभी
रम्यान्तरः कोकिलकाकलीभिः ।
स भूमिभागोऽजनि राजसूनोः
सरित्तरङ्गोत्प्लवनाप्तयेऽपि ॥३२८॥

चन्द्रप्रभैवं विविधैरुपायै–
स्तदीयचेतोबलवर्द्धनाय ।
कृत्वा प्रयत्नं हितवाञ्छयाऽसौ
पुत्राय सर्वं समयं निनाय ॥३२९॥

दरौंदीका चञ्चलतरङ्गहरूले सुन्दर र चन्द्रमा जस्तै (सफा) दरबारको शोभा भएको "सेराबेसी" भनिने सुन्दरक्षेत्र ती कुमार पृथ्वीनारायणशाहको मन बहलाउनको लागि भयो । मंसिरमा धानको शोभाले, फूल र फलहरूको ताँतीले र (चैतवैसाखमा) कोइलीको मीठो आवाजले बीचबीच भागमा सुन्दर भएको त्यो सेरावेसी राजकुमारको लागि धर्मदा (दरौंदी) का तरङ्गहरूमा पौडीखेलको सुविधाको लागि पनि भयो । यसप्रकार महारानी चनद्रप्रभाले हितको कामना लिएर विभिन्न उपायहरूद्वारा छोराको मनोबल बढाउन प्रयत्न गरेर उनैका लागि सम्पूर्ण समय बिताइन् ॥३२७-३२९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मकवानपुरराजस्य हेमकर्णसेनस्योत्कर्षः

स हेमकर्णाख्यसुतस्तदानीं
माणिक्यसेनस्य च विश्रुतोऽभूत् ।
यो भाँवरक्षेत्रभवां गजालीं
समर्प्य भूभृत्कुलवल्लभोऽभूत् ॥३३०॥

सा हेमकर्णस्य सुता सुरूपा
मुकुन्दपुर्या नृपतेस्तदानीम् ।
अवाप कालेन गुणश्रियाऽऽढ्या
पितुर्गृहे द्वादशवर्षवृद्धिम् ॥३३१॥

चतुर्दशाब्दश्च सुतः श्रुतस्तै–
र्विवाहयोग्यो नृपतेश्च सेनैः ।
उत्प्रेरितौ तौ विधिना तदैव
कार्यः सदा योग्यसमागमश्च ॥३३२॥

मकवानी राजा माणिक्यसेनका हेमकर्णसेन नाम गरिएका छोरा प्रसिद्ध थिए, जो भाँवरक्षेत्रबाट उत्पन्न हात्तीहरूको ताँती अर्पण गरेर सारा राजकुलका प्रिय बनेका थिए । त्यसबखत मकवानपुरका राजा हेमकर्णसेनकी राम्री र गुणहरूको शोभाले सम्पन्न भएकी छोरी (इन्द्रकुमारी) समयले गर्दा आफ्ना पिताको घरमा बाह्रौं वर्षवृद्धि (वर्षगाँठ) मा प्राप्त भइन् । विवाहको लागि योग्य भएका राजा नरभूपालशाहका छोरा (पृथ्वीनारायणशाह) २४ वर्षका भएको (कुरा) ती सेनराजहरूले सुने । (त्यसैले) ती दुबै (राजकुमार र राजकुमारी) विवाहको लागि दैवद्वारा प्रेरित भए (किनकि) योग्य-योग्य व्यक्तिहरूको मिलन सधैं गरिनुपर्छ ॥३३०-३३२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सा हेमकर्णस्य च विश्रुताऽऽसीद्
देशे विदेशेऽतुलहस्तिशाला ।
उपायनीभूतगजाननेकान्
ततो लभन्ते स्म परे नृपालाः ॥३३३॥

तां हस्तिशोभाञ्च घनाटवीस्थां
तद्रक्षकैः साधु विलोकयन्ती ।
नवेन्द्रपूर्वाऽभिधया कुमारी
रराज साऽपूर्वगुणाऽतुलश्रीः ॥३३४॥

चतुर्दशैर्बाहुभिरुन्नतौ च
मितो गजः स्यात् करयोग्य एकः ।
इतीरितस्तज्जनको हयशक्तौ
स वादशाहाय ददौ धनञ्च ॥३३५॥

उपत्यकाक्षेत्रजुषो नृपाला
धनेन तद्धस्तिगणं गृहीत्वा ।
स्वसैन्यशोभां परिवर्द्धयन्तो-
ऽजायन्त तेऽपूर्वधनाऽभितृप्ताः ॥३३६॥

मकवानी राजा हेमकर्णसेनको अपूर्व हात्तीसार देश र विदेशमा पनि प्रसिद्ध थियो । अरू राजाहरू त्यसैबाट अनेकौं उपहारको रूपमा हात्ती प्राप्त गर्थे । अपूर्वगुण र शोभा भएकी राजा हेमकर्णसेनकी नयाँ छोरी इन्द्रकुमारी माउतेहरूका माध्यमबाट घना जङ्गलमा रहेको त्यो हात्तीहरूको शोभालाई हेर्दै सुहाउँथिन् । "उचाइमा १४ हात परिमाण भएको यौटा हात्ती (हरेक वर्ष) कर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को रूपमा (दिन) योग्य छ।" यसप्रकार (मुगलवादशाहद्वारा भनिएका इन्द्रकुमारीका पिता (हेमकर्णसेन)ले (यसप्रकारको हात्ती दिन) नसक्दा (त्यसको सट्टामा) मुगलवादशाहलाई धन (सालिन्दा दश बाह्र हजार) दिन्थे। (त्यस्तै) उपत्यका-(कान्तिपुर, ललितपुर र भक्तपुर) का (मल्लवंशी) राजाहरू पनि पैसाले हेमकर्णसेनका हात्तीहरूको बथान किनेर आफ्नो सेनाको शोभा बढाउँदै अपूर्वधनी र सन्तुष्ट पनि हुन्थें ॥३३३-३३६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मकवानपुरराजस्य हेमकर्णसेनस्य युवराजपृथ्वीनारायणशाहस्य च देवघट्टे संयोगः

स देवघट्टाऽभिधतीर्थयात्री
सम्मान्यभूभृत्कुलकन्यकार्थी ।
श्रीगोरखाभूपसुतश्च दृष्टः
सेनेन कन्याजनकेन हृष्टः ॥३३७॥

तदीयचातुर्यचमत्कृतिञ्च
सुरूपशोभामतुलां समीक्ष्य ।
प्रभावितोऽभूत् स च सेनराजः
ख्यातिङ्गतोऽयं वनसम्पदा च ॥३३८॥

सुरूपशालीति दृशोर्गतोऽयं
शौर्यश्रियाऽपूर्वतया च भाति ।
अस्मै सुपुत्रीमिह दातुकामः
करोमि यत्नं सहसाऽऽप्तभक्तिः ॥३३९॥

ते राजवर्याः कतिचिद् धनाढ्याः
कन्यार्थिनो भान्ति च भारतीयाः ।
धनान्यसंख्यानि तदाऽप्तुकामा
भवेत् कथं मे सफला समीहा ॥३४०॥

ते पर्वतीया बहुसम्पदं तां
विहाय लावण्यमयीं सुताञ्च ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाञ्छन्ति नूनं गुणसम्पदाऽऽढ्या–
स्ते गोरखालीति सुकीर्तिभाजः ॥३४१॥

इति स्वचिन्ताकुलमानसोऽयं
प्रणम्य कृष्णां कलिकल्मषघ्नाम् ।
स्वराजधानीमभिगम्य विप्रान्
वराऽऽप्तये तान् विससर्ज दक्षान् ॥३४२॥

देवघाटको तीर्थयात्रा गरेका (बेलामा) माननीय राजकुलको कन्या चाहने र प्रसन्न राजा नरभूपालशाहका छोरा युवराज पृथ्वीनारायणशाहलाई इन्द्रकुमारीका पिता (राजा हेमकर्णसेन)ले देखे । वनसम्पदाका कारण ख्यातिप्राप्त भएका हेमकर्णसेन (देवघाटमा) युवराज पृथ्वीनारायणको चतुरताको चमत्कार र अपूर्वरूपको शोभा पनि देखेर (निकै) प्रभावित भए । "मेरा आँखामा परेको रूपशाली (युवराज पृथ्वीनारायणशाह) अपूर्व वीरताको शोभाले पनि चम्कन्छन् । (यसैले) यी पृथ्वीनारायणलाई आफ्नी छोरी दिन चाहने (म) यसैबखत तुरुन्त भक्तिभाव लिएर प्रयत्न गर्दछु । केही धनाढ्य भारतीयराजाहरू पनि कन्यार्थीको रूपमा सुहाउँछन्, (तर) तिनीहरू विवाहमा असंख्य धन प्राप्त गर्ने चाहना गर्छन् । (यस परिस्थितिमा) कसरी मेरो इच्छा सफल होला ? गुणरूपी सम्पत्तिले मात्र सम्पन्न, गोरखाली (वीर) भनिने असल कीर्ति प्राप्त गरेका ती पर्वतक्षेत्र (गोरखा) का राजाहरू निश्चय नै धेरै सम्पत्ति छोडेर मेरी सुन्दरी छोरीलाई नै चाहन्छन्" । यसप्रकार आफ्ना चिन्ताले मन आकुल भएका राजा हेमकर्णले कलिमलहरण गर्ने (त्यस देवघाटतीर्थकी) कालीगण्डकीलाई प्रणाम गरेर आफ्नो राजधानी (मकवानपुर गढी) पुगेर (कुरा गर्न) सिपालु ब्राह्मणहरूलाई पठाए ॥३३७-३४२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मकवानपुरराजकुमार्या इन्द्रकुमार्या गुणपरीक्षा

स भूमिपालः शुभकन्यकार्थी
चन्द्रप्रभा शीलधनार्थिनी च ।
माता सुरूपा वरजन्मदात्री
परे च ते राज्यहिताार्थिनश्च ॥३४३॥

विचार्य कन्यागुणरूपराशिं
निभाल्य निर्धारयितुं विवाहम् ।
अधीतशास्त्रं विदुषां समूहं
तं सेनराज्येऽवटयद् गुणाढचम् ॥३४४॥

ते गण्डकीतीरभवं समीरं
चेतोहरां पुष्पलतारुचञ्च ।
निरीक्ष्य लब्धातुलचित्तहर्षाः
प्रापुः पुरीं तामतुलप्रकर्षाः ॥३४५॥

विलोक्य कन्याऽतुलरूपराशि–
मवाप्य मानञ्च सुरोचितन्ते ।
आगत्य नत्वा नृपतिं तदोचुः
सर्वं यथार्थं न दधुर्भयन्ते ॥३४६॥

पवित्र कन्या चाहने राजा नरभूपालशाह, शीलको धन चाहने जेठी महारानी चन्द्रप्रभा, पृथ्वीनारायणलाई जन्माउने रूपवती आमा(कौशल्यावती) र अरू गोरखाराज्यको हित चाहने (भारदारहरू) समेतले (जम्मा भएर) विचार गरी कन्या (इन्द्रकुमारी) को गुण र रूपको थुप्रोलाई हेरेर विवाहनिश्चय गर्नका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लागि शास्त्र पढेको र गुणी विद्वत्समूहलाई सेनराज्य (मकवानपुर) तर्फ विभाजन गरी पठाए । गण्डकी (दरौंदी मर्स्याङ्दी आदि) हरूको तीरबाट बहेको (शीतल) हावा र मनोहारी फूल र लहराहरूको शोभा पनि हेरेर मनमा अपूर्व हर्ष प्राप्त गरेका र अपूर्व उत्कर्ष समेत भएका ती विद्वज्जनहरू त्यो मकवानपुर पुगे । ती (गोरखाली) विद्वज्जनहरू कन्या (इन्द्रकुमारी) को अपूर्व रूपको थुप्रो देखेर, देवताहरूको लागि उचित सम्मान पनि पाएर गोरखा आएर र राजा (नर भूपालशाह) लाई नमस्कार पनि गरेर त्यसबखत सबै कुरा जस्ताको तस्तै बताए (तर) उनीहरूले (साँचो बोलेकाले) डर लिएनन् ॥३४३-३४६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राज्ञो नरभूपालाद् मकवानपुरराजकुमार्य्याः पुत्रवधूत्वस्वीकृतिप्रदानम्

ते सेनभूपाः शुभशक्तिमन्तः
साहाय्यदानेन च राजनीतिम् ।
नेपालभोगैकफलां कृतार्थां
नूनं करिष्यन्ति निरस्तभीतिम् ॥३४७॥

तस्मादवश्यं परिपूरणीया
सा सेनभूपस्य शुभा वराशा ।
भवेत् तदीया तनया गुणाढ्या
सदाऽस्मदीया कुलवर्द्धिनी च ॥३४८॥

इति स्ववाञ्छानुगुणां विचार्य
विवाहकार्यस्य विनिश्चयेन ।
स सेनराजश्च कृतः कृतार्थः
श्रीगोरखाभूमिभुजा ससेनः ॥३४९॥

पवित्र शक्ति भएका प्रसिद्ध सेनवंशीराजाहरूले सहयोग दिएर मेरो नेपाल भोगको उद्देश्यभएको राजनीतिलाई भयहीन गरेर निश्चय सफल गर्नेछन् । त्यसैले सेनराज (हेमकर्णसेन) को पवित्र वरको आशालाई अवश्य नै मैले पूर्ण गर्नुपर्छ (किनकि) गुणशालिनी उनकी छोरी (इन्द्रकुमारी) सधैंका लागि कुलको वृद्धि गर्ने हाम्री (बुहारी) हुनेछिन् " । यसप्रकार (कन्यालाई) आफ्नो इच्छाको अनुकूल विचार गरेर र विवाहको निश्चय समेत गरेर गोरखाका राजा नरभूपालशाहले सैन्यशक्ति भएका सेनराजा हेमकर्णलाई कृतार्थ गराए ॥३४७-३४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युवराजपृथ्वीनारायणस्य शुभविवाहयात्रा

पृथ्वीनारायणोऽसौ विविधबुधगणैर्वीरवर्य्यैः सनाथो
नानोसेनामुखैस्तैः कतिपयसुभटैः शौर्यवद्भिः प्रयातः ।
रम्यां तैः सेनभूपैः स्वबलवलयितां भूषितां वन्यभासा
कन्याया जन्मभूमिं सपदि शुभहृदा प्राप्तवान् दीप्तगात्रः ॥३५०॥

चम्किलो शरीर भएका युवराज पृथ्वीनारायणशाह पनि विभिन्न विद्वान्हरू, सेनापति मुख्य भएका नानाथरि वीरहरू र शूरा केही सिपाहीहरूका साथ चलेर सेनराजाहरूले आफ्ना सेनाद्वारा घेरिएको, वनशोभाले सुहाएको र राम्री कन्याको जन्मस्थान (मकवानपुरगढी) मा पवित्र हृदयले तुरुन्त प्राप्त भए ॥३५०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युवराजपृथ्वीनारायणशाहस्य शुभविवाहवर्णनम्

चञ्चद्गात्रा ख्यातलावण्यसम्पत्
कन्या प्राप्ता दृक्पथं राजसूनोः ।
शोभायोगोऽवाप तत्रस्थितानां
हृन्मञ्जूषां दर्शकाणाञ्च यूनोः ॥३५१॥

आकृष्टास्ते दर्शका रूपवन्त–
स्तत्रोत्थाभिश्चन्द्रहारप्रभाभिः ।
दृष्ट्वाऽपूर्वं चैकदन्तं गजञ्च
राजन्यास्तेऽवापुराश्चर्यमन्तः॥३५२॥

नाऽदाद्राजा वादशाहाभिधेभ्यो
यं राजन्तं श्रद्धया याचितोऽपि ।
के तृप्ताः स्युर्हस्तिनं तं विलोक्य
कञ्चित् कालं स्थायिनो यात्रिणोऽपि ॥३५३॥

भूविख्याते भारते राजमानां
तां वैशालीं राजधानीं विहाय ।
नानाविद्वद्वृन्दवन्द्योऽत्र पूर्वं
हृद्यं राज्यं नान्यदेवश्चकार ॥३५४॥

राज्यस्याराद् भूतलेऽस्मिन् लसन्ति
प्रासादांशाः केऽपि सिम्रौननाम्नः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तं भूभागं शासतोऽपूर्वशक्तिं
दृष्ट्वा भग्नास्ते नवाफाऽभिधानाः ॥३५५॥

इत्थं प्रोक्तास्तत्र वीरैरपूर्वाः
पायं पायं वन्यशोभाऽऽसवञ्च ।
तत्रत्यानां चित्तवृत्तिञ्च सर्वां
मेधावन्तो गोरखेशा अजानन् ॥३५६॥

चम्किलो शरीर र सौन्दर्यसम्पत्ति प्रसिद्ध भएकी कन्या (इन्द्रकुमारी) राजकुमार (पृथ्वीनारायणशाह) का दृष्टिपथमा परिन् । ती दुबै युवा र युवतिका सौन्दर्यको संगमले पनि त्यहाँ रहेका दर्शकहरूको हृदयरूपी मदुस प्राप्त गऱ्यो । ती रूपवान् दर्शकहरू पनि त्यस विवाहमा उठेका (नौलाखीहार) का कान्तिद्वारा आकृष्ट भए । ती सारा क्षत्रियहरू पनि कहिल्यै न देखिएको एकदन्ते हात्तीलाई देखेर आफ्नो हृदयमा आश्चर्यधारण गर्न थाले । श्रद्धापूर्वक मागिएतापनि राजा (हेमकर्णसेन) ले जुन सुन्दर हात्ती मुगलवादशाहहरूलाई पनि दिएनन् त्यसप्रकारको हात्तीलाई देखेर केही समयमात्र स्थिर रहने कुन यात्री तृप्त बन्ला ? (उहिले) अनेकौं विद्वान्हरूद्वारा नमस्कार गर्न योग्य (कर्णाटकी राजा) नान्यदेवले विश्वविख्यात भारतमा रहेको वैशाली नामको राजधानी छाडेर यस (मकवानी) क्षेत्रमा सुन्दरराज्य गरेका थिए । त्यस सिम्रौनगढराज्यका दरबारका केही भागहरू यस क्षेत्रमा नजिकै सुहाउँछन् र त्यो भूभागलाई शासन गर्ने राजा (नान्यदेव) को अपूर्वशक्ति देखेर नबाफ भनिनेहरू पनि भागेका थिए । यसप्रकार मकवानी वीरहरूद्वारा भनिएका अपूर्वस्मरणशक्ति भएका गोरखाली राजाहरूले त्यहाँका मानिसहरूको चित्तवृत्ति जाने ॥३५१-३५६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नववध्वा इन्द्रकुमार्य्या गोरखाप्रासादप्रवेशप्रश्नः

पुत्रीं पश्यन् तत्र सम्पन्नकृत्य–
स्तुष्टिं धृत्वा हेमकर्णो जगाद ।
हे हे वीराः स्वल्पवर्षा सुतेयं
गत्वा कुर्यात् सा कथं गेहकार्यम् ? ॥३५७॥

यस्मिन् दृप्ता राजते वीरमाता
सा कौशल्या सा च चन्द्रप्रभेति ।
मातृक्रोडे क्रीडमाना सुपुत्री
त्यक्त्वा बन्धून् तत्कथं गेहमेति ॥३५८॥

यस्मिन् काले गेहकर्मक्षमा स्यात्
श्वश्रूवर्गं तत्र संसेव्य शश्वत् ।
काले तस्मिन् यास्यतीयं स्वगेह–
मित्युक्त्वाऽसौ दृष्टवान् वीरवर्गम् ॥३५९॥

त्यस विवाहयज्ञमा गर्नुपर्ने जति काम गरिसकेका राजा हेमकर्णसेनले सन्तोष धारण गरेर छोरीलाई हेर्दै भने (हे वीरहरू हो ! थोरै उमेरकी ती (सुखमारहेकी) मेरी छोरी (इन्द्रकुमारी) गएर कसरी घरको काम गरून् ? जुन घरमा मत्त वीरमाता प्रसिद्ध कौशल्या र प्रसिद्ध चन्द्रप्रभा पनि सुहाउँछिन्, (त्यस घरमा) आमाको काखमा खेलिरहेकी ती छोरी (इन्द्रकुमारी) आफ्ना दाजुभाइहरूलाई छाडेर कसरी जाऊन् ? जुन समयमा त्यस गोरखामा (गएर) र निरन्तर सासूहरूको सेवा (मात्र) गरेर घरको काममा सफल हुनेछिन्, त्यसबखतमात्र आफ्नो घरमा जानेछिन् भनेर राजा हेमकर्णसेनले गोरखाली वीरहरूलाई हेरे ॥३५७-३५९॥

जामाताऽसौ मातृवर्गस्य दोषं
श्रुत्वा खेदं प्राप्तवान् तत्र शीघ्रम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पत्नीतातं वक्रदृष्ट्या निरीक्ष्य
वीरैः साकं गोप्यवार्ताञ्चकार ॥३६०॥

तं राजानं भानुजोशीति धीरो
नीत्युक्तैस्तैर्बोधयामास तत्र ।
तस्मिन् गेहे नैव सा यास्यतीति
जातो नित्यं सेनराजः सगर्वः ॥३६१॥

त्यस विवाहयज्ञमा राजा हेमकर्णसेनका ज्वाईं (युवराज पृथ्वीनारायणशाह) आफ्ना आमाहरूको (नभएको) दोष सुनेर तुरुन्त खिन्न भए । (अनि) आफ्ना ससुरालाई बाङ्गा (इर्ष्यालु) आँखाले हेरेर (आफ्ना गोरखाली) वीरहरूका साथ गोप्य (नयाँ दुलही लैजाने वा नलैजाने सम्बन्धमा) वातचित गरे ॥३६०-३६१॥

तं चन्द्रहारं गजराजमेक–
दन्तञ्च मह्यं यदि दास्यसीति ।
नेष्यामि पत्नीं भवतः सुपुत्रीं
नो चेदहं गन्तुमनाः कथञ्चित् ॥३६२॥

इत्युक्तिप्रस्तावमसौ वरश्च
प्रबोधयन् स श्वसुराय तत्र ।
कुटुम्बिनीं नेतुमना न जातो-
ऽभीष्टञ्च दत्तं न च तेन सद्यः ॥३६३॥

(हे ससुरा !) यदि तपाईं दरबारमा रहेका प्रसिद्ध चन्द्रहार र एकदन्ते श्रेष्ठ हात्ती पनि मलाई दिनुहुनेछ भने मात्र म तपाईंकी छोरीलाई पत्नीको रूपमा (स्वीकार गरेर) लैजानेछु अन्यथा म कुनै प्रकारले जान चाहन्छु । यसप्रकार त्यस विवाहयज्ञमा वीरवर युवराज पृथ्वीनारायणशाहले ससुरालाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो वाचिक प्रस्तावको जानकारी दिदै आफ्नी धर्मपत्नीलाई (घर) लैजान इच्छुक भएनन् किनकि राजा हेमकर्णसेनले ज्वाइँले इच्छा गरेको (चन्द्रहार र एकदन्ते हात्ती) तुरुन्त दिएनन् पनि ॥३६२-३६३॥

दृप्तोऽस्ति सोऽयं श्वसुरोऽपि राज्य–
श्रियेति भावं हृदये दधानः ।
त्यक्त्वा स्वपत्नीमपि तत्र पृथ्वी–
नारायणोऽसौ सहसा जगाम ॥३६४॥

यास्यन्ति दृप्तिं यदि भूमिपालाः
प्रजामुदे स्वीकृतराज्यसाराः ।
वीरैश्च तेषां दमनं विधेयं
नो चेद् कथं हीनविपद् धरेयम् ॥३६५॥

ससुरा भएर पनि प्रसिद्ध राजा हेमकर्णसेन राज्यको ऐश्वर्यले मत्त छन् भन्ने आशय हृदयमा लिदै आफ्नी धर्मपत्नीलाई पनि त्यस विवाहयज्ञमा छोडेर युवराज पृथ्वीनारायणशाह तुरुन्त नै गोरखा गए । प्रजाको खुसीको लागि राज्यसत्ता स्वीकार गरेका राजाहरू यदि मत्त हुन्छन् भने (निश्चय नै) वीरहरूद्वारा तिनीहरूको दमन गरिनु पर्छ अन्यथा यी पृथिवी विपत्तिहीन कसरी होलिन् ॥३६४-३६५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युवराजपृथ्वीनारायणशाहस्य द्वितीयविवाहो नेपालविजयकामना च

निवेदितं तत् सकलञ्च तेन
चन्द्रप्रभायै नृपनन्दनेन ।
तदाऽनुसन्धातुमसौ सुकन्या-
मन्यां बुधेभ्यश्च समादिदेश ॥३६६॥

स भानुजोशीति बुधो गतोऽयं
कन्यार्थमानन्दवनीञ्च काशीम् ।
अवाप शास्त्राणि बहून्यधीत्य
यत्र प्रतिष्ठां जयमङ्गलाख्यः ॥३६७॥

त्यसबखत राजकुमार पृथ्वीनारायणशाहले त्यो सारा (घटना) आमा चन्द्रप्रभालाई निवेदन गरे र महारानी चन्द्रप्रभाले पनि अर्की असली कन्या खोज्नका लागि विद्वान्हरूलाई आदेश दिइन् । भानुजोशी (अर्ज्याल) नाम गरेका कुनै विद्वान् कन्याको लागि आनन्दवनको रूपमा प्रसिद्ध काशीनगरीमा गए । जहाँ जयमङ्गल नाम गरिएका (कुनै नेपाली विद्वान्) ले धेरै शास्त्रहरू पढेर प्रतिष्ठा प्राप्त गरेका थिए ॥३६६-३६७॥

अहिमानसिंह इति भूपवरः
स बभूव कश्चन सुताजनकः ।
स्वसुतामपूर्वगुणरूपयुतां
स च दातुमुत्सुक इवाजनि च ॥३६८॥

युवराजदारचयनं कृतवान्
स च भानुसंज्ञकबुधो मतिमान् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयमङ्गलेन च कृतोपकृति–
विबुधाः सहन्तु च कथं निकृतीः ॥३६९॥

(त्यहाँ काशीमा) अहिमानसिंह नाम गरेका कुनै राजा कन्याका पिता थिए र उनी अपूर्वगुण र रूप भएकी आफ्नी छोरी युवराज पृथ्वीनारायण शाहलाई) दिन इच्छुक झैं भए । (यसैले) जयमङ्गल (विद्वान्) द्वारा उपकार गरिएका बुद्धिमान् भानुजोशी भनिने विद्वान्ले पनि युवराज पृथ्वीनारायणशाहको धर्मपत्नीको चयन (निर्णय) गरे (किनकि) विद्वान्हरू कसरी (हेमकर्णसेनजस्ताका) अपमान सहन सक्छन् र ? ॥३६८-३६९॥

नरेन्द्रलक्ष्मीति सुताऽहिमान-
सिंहस्य तत्राऽधिगता बुधाभ्याम् ।
तयोश्च जातो विधिना विवाहो-
ऽनेकैर्बुधैस्तैर्भुवि गोरखायाम् ॥३७०॥

चन्द्रप्रभा सा मुमुदे निकामं
विलोक्य सौम्यां गृहकर्मदक्षाम् ।
वधूं बुधैः सन्निहितामनेक–
माणिक्यदीप्ताञ्च नरेन्द्रलक्ष्मीम् ॥३७१॥

वाङ्माधुरीयं तव धर्मपत्न्या
विराजते कोकिलकण्ठतुल्या ।
गुणावली भाति च पुत्र ! सेयं
वंशानुकूलाऽभिनवा च वध्वाः ॥३७२॥

जाताऽहमानन्दघनाऽऽत्मतुष्टा
सम्पूर्णकर्तव्यतयाऽधुना च ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुरूपशीलान्वितया स्ववध्वा
संरक्षणीयाऽखिल गोरखा च ॥३७३॥

वार्धक्यपीडाजनिताधिरस्ति
त्वदीयतातोऽनुदिनं कृशश्च ।
त्वमेव कुर्या नवगोरखायाः
सौभाग्यवृद्धिं जनरञ्जनीञ्च ॥३७४॥

वधूमिव त्वं धरणीञ्च पश्य
सदाऽनुरक्त्या परिपालनीयाम् ।
नेपालभोगे हि तवाऽचिरेण
संसाधनीये सति शक्तिभाक् स्याम् ॥३७५॥

एवञ्च चन्द्रप्रभया तदानीं
हर्षाश्रुधाराकुलकण्ठया सः ।
प्रबोधितः सौम्यतरोऽमृतांशु–
च्छटोपमामाश्रितया च वध्वा ॥३७६॥

अहिमानसिंहकी छोरी नरेन्द्रलक्ष्मी भानुजोशी र जयमङ्गलपण्डितका साथ गोरखामा (नै) प्राप्त भइन् । (अनि) अनेकौं विद्वान्हरूद्वारा गोरखामा नै ती दुबैको विवाह भयो । महारानी चन्द्रप्रभा विद्वान्हरूद्वारा उपस्थित गराइएकी, अनेकौं मणिमालाहरूले चम्केकी, सुन्दर र घरको काममा सिपालु बुहारी नरेन्द्रलक्ष्मीलाई देखेर अत्यन्त खुसी भइन् । "हे पुत्र ! तिम्री धर्मपत्नी (नरेन्द्रलक्ष्मी) को वचनको मिठास कोइलीको स्वरझैं सुहाउँछ । गोरखाली वंशको अनुकूल तिम्री दुलहीको नयाँ गुणहरूको राशि पनि सुहाउँछ । यस समयमा आफ्ना कर्तव्यहरू पूरा भएकाले म (चन्द्रप्रभा) आत्मसन्तोष र दृढ आनन्दले पूर्ण छु । (यसैले) रूप र शीलले पूर्ण भएकी आफ्नी दुलहीका साथ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(अब) तिमीले सम्पूर्ण गोरखाको रक्षा गर्नुपर्छ । तिम्रा पिता (राजा नर भूपालशाह) बूढो अवस्थाले गर्दा मानसिक व्यथा उत्पन्न भएर प्रतिदिन दुब्लाएका छन् । (त्यसैले) तिमी नै प्रजाहरूलाई आनन्द दिने नयाँ गोरखाको सौभाग्यवृद्धि गर । सधैं प्रेमले पालन गर्नुपर्ने पृथिवीलाई पनि तिमी पत्नी जस्तै देख तर म भने तिमीलाई चाँडै नै सिद्ध गर्नुपर्ने नेपाल (उपत्यका क्षेत्रको केन्द्रीयमल्लराज्य) भोग हुँदा मात्र शान्त हुनेछु" । यसरी हर्षका आँसुले घाँटी भिजेकी चन्द्रप्रभाद्वारा त्यसबखत चन्द्रकान्ति जस्ती (सुन्दर) आफ्नी दुलहीका साथ सुन्दर युवराज पृथ्वीनारायणशाह संझाइए ॥३७०-३७६॥

श्रद्धानयौ तौ भुवि गोरखाया–
मुपस्थितौ किं जनमङ्गलाय ।
इति स्वचित्तभ्रमभङ्गमाप्ता
जनाः सहर्षास्तदुपस्थितौ च ॥३७७॥

वृद्धेऽपि भूपे युवराजजन्यां
शौर्यश्रियं वीक्ष्य मुदाकुलास्ते ।
संप्राप्य पौरा इव रामराज्यं
सदाऽविभाज्यं मनुजा वयोऽन्ते ॥३७८॥

"यस गोरखाभूमिमा मनुष्यहरूको कल्याणको लागि श्रद्धा र न्याय (सँगसँगै) उपस्थित भए कि ? " यसप्रकार दुबैको उपस्थितिमा हर्षित भएका मानिसहरू पनि आफ्नो चित्तको भ्रमको तरङ्गमा डुबे । राजा नर भूपालशाह बूढा भए पनि आफ्नो अन्तिम उमेरमा सम्पूर्ण रामराज्यलाई प्राप्त गरेर अयोध्यावासी जस्तै ती उपस्थित गोरखावासीहरू पनि युवराज पृथ्वीनारायणशाहबाट उत्पन्न वीरताको शोभालाई देखेर खुसीले पूर्ण भए ॥३७७-३७८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गौरीति काचित्तनया बभूव
शीलान्विता कस्यचन द्विजस्य ।
राजाज्ञया कर्मकरस्य शश्वत्
प्रासादसम्बन्धनतां श्रितस्य ॥३७९॥

नरेन्द्रलक्ष्मीजनकेन साकं
नैकट्यमाप्तुञ्च नृपैस्तदानीम् ।
विवाहसम्पादनकार्यकारी
तस्थौ मुदा श्रीजयमङ्गलोऽयम् ॥३८०॥

सौभाग्ययोगादनयोश्च जातो
राजाज्ञया प्रीतिकरो विवाहः ।
वधूवरौ तत्र बभूवतुस्तौ
गुणश्रिया भूपकुलेन शस्तौ ॥३८१॥

चकार गौरीति नरेन्द्रलक्ष्म्यै
सा मन्त्रदानं विधिनोपयुक्तम् ।
अवाप विद्वान् जयमङ्गलश्च
देवीगुरुत्वं नृपवंशशस्तम् ॥३८२॥

(यस गोरखा दरबारमा) राजाको आज्ञा अनुसार काम गर्ने र निरन्तर दरबारसँग सम्बन्धित कुनै ब्राह्मणकी गौरी नाम गरेकी सुशील छोरी भइन् । त्यसबखत गोरखाली राजाहरूका साथ निकट सम्बन्ध राख्नका लागि विवाहको कार्यसम्पादन गर्ने जयमङ्गल पण्डित पनि (केही समय) अहिमानसिंहका साथ गोरखामा बसे । ती दुवै जनाका सौभाग्यका मिलनले गर्दा राजाका आज्ञा अनुसार ती दुवै(गौरी र जयमङ्गल) को प्रेमजनक विवाह सम्पन्न भयो । गुणको ऐश्वर्यले गर्दा गोरखा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दरबारमा ती दुबै दुलही र दुलहा राजकुलद्वारा नै प्रशंसा गरिए । ती (ब्राह्मणी) गौरीले नै श्री ५ नरेन्द्रलक्ष्मीलाई विधिपूर्वक उपयोगी (दीक्षा) मन्त्र दान गरिन् । (त्यसैले) विद्वान् जयमङ्गलले पनि राजकुलद्वारा प्रशंसा गरिएको "देवी गुरु" पद पाए ॥३७९-३८२॥

साहित्यवेदान्तपुराणधर्म–
शास्त्रादिनानाऽऽगमबोधदक्षः ।
चकार विद्वान् हृदयङ्गमं सः
तद्राजसूनोर्विमलं यशश्च ॥३८३॥

तदीयकीर्तिं कृतचन्द्रभीतिं
दिगन्तयात्राव्यसनीमनन्ताम् ।
चकार काव्यं मधुरं बुधः स
संश्रित्य लोकार्तिहरां प्रशस्ताम् ॥३८४॥

बभूव काव्यं भुवि वृत्तकल्प–
लताभिधानेन ततं तदानीम् ।
स राजपुत्रो मुमुदे च पायं
पायं सुधासुन्दरकाव्यवाणीम् ॥३८५॥

साहित्य, वेदान्त, पुराण र धर्मशास्त्र आदि नानाथरि शास्त्रहरूको ज्ञानमा कुशल विद्वान् (जयमङ्गल) ले राजपुत्र पृथ्वीनारायणशाहको (प्रसिद्ध) स्वच्छकीर्ति आफ्नो हृदयङ्गम गरे । ती विद्वान् जयमङ्गलले चन्द्रमालाई डर उत्पन्न गर्ने, दिशाहरूको छेउछाउसम्म पुग्ने वानी भएको, प्रजाहरूको पीडाहरण गर्ने, मङ्गलकारी अनन्त उनको कीर्तिको आश्रय लिएर मीठो काव्यरचना गरे । त्यसबखत त्यो काव्य "वृत्तकल्पलता"नामले यस पृथिवीमा व्यापक भयो र राजपुत्र (पृथ्वीनारायणशाह) पनि अमृत जस्तै सुन्दर (मीठो) काव्यको वाणी (रस) पिउँदै पिउँदै (अत्यन्त) खुसी भए ॥३८३-३८५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स सिद्धसान्निध्यमवाप्य काश्यां
स्थित्वा तदानीं समुपस्थितोऽयम् ।
व्यजिज्ञपद् शान्तहृदा भविष्य-
न्नेपालभोगं विजिगीषवेऽलम् ॥३८६॥

लोलार्ककुण्डाश्रयभाक् प्रसिद्धः
स कश्चनो भातितराञ्च सिद्धः ।
त्वद्राज्यकल्याणकरीमवश्य-
मुपायचिन्ताञ्च करिष्यते ताम् ॥३८७॥

इतीरितस्तत्र स भूपसूनु-
र्याष्यामि काशीमिति भावबद्धः ।
सम्भाव्यमानां निजराज्यवृद्धिं
विचिन्त्य धीरं विससर्ज तत्र ॥३८८॥

सिद्ध (अवस्थिसाधु) को सङ्गत गरेर काशीमा रहेर त्यबखत (विवाहको बेलामा) गोरखामा उपस्थित भएका यी जयमङ्गलले विजय चाहने (राजपुत्र पृथ्वीनारायणशाह) लाई सुन्दर नेपालभोग पनि (चाँडै नै) हुने बताए । " हे राजपुत्र) ! लोलार्ककुण्डको आश्रय गरेका कुनै प्रसिद्ध सिद्ध शोभित हुन्छन् र ती (सिद्ध) नै अवश्य तपाईंको राज्य (गोरखा) को कल्याण गर्ने त्यसप्रकारको उपायको चिन्ता गर्नेछन्" । यसप्रकार गोरखामा जयमङ्गल पण्डितद्वारा भनिएका राजपुत्र (पृथ्वीनारायणशाह) ले "काशी जानेछु" भन्ने भावना लिएर र सम्भावित आफ्नो राज्यविस्तार पनि सोचेर ती विद्वान् (जयमङ्गल) लाई त्यस काशीमा (जानका लागि) विदा गरे ॥३८६-३८८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राज्ञो नरभूपालशाहस्य विक्षिप्तावस्था

विहाय सिंहासनमासमन्ताद्
बभ्राम राजा तु वनेषु तत्र ।
नेपालवाञ्छाकुलचित्तवृत्तेः
स राज्यभोगोऽजनि भीतिदश्च ॥३८९॥

पन्तोपसंज्ञास्तु महेश्वराद्या
राजाऽस्तु पुत्रः सहसेति केचित् ।
ऊचुर्जहाँगीरमुखाश्च वीरा
राजा पिता स्यादिति केऽपि तद्वत् ॥३९०॥

दीप्तेऽसुखे तत्र विवादवन्हौ
चन्द्रप्रभाऽऽनीय धराधिनाथम् ।
राज्यव्यवस्थां सुखदाञ्चकार
विस्तार्य चातुर्यबलं तदानीम् ॥३९१॥

नैच्छत् सुतो जीवति पूज्यताते
तद्राज्यसिंहासनवैभवं सः ।
ते बुद्धिमन्तो भुवि सौख्यभाजो
भवन्ति पूज्येषु हि भक्तिभाजः ॥३९२॥

त्यसबखत राजा नरभूपालशाह भने राजसिंहासन नै छोडेर चारैतिर त्यँहाका जङ्गलहरूमा घुम्न थाले । नेपालभोगको चाहनाले चित्त व्याकुल भएका (ती राजा नरभूपालशाह)को आफ्नो (गोरखाको) राज्यभोग पनि डरलाग्दो भयो । महेश्वर पन्त आदि (काजीहरू) ले "तुरुन्त छोरा (

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पृथ्वीनारायणशाह) राजा हुनुपर्छ" भने भने जहाँगीरशाह मुख्य भएका केही, (चौतारा) वीरहरूले त्यसरी नै "बाबु नै राजा रहनुपर्छ" पनि भने। यसप्रकार त्यस गोरखामा दुःखदायी विवादको आगो बलेको हुँदा महारानी चन्द्रप्रभाले त्यसबखत (जङ्गलबाट) राजालाई ल्याएर र आफ्नो चतुरताको बल फिजाएर राज्यव्यवस्थालाई सुखदायी बनाइन्। ती बुद्धिमान् छोरा (युवराज पृथ्वीनारायणशाह) ले पनि पूज्यपिता बाँच्दा बाँच्दै राजसिंहासनको ऐश्वर्य चाहना गरेनन् किनकि आफ्ना पूज्यव्यक्तिहरूमा भक्तिभावना राख्ने बुद्धिमान् पुरुषहरूनै यस पृथ्वीमा सुखी हुन्छन् ॥३८९-३९२॥

विपक्षिणोऽगुश्च तदाऽऽनुकूल्यं
चन्द्रप्रभायाः सहसाऽसहन्तः।
केचित् प्रवासं कतिचित्तु मौनं
स्वश्रेयसे स्यान्न सतीविरोधः ॥३९३॥

तां राज्यरक्षाञ्च चकार पुत्रः
स यौवराज्यश्रियमास्थितश्च।
स्थिते समाजे ह्यधिकारयोगे
कुर्वन्ति विघ्ना विपदः किमत्र ? ॥३९४॥

त्यसबखत चन्द्रप्रभाको अनुकूलतालाई न सहने कोही विपक्षी (जहाँगीर आदि) परदेश लागे भने कोही चूप लागे (किनकि) पतिव्रताहरूसँगको विरोध (कसैको पनि) आफ्नो कल्याणको लागि हुँदैन। युवराजको शोभा प्राप्त गरेका राजपुत्र पृथ्वीनारायणशाहले वंशागत रक्षा गरे किनकि यस समाजमा (पारिवारिक) अधिकारको मेल भएमा विपत्तिहरूले पनि के विघ्न गर्छन् र ? ॥३९३-३९४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मातुर्विपत्तिः परितस्ततेयं
तातो मदीयोऽनुदिनं रुजाऽऽर्तः ।
विधाय सन्धिं प्रतिवेशिभिश्च
नेपालभोगाय मतिर्विधेया ॥३९५॥

विभात्यपूर्वा खलु शैलदुर्गैः
सोपत्यका मल्लनृपैः श्रितापि ।
विवाहयात्रां श्रयता मया या
पुनः पुनर्दृक्विषयीकृताऽस्ति ॥३९६॥

आपीडच दिग्बन्धनमेव पूर्वं
निपीडच मल्लञ्च जयप्रकाशम् ।
निरीक्ष्य मित्रं ललिताख्यपुर्या-
स्तं भक्तपुर्याः पतिमादरार्हम् ॥३९७॥

उपत्यकां तामहमाप्तुकामो
यत्नं करिष्यामि पुरो भवत्याः ।
साफल्यवत्त्वं हितमावहन्त्या
न किं मम स्याद् भवदीयमत्या ? ॥३९८॥

इति प्रकृष्टैः शुभवाक्यजातैः
सुधोपमैश्चित्तभुवं हरन् सः ।
स्वमातृवर्गस्य पुरःस्थितोऽभूत्
तदा शुभाशीर्जलसिक्त एषः ॥३९९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे आमा ! मेरा पिता (श्री ५ नरभूपालशाह) प्रतिदिन रोगले व्याकुल भएका छन् र चारैतिर विपत्ति व्याप्त छ । (त्यसैलै) छिमेकी (लमजुङ, तनहुँ प्रभृति) सँग सन्धि गरेरमात्र नेपाल (उपत्यकाक्षेत्र) को भोगका लागि बुद्धि गर्नुपर्छ । मल्ल (जयप्रकाशआदि) राजाहरूद्वारा आश्रित भएतापनि केन्द्रीय राज्यको रूपमा प्रसिद्ध त्यो उपत्यकाक्षेत्र (नेपाल) निश्चयनै अपूर्वरूपमा सुहाउँछ, जो कि विवाहको यात्रा गर्दा (मकवानपुरबाट फर्कदा) मैले बारम्बार आफ्नै आँखाले देखेको छु । सबैभन्दा पहिले ललितपुर र भक्तपुरका राजालाई आदरयोग्य मित्रको रूपमा देखेर र मकवानी राजा दिग्बन्धनसेनलाई र कान्तिपुरका राजा जयप्रकाशमल्ललाई दबाएर तपाईंको अगाडि नै म महत्वपूर्ण त्यो उपत्यका (नेपाल) पाउन प्रयत्न गर्नेछु किनकि हित चाहने तपाईंको बुद्धि अनुसार चल्दा मेरो कुन सफलता प्राप्त न होला ? यसप्रकार अमृततुल्य र उत्कर्षशाली पवित्रवाक्यहरूले आफ्नी आमाहरूको हृदयक्षेत्रलाई हरण गर्दै उपस्थित भएका युवराज पृथ्वीनारायणशाह त्यसबखत (आमाहरूका) आशीर्वादको वर्षाले सिञ्चित भए ॥३९५-३९९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युवराजपृथ्वीनारायणशाहस्य भक्तपुरयात्रोष्णीषविनिमयश्च

विनिमयमुष्णीषस्य विधाय
नरपतिभद्रं स्यात् किमु शीघ्रम् ?
इति मतिमास्थायैव तदा स
झटिति ययौ तद् भक्तपुरञ्च ॥४००॥

नृपरणजित् तं मानधनैस्तै-
र्निरतिशयैः स्वैरात्मसभायाम् ।
विनिमयमुष्णीषस्य चकार
प्रणयसरण्या तत्र सहारः ॥४०१॥

स च नरपालः कान्तिपुरस्य
तदुभयमित्रत्वञ्च निरीक्ष्य ।
विनिमयमुष्णीषस्य विधातुं
झटिति ययौ श्रीभक्तपुरीं ताम् ॥४०२॥

स च युवराजस्तत्र विधाय
स्थितिमतिरम्यां कूटनयञ्च ।
सकलरहस्यं निजहृदि चक्रे-
ऽखिलनृपतीनां सदसि तदात्वे ॥४०३॥

चपलहृदस्ते मल्लनृपाला
निकटनृपाणां वञ्चनशीलाः ।
न खलु बभूवुर्धीरहृदस्ते
तदनु जगाम प्रीतिकरोऽन्ते ॥४०४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लमजुङराजः प्रीतिकरः कि–
मिति कुटिलत्वं कान्तिपुरीशः ।
मनसि दधानोऽशान्त इवाभूत्
स च मतिहीनत्वञ्च दधौ यत् ॥४०५॥

त्यसबखत युवराज पृथ्वीनारायणशाह)राजाराजाको) पगरी साटेर राजा नरभूपालशाहको तुरुन्त कल्याण हुन्छकि भन्ने बुद्धि लिएर तुरुन्त प्रसिद्ध भक्तपुर नगरी पुगे। त्यस समय त्यस भक्तपुर राज्यमा युवराजपृथ्वीनारायणशाहले (केही समय) राम्रो वास गरेर सभामा नै सम्पूर्ण राजाहरूको कूटनीति र सम्पूर्ण रहस्य पनि आफ्नो हृदयङ्गम गरे। चञ्चल चित्त भएका र छिमेकी राजाहरूलाई ठग्न सिपालु ती मल्लराजाहरू धैर्यधारी भएनन् । (त्यसपछि) युवराज पृथ्वीनारायणशाह विदाइका समयमा प्रेम गरेर (गोरखा) गए । (त्यसपछि) कान्तिपुरका राजा) जयप्रकाशमल्लले आफ्ना मनमा "लमजुङका राजा (वीर मर्दनशाह) गोरखालाई प्रेम गर्छन् कि " भन्ने कुटिल बुद्धि लिएर अशान्त जस्ता भए किनकि उनले बुद्धि भ्रष्ट गरे ॥४००-४०५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राज्ञो नरभूपालशाहस्य स्वर्गारोहणं
युवराजपृथ्वीनारायणस्य राज्यारोहणञ्च

स बुङ्गकोटाऽभिधघट्टभूमिं
समाश्रितो बन्धुगणैः परीतः ।
आवेद्य वाञ्छां निजचित्तभूमौ
सदा निगूढां हरिबद्धचित्तः ॥४०६॥

ययौ तदानीममरावतीं तां
राजन्यपूज्यामपि गोरखेशः ।
स्वतातसिंहासनमारुरोह
लोकानुरक्तो विधिना सुतश्च ॥४०७॥

नृपं तदा नाऽनुजगाम राज्ञी
चन्द्रप्रभा राष्ट्रहितं विचिन्त्य ।
सा राजमाताऽपि तथैव तस्थौ
महद्धनं राष्ट्रहितं हि भूमौ ॥४०८॥

नरेन्द्रलक्ष्मीरिति साऽसहाया
मद्गेहकार्यञ्च कथं करोतु ?
इति स्वचित्तञ्च नियम्य शीघ्रं
चन्द्रप्रभा नाऽनुजगाम भूपम् ॥४०९॥

समाजसेवा महतीति लोकैः
कृतानुरोधा भुवि लब्धमाना ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूपञ्च या नानुजगाम पूर्वं
वीराङ्गनोत्थञ्च यशो दधाना ॥४१०॥

न भोगलोभेन न लोकजन्य–
यशोधनाशाप्रणयेन तेन ।
धृत्वाऽतुलं लोकहितव्रतं सा
तदोपवासादिबलं दधौ च ॥४११॥

बुङ्कोट भनिने घाटको आश्रय लिएका, दाजुभाइहरूले घेरिएका गोरखाका राजा नरभूपालशाह आफ्नो चित्तमा सधैं छिपेको (नेपालविजयरूप) इच्छा प्रकट गरेर त्यसबखत वीरक्षत्रियहरूले प्राप्त गर्न योग्य (देवताहरूको नगर) अमरावती प्राप्त गरे । (त्यसपछि) प्रजाहरूमा प्रेम राख्ने छोरा (पृथ्वीनारायणशाह) आफ्ना पिताको राजसिंहासनमा चढे । त्यसबखत जेठी महारानी चन्द्रप्रभावती राष्ट्रको हित सोचेर दिवङ्गत राजा (नरभूपालशाह) को पछि लागिनन् । राजा पृथ्वीनारायणशाहकी आमा (कौशल्यावतीदेवी) पनि त्यसरी नै (सती नगई) रहिन् किनकि यस पृथ्वीमा राष्ट्रको हित नै (सबैभन्दा) ठूलो धन मानिन्छ । "असहाय (नयाँ दुलही) नरेन्द्रलक्ष्मी कसरी मेरो घरको काम गरून् ? "भन्ने विचार गरेर जेठी महारानी चन्द्रप्रभावतीले तुरुन्त आफ्नो हृदय रोकेर राजाको पछि लागिनन् । भोगहरूको लोभले होइन र लोकबाट उत्पन्न कीर्तिको धनको आशामा प्रेम राखेर पनि होइन (परन्तु अपूर्वलोककल्याणको व्रतधारण गरेर जेठी महारानी चन्द्रप्रभाले उपवास (फलाहार आदि) को शक्तिपनि प्राप्त गरिन् ॥४०६-४११॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नूतनभूपाय पृथ्वीनारायणशाहाय वीराङ्गनायाश्चन्द्रप्रभाया नैतिकशिक्षा

श्रीद्रव्यशाहप्रमुखैर्नृपालै–
रलङ्कृतं पूज्यतमं श्रयन्तौ ।
सिंहासनं लोकहितं जगाद
चन्द्रप्रभा वीक्ष्य वधूवरौ तौ ॥४१२॥

हे पुत्र ! सिंहासनमद्वितीयं
सौभाग्यशक्त्या भुवि लभ्यते तत् ।
अवाप्य यस्याऽऽश्रयमादरार्हं
ध्येया सदा लोकहिताय सम्पद् ॥४१३॥

मित्राणि कानीति च शत्रवश्च
के के स्वराज्यप्रतिघातकाश्च ।
संश्रित्य योग्यां व्यवहारनीतिं
ध्येयं सदा राज्यसुरक्षणञ्च ॥४१४॥

स्वराज्यरक्षानिपुणा जनास्ते
धीराश्च वीराश्च सदा नियोज्याः ।
स्मृत्या च वंशानुगरीतिवर्त्म
विचार्य कर्तव्यविधिर्विधेयः ॥४१५॥

प्रज्ञावतां सा विदुषां नियुक्तिः ?
शङ्कापहा स्यादिति मे विचारः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तस्मात् स्वराज्ये महताऽऽदरेण
संरक्षणीयाः सुधियोऽविभाज्याः ॥४१६॥

श्रीद्रव्यशाह आदि मुख्य भएका राजाहरूद्वारा अलङ्कृत गरिएको र लोकहित गर्ने राजसिंहासनमा चढेका ती दुबै राजा-रानीलाई देखेर चन्द्रप्रभाले भनिन्– हे बाबु ! (आफ्नो) सौभाग्यको शक्तिद्वारा मात्र यस पृथिवीमा अपूर्व राजसिंहासन प्राप्त गर्न सकिन्छ, जसको आदरयोग्य आश्रय प्राप्त गरेर (राजाले) लोकहितका लागि नै सम्पत्तिको ख्याल गर्नुपर्छ। मित्रहरू को को छन् र शत्रुहरू को को छन् भन्ने योग्य व्यवहारनीतिको आश्रय लिएर नै सधैं राज्यसुरक्षाको ख्याल गर्नुपर्छ। आफ्नो राज्यको रक्षा गर्न कुशल धीर र वीर पुरुषहरू नै सधैं नियुक्त गर्नुपर्छ र धर्मशास्त्र र वंशपरम्पराको बाटो अपनाएर आफ्ना राजकर्तव्यका विधिहरू पूरा गर्नुपर्छ । कुलपरम्पराबाट आएका विद्वान्हरूको नियुक्ति नै राज्यका शङ्का हटाउन समर्थ हुनेछन् भन्ने मेरो विचार छ। त्यसैले आफ्नो राज्य (गोरखा) मा ठूलो आदरका साथ एक ढिको भएका बुद्धिमान्हरूको संरक्षण गर्नुपर्छ ॥४१२-४१६॥

मतं गृहीत्वा निखिलप्रजानां
कर्तव्यनिर्धारणमत्र साध्यम् ।
धर्म्याणि कर्माणि यथाविधानं
विधाय दानञ्च बुधेषु देयम् ॥४१७॥

भक्तिर्हरौ स्याद् विभवेषु न स्या-
द्रक्षां प्रजानां सततं विदध्यात् ।
स एव राजेति बुधा वदन्ति
प्रजाहिता भूपतयो हि भान्ति ॥४१८॥

यस गोरखाराज्यमा सम्पूर्ण प्रजाहरूको मत (राय) लिएर मात्र (राजाले) आफ्नो कर्तव्यनिर्धारण गर्नुपर्छ र विधिपूर्वक धार्मिक कार्यहरू सम्पन्न गरेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्वान्हरूमा दान गर्नुपर्छ । भक्ति विष्णुमा होस् नकि सम्पत्तिहरूमा । जो निरन्तर प्रजाहरूको रक्षा गर्छ, ऊ मात्र राजा हुन्छ भनेर विद्वान्हरू भन्छन् । त्यसैले प्रजाको हित गर्ने राजाहरूमात्र शोभा प्राप्त गर्छन् ॥४१७-४१८॥

पिता तवासीन्मतिवान् विनम्रः
परन्तु पाण्डित्यबला बुधास्ते ।
राज्यं हि धर्मेण विवर्धनीयं
न राजनीत्येति वदन्ति चैते ॥४१९॥

त्यक्त्वा स्वबुद्धिं हचतुलां तदानीं
शुभाञ्च वंशानुगकूटनीतिम् ।
तामात्मयोग्यां पुरुषार्थशक्तिं
स गोरखेशश्चिखिदेऽतिबेलम् ॥४२०॥

संश्रित्य तां शत्रुषु कूटनीतिं
प्रजासु कारुण्यमयीं प्रवृत्तिम् ।
त्वत्तातसम्प्रार्थितराज्यवृद्धिं
स्वबाहुयुग्मेन शुभां कुरु त्वम् ॥४२१॥

प्रसूस्त्वदीया नितरां सुशीला
गोरक्षनाथस्य कृपाश्रयास्ति ।
तस्माद् तदीयेन कृपाब्धिना त्वं
नेपालभोगञ्च करिष्यसीति ॥४२२॥

तिम्रा पिता (राजा) नरभूपालशाह नम्र र विद्वान् पनि थिए तर पाण्डित्यको बल भएका विद्वान् (गुरु) गोकुलविलास आदि) हरूले "धर्म (पुरश्चरण आदि) ले मात्र राज्य बढाउनु पर्छ न कि राजनीतिद्वारा" भन्ने उपदेश दिए । (त्यसैले)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसबखत राजा (नरभूपालशाह) आफ्नो अपूर्ववुद्धि, वंशको अनुकूल पवित्र कूटनीति र आफ्नो लायक पुरुषार्थशक्ति समेत त्याग गरेर निरन्तर खिन्न भए। (यसैले) तिमी शत्रुहरूमा राज्यानुकूल कूटनीति र प्रजाहरूमा दयालु प्रवृत्तिको आश्रय लिएर आफ्नै दुइटा हातहरूले आफ्ना पिताले चाहेको पवित्र राज्यविस्तार गर। तिम्री आमा कौशल्यावती अत्यन्त सुशील भएकाले गुरु गोरखनाथको कृपापात्र छन्। त्यसैले ती गोरखनाथको कृपासागरद्वारा नै तिमी नेपालको भोग गर्नेछौ ॥४१९-४२२॥

आसक्तिहीनोऽसि सदा च शूर-
स्त्वमत्र नीत्या समलङ्कृतोऽसि।
विपश्चितामाशयमेव धृत्वा
स्वराज्यकर्माऽऽचरितुं क्षमोऽसि ॥४२३॥

तद् यौवन्नोत्पन्नमिदं तमस्तु
दीपप्रभाभिश्च कदाऽपनेयम्?
लक्ष्मीमदोऽयं परिणामशान्तो
नास्तीति हे पुत्र सदाऽवधेयम् ॥४२४॥

ऐश्वर्यजन्या तिमिरान्धतेयं
सदाऽचिकित्स्येति बुधैर्निरुक्ता।
दाहज्वरोष्मापि स दर्पजन्यो
न शान्तिमेतीति सदाऽपनेयः ॥४२५॥

प्रक्षाल्यते किं सलिलेन वत्स!
स शक्तिमान् रागमलावलेपः।
न मन्त्रशम्यो विषयाख्यसर्पै-
रुत्पादितः स्वादभवश्च मोहः ॥४२६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाऽपैति तीव्रा सुखसन्निपात-
निद्रेति भूपैर्हि विचारणीयम् ।
न वञ्च्यसे धूर्तजनैर्यथा त्वं
तथैव सौम्याचरणं विधेयम् ॥४२७॥

(हे पुत्र !) यस राज्यमा तिमी सधैं आसक्तिहीन छौ र शूरा पनि छौ । (साथै) तिमी नीतिले अलङ्कृत छौ र विद्वान्हरूको आशयमात्र धारण गरेर आफ्नो राज्यसंचालन गर्न समर्थ पनि छौ तर पनि यौवनबाट उत्पन्न अज्ञानरूपी अन्धकार बत्तीको प्रकाशले पनि कहिले हटाउन सकिन्छ र ? हे छोरा ! यो राजलक्ष्मीबाट उत्पन्न मद अन्तिममा पनि शान्त हुँदैन । (यसैले) सधैं (त्यसदेखि) सावधान हुनुपर्छ । ऐश्वर्यबाट उत्पन्न अन्धकारको अन्धोपन उपचार पनि नगरिने हुन्छ भनेर विद्वान्हरूद्वारा बताइएको छ । घमण्डबाट उत्पन्न ज्वलनको ज्वरोको तापमान पनि (कहिल्यै) शान्त बन्दैन । (त्यसैले) त्यो हटाउनु पर्छ । हे बाबू ! बलियो आसक्तिको हिलो के पानीले पखालिन्छ र ? विषयरूपी सर्पहरूद्वारा उत्पन्न कडा निद्रापनि (कहिल्यै) हट्दैन । (त्यसैले) राजाहरूले विचार पुऱ्याउनु पर्छ । जसरी धूर्तहरूद्वारा ठगिदैनौं त्यसरी नै सुन्दर आचरण गर्नुपर्छ ॥४२३-४२७॥

यथा यथा साधुजनैर्बुधैस्तै-
र्मित्रैरनेकैर्न च शोच्यसे त्वम् ।
तथा तथा वत्स ! नयाभिधेन
दीपेन दीप्तः कुरु राजकार्यम् ॥४२८॥

राज्याभिषेकं समवाप्य पूर्वे-
र्धुरन्धरैर्भूपवरैर्निरूढम् ।
भवेत् सदा दिग्विजयस्त्वदीयो
नेपालभोगाय कृतोऽहचबाधम् ॥४२९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति स्वमात्राऽभिहितश्च राजा
युवापि ज्ञाताखिलनीतिसारः ।
नयेन लोकोत्तरतां गतेन
तदानुकूल्यं हि सदा चचार ॥४३०॥

हे बाबु ! जसरी तिमी हितैषी सज्जन, विद्वान् र अनेकौं मित्रहरूद्वारा सोचिदैनौ, त्यसरी नै नीतिनामको बत्तीले प्रकाशित भएर राज्य गर । पुराना धुरन्धर राजाहरूद्वारा वहन गरिएको राज्याभिषेक प्राप्त गरेर नेपालभोगको लागि सुरु गरिएको तिम्रो दिग्विजय सधैं निर्विघ्न होस् । यसप्रकार आफ्नी (जेठी) आमाद्वारा (चन्द्रप्रभाद्वारा) भनिएका र सम्पूर्ण नीतिको सार बुझेका युवा राजा पृथ्वीनारायणशाह सधैं लोकोत्तर नीति (मार्ग) द्वारा आमा (चन्द्रप्रभा) ले बताए अनुसारको अनुकूलतामा पुगे ॥४२८-४३०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राज्ञे पृथ्वीनारायणशाहाय चन्द्रप्रभायाः काशीयात्रानिर्देशः

नेपालभोगाय तदानुकूलां
परिस्थितिं साधयितुं प्रवृत्तः ।
बभूव वीरैः सकलैर्बुधैस्तै-
र्विचार्य नाय्ये पथि दत्तचित्तः ॥४३१॥

तैस्तैश्चतुर्विंशकभूपवर्यै-
र्द्वाविंशकैर्वा कृतसन्धिबन्धः ।
इयेष गन्तुं जयमङ्गलोक्तां
काशीपुरीं तां विहितप्रबन्धः ॥४३२॥

सम्पूर्ण वीर र विद्वान्हरूका साथ विचार गेर न्यायमार्गमा चित्त लगाएका राजा पृथ्वीनारायणशाह त्यसबखत नेपालभोगको लागि अनुकूल परिस्थिति सिद्ध गर्नका लागि तत्पर भए । ती ती (एकआपसमा लड्न खोज्ने) चौबीसी र बाइसी राजाहरूसँग सन्धि बाँधेर र (अरू आवश्यक) व्यवस्था मिलाएर राजा पृथ्वीनारायणशाह जयमङ्गलले बताएको (प्रसिद्ध राजनैतिकक्षेत्र) काशीनगरी जान चाहे ॥४३१-४३२॥

नेपालभूमेर्विजयाय वत्स !
शस्त्रास्त्रजातानि हितावहानि ।
अन्वेष्टुमानन्दवनीञ्च काशीं
त्वं गच्छ राज्यश्रियमावहामि ॥४३३॥

लोलार्ककुण्डे श्रितवक्रतुण्डे
सोऽवस्थिसाधुर्वसतीति जाने ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तदाशिषा निश्चयमेव सिद्धिं
त्वं लप्स्यसेऽस्मिन् विजयप्रयाणे ॥४३४॥

इतीरितो वीरवरो जनन्या
स्वराज्यविस्तारसमुत्सुकोऽयम् ।
ज्ञातुं तदानीन्तनभूमिभाजां
मनोदशां तां समवाप्य काशीम् ॥४३५॥

वीराननेकान् स समादिदेश
प्रेम्णास्त्रशस्त्रैः सहितान् तदैव ।
वित्तव्यवस्थापनकार्यदक्षान्
मान्यानसंख्यान् विनयान्वितश्च ॥४३६॥

"हे बावु ! नेपाल (उपत्यका) क्षेत्र जित्नका लागि हितकारी शस्त्र र अस्त्रहरूको खोज गर्न तिमी प्रसिद्ध आनन्दवन काशी जाऊ । म यो राज्यलक्ष्मी वहन गर्छु । गणेशले आश्रय गरिएको लोलार्ककुण्डमा प्रसिद्ध अवस्थिसाधु रहन्छन् भन्ने कुरा म जान्दछु । अवस्थिसाधुको आशीर्वादद्वारा यो नेपालविजयको यात्रामा तिमी निश्चय नै सिद्धि प्राप्त गर्नेछौ । यसप्रकार आमा(चन्द्रप्रभा) द्वारा भनिएका र आफ्नो राज्य (गोरखा) को विस्तार गर्न चाहने नम्र राजा पृथ्वीनारायणशाहले त्यस समयमा काशी पुगेर तत्कालीन राजा (बाइसी र चौबिसी आदि) हरूको मानसिक अवस्था जान्नको लागि शस्त्र र अस्त्रहरूले सुसज्जित अनेकौं वीरहरू र आर्थिकव्यवस्थापनकार्यमा सिपालु असंख्य मान्यजनहरूलाई पनि प्रेमपूर्वक आज्ञा दिए ॥४३३-४३६॥

स कालुपाण्डेय इति प्रसिद्धो
भ्राता महोद्दाम इतीरितश्च ।
ते भ्रातरोऽन्ये दलमर्दनाद्या
निर्देशिता राज्यसुरक्षणाय ॥४३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तदा कुलानन्द इतीरितश्च
चकार यात्राशकुनव्यवस्थाम् ।
जोशीति भानुश्च चतुर्भुजश्च
स रामकृष्णो धनसंग्रहं तम् ॥४३८॥

नृपानुकूलाऽखिलवेषभूषा
गोरक्षभूसंस्कृतिरक्षणाय ।
तैः सूचिकारैर्विहितास्तदानीं
स्व शौर्यराशेरभिबोधनाय ॥४३९॥

तत्पादरक्षाकुशलाश्च वीरा
नानाऽभिधास्ते गमनप्रवृत्ताः ।
शाहोत्तरा विष्णु-तुलाप्रताप–
चन्द्रप्रकाशप्रमुखाः प्रसिद्धाः ॥४४०॥

जोशीति भानुश्च महेश्वरश्च
विद्वान् कुलानन्द इतीरितश्च ।
सर्वे तदाऽग्रेसरतां प्रयाताः
स्वकीयमेधाबलदीपिताशाः ॥४४१॥

प्रसिद्ध (कूटनीतिज्ञ) कालु पाण्डे, भाइ महोद्दामकीर्तिशाह र अरू भाइ दलमर्दनशाह आदि पनि राज्यरक्षाको लागि अह्राइए । त्यसबखत कुलानन्द ढकाल भनिने (ज्योतिषी) ले यात्राको शुभ साइतको व्यवस्था गरे भने भानु जोशी, चतुर्भुज पन्त र रामकृष्ण जोशी (आदि) ले त्यो (यात्राको लागि चाहिने) जति धन संकलन गरे । त्यसबखत गोरखाली संस्कृतिको रक्षा गर्न र (गोरखाली) शूरताको थुप्रो व्यक्त गर्न सूचीकार (दमाईं) हरूद्वारा राजाको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निमित्त अनुकूल सम्पूर्ण वेषभूषा पनि तयार गरियो। विष्णुशाह, तुलाप्रतापशाह, चन्द्रप्रकाशशाह आदि मुख्य भएका अनेकौं नाम हुने राजाको पाउरखबारी गर्न कुशल प्रसिद्ध वीरहरू पनि यात्राका लागि तयार भए। आफ्नो प्रतिभाको बलले दिशा उज्यालो पार्ने भानु जोशी, महेश्वर जोशी, विद्वान् कुलानन्द ढकाल (आदि) सबै (विद्वान्हरू) त्यसबखत (यात्राका लागि) अग्रसर भए ॥४३७-४४१॥

चन्द्रप्रभा संमुखसंस्थितं तं
प्रवासयात्राश्रममाश्रयन्तम् ।
उवाच कारुण्यभराऽऽकुलेन
हृदा तदाऽलङ्कृतवीरवृन्दम् ॥४४२॥

त्वं पुत्र ! नित्यं भव सावधानः
स्वकीयचातुर्यबलं दधानः ।
अटन्ति चौराः समभूतले ते
क्रोधेन भद्रञ्च भवेत् कथन्ते ? ॥४४३॥

वासव्यवस्थां समये हि कुर्याः
पथ्यं पदार्थं स्वहितं त्वमद्याः ।
रक्षां स्वकीयाञ्च विधाय पुण्यं
दानव्रतैस्त्वं कुरु दोषहीनम् ॥४४४॥

यात्राऽस्तु निर्विघ्नतया त्वदीया–
ऽद्वितीयभद्राय सदा मदीहा ।
वाञ्छामि कार्यं निखिलं समाप्य
गृहागतं द्रष्टुमहं मुदैव ॥४४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इतीरितो बाल इव स्वमात्रा
ऽनुरागचाञ्चल्यवशाऽऽकुलाक्ष्या ।
चकार यात्रां विधिवत् प्रपूज्य
स गोरखेशः कुलदेवतास्ताः ॥४४६॥

आफ्नो अगाडि उपस्थित भएका, प्रवासको यात्राका लागि परिश्रम उठाएका र वीरहरूको जमातले सुहाएका (राजा पृथ्वीनारायणशाह) लाई त्यसबखत (जेठी आमा) चन्द्रप्रभाले करुणाले भरिएको हृदयका साथ भनिन्– "हे छोरा ! तिमी आफ्नो चतुरताको बल लिएर (निरन्तर) सावधान होऊ (किनकि) मधेसतिर कुख्यात चोरहरू पनि घुम्छन् र (उनीहरूसँग गरिएका) क्रोधले तिम्रो कुनै भलो हुनेछैन । (यात्रामा) बेलैमा वासको बन्दोबस्त गर्नू र आफूलाई फाइदा गर्ने पथ्य खाना खानू । (तीर्थमा पनि) आफ्नो रक्षा गरेर मात्र दान र व्रतहरूद्वारा निर्दोष (त्रुटिहीन) पुण्य कमाउनू । तिम्रो यात्रा निर्विघ्न होस् र अपूर्वकल्याणका लागि मेरो कामना छ । (यसरी) म तिमीलाई सम्पूर्ण काम सकेर खुसीका साथ नै घरमा आएको देख्न चाहन्छु" । यसप्रकार प्रेमको चञ्चलताको अधीन र आँखा व्याकूल भएकी चन्द्रप्रभाले बालकझैं भनिएका गोरखाली राजा पृथ्वीनारायणशाह वंशपरम्परागत कुलदेवताहरूलाई विधिपूर्वक पूजा गरेर यात्रा सुरु गरे ॥४४२-४४६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राज्ञः पृथ्वीनारायणशाहस्य तीर्थयात्रा

आदिप्रयागाभिधतीर्थराजं
कृष्णातरङ्गाऽऽकलिताऽवतंसम् ।
अवाप राजाऽखिलवीरवृन्दैः
स्वतेजसाऽलङ्कृतसूर्यविम्बैः ॥४४७॥

गङ्गातरङ्गावलिभक्तिभाजां
पादारविन्दैरपि भूमिभाजाम् ।
रराज कृष्णा नितरां सनाथा
पूर्वञ्च नारायणदेहभासा ॥४४८॥

मार्गेण कृष्णातटभूभवेन
ते वन्यशोभाहृतलोचनेन ।
शैलं महाभारतनामधन्य-
मवापुरानन्दितवीरवृन्दम् ॥४४९॥

समाश्रयन्तोऽखिलपापहन्त्रीं
तां गण्डकीमेव तरङ्गतन्त्रीम् ।
बभूवुरानन्दितचेतसस्ते
भागीरथीतीरधराजुषोऽन्ते ॥४५०॥

प्रणम्य गङ्गां शुभगण्डकीं स
तदम्भसाऽऽसाधितनित्यकृत्यः ।
तत्सङ्गमेऽभ्यर्च्य मुमोद शम्भुं
हरिस्वरूपेण विराजमानम् ॥४५१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजा पृथ्वीनारायणशाह आफ्नो तेजले सूर्यमण्डललाई अलङ्कृत गर्ने सम्पूर्ण वीरहरूका समूहहरूका साथ कालीगण्डकीका तरङ्गहरूले सिंगारिएको आदिप्रयाग नाम गरेको तीर्थराज (देवघाट) मा पुगे । (सबैभन्दा) पहिले नारायणको शरीरको कान्तिद्वारा अलङ्कृत भएकी ती कालीगण्डकी (ऐले) गङ्गाका तरङ्गहरूमा भक्तिभावना राख्ने राजाहरूका चरणकमलहरूद्वारा पनि अत्यन्त सुहाइन् । ती (तीर्थयात्रीहरू) वनको शोभाले आँखा हरण गर्ने कालीगण्डकीको तीरको बाटो गरेर वीरहरूलाई आनन्दित बनाउने स्वनामधन्य महाभारतपर्वतमा पुगे । तरङ्गहरूको वीणाा बजाउने र सारा पापहरण गर्ने ती काली गण्डकीको आश्रय गरेर नै चित्त प्रसन्न भएका ती वीरहरू अन्त्यमा भगीरथीको तीरभूमिको आश्रय लिने भए । गण्डकीको जलले आफ्नो नित्यकर्म सम्पन्न गरेका राजा पृथ्वीनारायणशाह गङ्गा गण्डकी (दुबै) लाई प्रणाम गरेर र ती दुबैको सङ्गम (वेणी) मा विष्णुको स्वरूपले सुहाएका शिव (हरिहर) लाई पनि पूजा गरेर प्रसन्न भए ॥४४७-४५१॥

तीर्त्वा स गङ्गामपि भीमभङ्गां
विहारराज्यस्य च राजधानीम् ।
संश्रित्य तात्कालिकराजनीतिं
बुबोध राजाऽखिलदेशरीतिम् ॥४५२॥

व्यापारशैलीं स तदातनीञ्च
विज्ञातुकामोऽजनि संस्थितोऽत्र ।
श्रयन् धरामार्गमतः प्रपेदे
काशीपुरीं पुण्यमयीं नृपोऽन्ते ॥४५३॥

राजा पृथ्वीनारायणशाहले डरलाग्दा तरङ्गहरू भएकी गङ्गा (भागिरथी) तरेर र विहारराज्यको राजधानी (पटना) पुगेर तत्कालीन (भारतीय) राजनीति र सम्पूर्ण देशहरूको रीति पनि बुझे । यस पटनासहरमा रहेका राजा पृथ्वीनारायण-शाह त्यसबखतको व्यापारको तरिका पनि बुझ्न इच्छुक भए । यसपछि राजा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पृथ्वीनारायणशाह स्थलमार्गको आश्रय लिदैं अन्त्यमा पवित्र काशीनगरी पुगे ॥४५२-४५३॥

स्वकीयकाव्याश्रयमाप्य विद्वान्
श्रीगोरखेशं जयमङ्गलोऽपि ।
समस्तकाशीपरिचायकोऽभू-
दवस्थिसान्निध्यमवस्थितोऽपि ॥४५४॥

लोलार्ककुण्डाभिधभूमिभागः
सोऽवस्थिनामाऽत्र विभाति सिद्धः ।
इतीरितस्तेन जगाम राजा-
ऽभिमन्त्रगूढोऽजनि शान्तिभाजा ॥४५५॥

सिद्धोऽपि तत्खड्गविधिं समाप्य
चक्रे स भूपं शुभशक्तिमन्तम् ।
लोलार्ककुण्डोत्प्लवनेन सद्यः
सशस्त्रदेवैश्च रणेऽप्यजय्यम् ॥४५६॥

अवस्थि साधुका निकट रहेतापनि विद्वान् जयमङ्गल पण्डित आफ्ना काव्यको आश्रय भएका गोरखाका राजालाई पाएर सम्पूर्ण काशीको परिचय गराउने हुन गए । "लोलार्ककुण्ड" भनिने प्रसिद्धक्षेत्र यही हो र यहाँ नै अवस्थि नाम गरेका सिद्ध शोभायमान रहन्छन् "। यसप्रकार जयमङ्गलपण्डितद्वारा भनिएका राजा पृथ्वीनारायणशाह शान्तिका पात्र (ती सिद्ध)द्वारा मन्त्रगुप्त (मन्त्रशक्तिद्वारा सुरक्षित) भए । ती अवस्थि साधुले पनि खड्गविधि समाप्त गरेर र लोलार्ककुण्डको स्नानले राजालाई तुरुन्त पवित्रशक्तिले भरपूर र सशस्त्र देवताहरूद्वारा पनि जित्न नसकिने बनाए ॥४५४-४५६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तां शङ्खघण्टारवपूर्णकर्णां
श्रीविश्वनाथाश्रितसर्ववर्णाम् ।
विलोक्य काशीं स च पुण्यराशिं
हृष्टस्तदा शौर्यधनो नृपोऽयम् ॥४५७॥

राजा तदा केवलनामधारी
मुहम्मदाख्योऽजनि भारते च ।
शशास राजा बलवन्तसिंहः
काशीपुरीं स्वीकृततन्निदेशः ॥४५८॥

तथापि नानाविधलुण्ठकानां
निरस्य भीतिं ह्यभितः स्थितानाम् ।
स्नानादिकार्यं मणिकर्णिकायां
चकार सर्वं विधिना तदाऽयम् ॥४५९॥

हृष्टाः सुपुष्टा वदनश्रियैव
सुस्पष्टचेतोबलशालिनस्तम् ।
ते भेजिरे भूतपतिं प्रशान्तं
भस्मश्रिया निर्जितशैलराजम् ॥४६०॥

शूरताका धनी राजा पृथ्वीनारायणशाह त्यसबखत शङ्ख र घण्टाहरूको आवाजले कान भरिने, चारै वर्णहरूले श्रीविश्वनाथ भगवान्को आश्रय लिइएको र पुण्यको राशि जस्तो (सांस्कृतिक नगरी) काशीपुरीलाई देखेर प्रसन्न भए। त्यसबखत भारतवर्षमा मुहम्मद नाम गरिएका केवल नाममात्र धारण गर्ने वादशाह भए। (यसैले) उनको आदेश स्वीकार गरेर बलवन्तसिंहले काशीनगरीको शासन गरे। (यसरी शासनगर्दा पनि) चारैतिर रहेका अनेकथरि लुटेराहरूको भयलाई हटाएर त्यसबखत ती राजा पृथ्वीनारायणशाहले मणिकर्णिकामा विधिपूर्वक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्नान आदि कार्य गरे । खुसी लाग्दा, मोटा र मुखको शोभाले नै स्पष्ट देखिएका मनोबलद्वारा सुहाएका ती वीरहरूले खरानीको शोभाले हिमालय (सेतो कान्ति) लाई जितेका र शान्त रहेका भूतहरूका अधिपति (श्रीविश्वनाथ) लाई सेवा गरे ॥४५७-४६०॥

स लुण्ठकानां हृदि भीतिदाता
शस्त्रास्त्रसंरुद्धदिशावकाशः ।
बुबोध सर्वामपि राजनीतिं
निगूढनेपालजयाऽनुरक्तिम् ॥४६१॥

आद्ये दिने माघभवे निषेव्य
विख्यातिभाजं स च तीर्थराजम् ।
स्थानीयसंस्कारततिं निकामं
बुबोध सोऽर्थस्थितिबोधिकां ताम् ॥४६२॥

स गोरखालीति जनैः श्रुतश्च
कैश्चित् समीक्षाविषयीकृतश्च ।
नृसिंहवत् कैश्चन भीतिकारी
दूरस्थितैरेव वितर्कितश्च ॥४६३॥

(आफ्ना सेनामा रहेका) शस्त्र र अस्त्रहरूले दिशाको विस्तार रोक्ने र गुण्डाहरूलाई डर उत्पन्न गर्ने राजा पृथ्वीनारायणशाहले नेपालविजय प्रति गुप्त प्रेम रहेको (तत्कालीन भारतको) सारा राजनीति बुझे । मकरसंक्रान्तिका दिन विश्वविख्यात प्रयागको सेवन गरेर राजा पृथ्वीनारायणशाहले आर्थिकस्थितिको बोध गराउने स्थानीय भारतीय संस्कृतिहरूलाई पनि राम्ररी जाने । (त्यसवनार समां) केही मानिसहरूले राजा पृथ्वीनारायणशाहलाई "गोरखाली" भन्नेमात्र सुने भने कतिले उनका विषयमा समालोचना गरे । (त्यस्तै) कतिले त टाढा र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हेर नै "नृसिंह भगवान जस्तो डरलाग्दो" (भनेर) तर्क गरे ॥४६१-४६३॥

श्रीरामसेना भुवि भाति किं वा
श्रीकृष्णसेनाऽतुलनीयरूपा ।
पुरःस्थितेयं कथमस्मदीयै-
र्द्रष्टुं न शक्या नयनैः प्रभाढ्या ॥४६४॥

सेनाऽखिला वाऽभिनयाय याति
किं राशिरेवं महसां चकास्ति ?
इति स्वचित्तभ्रमजालवश्यै-
र्जनैर्न किं वा विषयीकृतस्तैः ॥४६५॥

यस पृथिवीमा अपूर्वस्वरूप भएको श्रीरामको सेना चम्कन्छ वा श्रीकृष्णको अन्यथा अगाडि परेको यो चम्किलो सेना हाम्रा आँखाहरूद्वारा हेर्नमात्र पनि किन सकिन्न ? यो सारा सेना (कतै) अभिनय (नाटक) का लागिजान्छ वा यो कुनै तेजको थुप्रो चम्कन्छ । यसप्रकार आफ्ना चित्तको भ्रान्तिको जञ्जालमा परवश (अधीन) भएका ती वनारसवासीहरूले के त्यो सेनाको चर्चा गरेनन् ? ॥४६४-४६५॥

तं विन्ध्यशैलं विनतञ्च गत्वा
भेजे स दुर्गां सबलञ्च सद्यः ।
नेपालभोगोऽचिरमेव साध्य-
स्त्वयेति हृद्भावसुमं निवेद्य ॥४६६॥

(गुरु अगस्त्यको आज्ञाद्वारा) झुकेको प्रसिद्ध विन्ध्याचल पुगेर राजा पृथ्वीनारायणशाहले सेनासँगै "(हे दुर्गा !) तिमीद्वारा नै मेरो नेपालभोग तुरुन्त सिद्ध गरिनुपर्छ" भन्ने भावनाको फूल चढाएर दुर्गादेवीलाई सेवा गरे ॥४६६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काश्यां हि राज्ञो हरिशाहनाम्नो
जातः सुहृज्जाजरकोटभूमेः ।
श्रीमोरराजेन तथैव धर्म्यं
पत्रञ्च कृत्वाऽजनि मित्रताऽन्ते ॥४६७॥

राजा पृथ्वीनारायणशाह काशीमा नै जाजरकोटे राजा हरिशाहका मित्र बने भने श्रीमोरका राजासँग पनि त्यसरी नै धर्मपत्र गरेर राजा पृथ्वीनारायणशाहको मित्रता भयो ॥४६७॥

संकलय्य स च तत्र भुशुण्डी–
स्ताश्च प्रस्तरकला बहुसंख्याः ।
खड्गशक्तिपरिबृंहिततेजा
दुर्जयोऽजनि परैः पृथिवीशः ॥४६८॥

त्यस काशीनगरीमा बन्दूक र धेरै संख्यामा त्यसका लागि आवश्यक गोलीपनि जम्मा गरेर खड्गशक्तिले गर्दा तेज बढेका प्रसिद्ध राजा पृथ्वीनारायणशाह शत्रुहरूले जित्न नसकिने भए ॥४६८॥

पञ्चषानपि निनाय स मासान्
राजनीतिगतिबोधधुरीणः ।
भाग्यसम्पदमवाप्य धरण्यां
भूपतिर्भवतु को मतिहीनः ? ॥४६९॥

शास्त्रबोधकुशलाः कवयस्ते
गोरखेशमवलोक्य च हृष्टाः ।
तत्र शान्तिबलमाप्तुमनेके
संस्थिता अपि जना मुदमाप्ताः ॥४७०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मलक्ष्यपरिपूरणशान्त-
स्तीर्थपुण्यबलभीतकृतान्तः ।
सुन्दरीगणविलोचनचौरः
स्वर्णदीतटसुखैर्मुमुदे सः ॥४७१॥

राजनैतिक गतिविधिहरूको जानकारी गर्नमा श्रेष्ठ राजा पृथ्वीनारायणशाहले (काशीमा) पाँच छ महिना बिताए (किनकि) यस पृथिवीमा भाग्यको ऐश्वर्य प्राप्त गरेको कुन राजा बुद्धिहीन हुन्छ र ? विभिन्न शास्त्रहरूको ज्ञानमा कुशल विभिन्न विद्वान्हरू गोरखाका राजालाई देखेर खुसी भए । आफ्नो लक्ष्य (बन्दूक, गोली आदि खोज्ने काम) पूर्ण हुँदा शान्त भएका तीर्थपुण्यका बलले यमराजलाई पनि डर देखाउने र सहरका सुन्दरी हरूका आँखा चोर्ने राजा पृथ्वीनारायणशाह भागीरथीको तीरका सुखले खुसी भए ॥४६९-४७१॥

धर्मसंस्कृतिकलासमवायो
भ्राजते खलु सतां सुखकारी ।
यत्र नास्ति भुवि पक्षविपक्ष-
ध्वान्तजालमधुना भयदायि ॥४७२॥

प्रोच्यते विमलसंस्कृतिकेन्द्रं
धूतकल्मषचया शुभकाशी ।
साधिता ननु मयाऽमलसिद्धा-
द्राज्यविस्तृतिमुखी च शुभाशीः ॥४७३॥

नौमि भूतपतिमाद्यमनीहं
सौख्यदं हृदि सतामवनीशम् ।
नौमि मातरमहं जगदम्बां
वक्त्रनिर्जितसुधाकरविम्बाम् ॥४७४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वर्णदीमपि भजे हरिपाद–
प्रेमभावजलरूपमवाप्ताम् ।
तीरभूमिकणभूषितगात्रान्
सज्जनानमलचित्तधनाढ्यान् ॥४७५॥

पूर्वजाश्च विनता धरणीशा
रामशाहसदृशा इह भूमौ ।
पुण्यशक्तिधनमाप्य तदानीं
गोरखां स्थितिमतीमपि चक्रुः ॥४७६॥

इत्थमात्ममतिभूमिमनन्यां
संश्रयन् नरपतिश्च तदानीम् ।
गोरखामभिमुखोऽजनि भास्व–
च्छस्त्रनिर्भयगतिः खलु शश्वत् ॥४७७॥

जुन काशी नगरीमा सज्जनहरूलाई सुख दिने धर्म,संस्कृति र कलाको एकता चम्कन्छ, त्यस काशीपुरीमा यसबखत भयजनक पक्ष र विपक्ष (विवाद) का अन्धकारको जालोपनि छैन । सारा पापहरूलाई कम्पित गर्ने यो पवित्रकाशी स्वच्छसंस्कृतिको केन्द्र बताइन्छ । (त्यसैलै) मैले निष्पाप सिद्धबाट राज्यविस्तार (नेपालभोग) तर्फ प्रवृत्त भएको यो (सिद्धको) शुभ आशीर्वाद सिद्ध गरें भूतहरूका पति भएर पनि सारा पृथिवीको आदिम र निष्काम अधिपति भएका, सज्जनहरूको हृदयमा सुख दिने (भगवान्विश्वनाथ) लाई नमस्कार गर्छु र आफ्नो मुखको शोभाले चन्द्रमण्डलको शोभालाई जित्ने र जगत्की आमा अन्नपूर्णालाई नमस्कार गर्छु । (त्यस्तै) म हरिको चरणको प्रेमभावले गर्दा जलको रूप लिएकी भगवती भागीरथीको र उनका तीरको धूलाले शरीर सुन्दर भएका र स्वच्छ चित्तरूपी ऐश्वर्यले भरपूर भएका सज्जनहरूको पनि भजन गर्दछु । विनम्र राजा रामशाह जस्ता हाम्रा पुर्खाहरूले त्यसबखत पनि काशीमा नै पुण्यशक्तिको ऐश्वर्य पाएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नै गोरखालाई प्रजाहरूको स्थितिले सम्पन्न गरेका थिए। (पुर्खाहरूका) दान र पुण्यले गर्दा फराकिलो भएको र पुरानो वंशको प्रवृत्ति (स्वभाव) लाई अनुसरण गरेर र भगवान् र विद्वानूहरूको समाजलाई पनि प्रसन्न पारेर म (पृथ्वीनारायणशाह) तुरुन्त नै राज्यवृद्धिको ऐश्वर्यभोग गर्नेछु। यसप्रकार आफ्नो बौद्धिक क्षेत्रको आश्रय लिने चम्किला शस्त्र (बन्दूक आदि) हरूले गर्दा निरन्तर निडर हिडाइ भएका राजा पृथ्वीनारायणशाह गोरखातर्फ प्रस्थान गरे ॥४७२-४७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीर्थयात्रिणो राज्ञः पृथ्वीनारायणशाहस्य गोरखाप्रासादप्रवेशः

दुष्टवृन्दमपनीय तदानीं
चोद्यतं स वरुणातटभूमौ ।
दुर्मदान् कतिपयाँश्च नियम्य
सम्मुखानपि विनायकपुर्याम् ॥४७८॥

प्राप्तवान् सकुशलं सहसाऽयं
गोरखां निजमनोरथभूमिम् ।
अस्त्रशस्त्रबलगौरवशाली
तोषयन् भुवि यथा द्युतिमाली ॥४७९॥

मातरो मुमुदिरे द्युतिमन्तं
शक्तिमन्तमिव पुत्रमपूर्वम् ।
सानुरागजनशक्तिभरास्ता
भूमिनाथमवलोक्य शुभाशाः ॥४८०॥

अस्त्र शस्त्र र सेनाको गौरवले सुहाएका राजा पृथ्वीनारायणशाह त्यस यात्राको प्रसङ्गमा वरुणानदीको तीरमा आइलागेका दुष्टहरूको समूहलाई हटाएर र बुटवल सहरमा उपस्थित भएका केही दुष्टहरूलाई पनि दबाएर सबैलाई खुसी पार्दै पृथिवीमा सूर्यझैं तुरुन्त आफ्नो इच्छाको थलो भएको गोरखामा कुशलताकासाथ पुगे । प्रेमपूर्ण जनशक्ति भएका र पवित्र आशा बोकेका ती (चन्द्रप्रभा आदि) आमाहरूपनि आफ्ना राजा छोरालाई अपूर्व बुद्धिमान् र शक्तिशालीझैं देखेर खुसी भए ॥४७८-४८०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राज्ञः पृथ्वीनारायणशाहस्य राज्यव्यवस्थासंघटनम्

लब्धं प्रियाऽमात्यपदं तदानीं
श्रीकालुपाण्डेयबुधेन तेन ।
विधाय सन्धिं रिपुमर्दनाद्यैः
स्वकार्यदाक्ष्यं गादितञ्च येन ॥४८१॥

श्रीभीमराजात्मज इत्यनन्यां
ख्यातिं दधानो वरणीय एषः ।
लब्धा तदानीं नृपतेः प्रवासे
चन्द्रप्रभाऽनुग्रहता च येन ॥४८२॥

विश्वासपात्रं स बभूव तत्र
चन्द्रप्रभादृष्टिपथं गतश्च ।
अवाप्य लोकानुमतिं रराज
श्रीकालुपाण्डेयबुधस्य पक्षः ॥४८३॥

त्यसबखत कालुपाण्डे भनिने विद्वान्‌ले पृथ्वीनारायणशाहको प्यारो मन्त्रिपद पाए, जसले (काशीयात्रा पहिले नै) लमजुङ्का राजा रिपुमर्दन आदिसँग सन्धि गरेर आफ्नो कार्यदक्षता प्रकट गरेका थिए । नरभूपालशाहका मन्त्री श्रीभीमराजपाण्डेका छोरा हुँदा नै प्रसिद्धिमा पुगेका यी कालुपाण्डे त्यसबखत वरणयोग्य भए, जसले राजा पृथ्वीनारायणशाहको प्रवास (काशीयात्रा) को समयमा चौतारा महारानी चन्द्रप्रभाको कृपा प्राप्त गरे । (यसरी) महारानी चन्द्रप्रभाका दृष्टिमा परेका कालुपाण्डे महारानीका विश्वासपात्र भए । (यसरी) विद्वान् कालुपाण्डेको पक्ष लोक (प्रजा) बाइसी र चौविसी राजाहरूसमेतको समर्थन प्राप्त गरेर चम्क्यो पनि ॥४८१-४८३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आसीत् पुराच्छत्रपतिश्च पुत्रः
स शौर्यराशिर्मरहट्टराजः ।
यो यावनीं शक्तिमपास्य हिन्दून्
ररक्ष शक्त्या बुधनिर्विवादः ॥४८४॥

चरित्रमस्याऽनुगुणं त्वयाऽपि
संश्रित्य राज्यं परिवर्द्धनीयम् ।
उत्साहशक्त्या रहितस्य वृत्तं
नृपस्य तस्याऽस्तु च निन्दनीयम् ॥४८५॥

स दीक्षितोपाभिधबालकृष्णः
स देशभक्तो जयमङ्गलश्च ।
सोऽवस्थिसाधुश्च तवाऽभिलाषं
ज्ञात्वा ददुःपुत्र ! शुभाशिषश्च ॥४८६॥

त्वं खड्गशक्त्याऽमितशौर्यपूर्णो
विभासि भास्वानिव गोरखायाम् ।
मदाशिषा सत्वरमेव भूया–
स्त्वं राजराजो न कथं धरायाम् ? ॥४८७॥

वंशोद्भवां गोरखनाथभक्तिं
सन्धाय चित्तेऽमलराज्यशक्तिम् ।
कुरु त्वमाराद् विजयप्रयाणं
राष्ट्रैक्यकर्मार्थमपूर्वसारम् ॥४८८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं स मात्रा विहितावधानो
राष्ट्रैक्यकर्माचरितुं बुधैस्तैः ।
विचारयामास तदाऽव्यलीको-
ऽनुजैश्च चातुर्यबलान्वितैः स्वैः ॥४८९॥

हे छोरा पृथ्वीनारायणशाह ! (तिमी जन्मनुभन्दा ४२ वर्ष) पहिले शूरताका राशि भएका छत्रपति शिवाजी भनिने मरहट्टाहरूका राजा भए, जो विद्वानूहरूको लागि विवादहीन भएर आफ्नै शक्तिले मुस्लिमशक्तिलाई परास्त गरेर हिन्दुहरूलाई रक्षा गरेका थिए । शिवाजीको अनुकूल चरित्रको आश्रय गरेर नै तिमीले पनि राज्यको सम्वर्द्धन गनुपर्छ । (किनकि) उत्साहशक्ति न भएका त्यस राजाको वृत्तान्त निन्दनीय हुन्छ । हे पुत्र ! काशीका प्रसिद्ध विद्वान् बालकृष्णदीक्षित, जयमङ्गल पण्डित र लोलार्ककुण्डका अवस्थिसाधु आदि सबैले तिम्रो नेपालभोगको इच्छा बुझेर नै शुभ आशीर्वाद दिएका छन् । तिमी अहिले अवस्थि साधुले दिएको खड्गसिद्धिको शक्तिद्वारा अनन्तशूरताले परिपूर्ण भएर सूर्यजस्तै गोरखामा चम्कन्छौ । (त्यसैले) मेरा आशीषद्वारा तिमी झट्टै नै यस पृथिवीमा कसरी बडामहाराज न होउला ? वंशानुगत स्वच्छ राज्यशक्तिको रूपमा रहेको गोरखनाथको भक्तिभावलाई चित्तमा राखेर तिमी चाँडै नै अपूर्वमहत्त्व भएको राष्ट्रिय एकीकरणको लागि विजययात्रा सुरु गर । यसप्रकार त्यस समय आमा (चन्द्रप्रभा) द्वारा सावधान गराइएका र नआत्तिने राजा पृथ्वीनारायणशाहले राष्ट्रिय एकीकरण गर्नका लागि ती प्रसिद्ध विद्वानूहरू र चतुरताको बल भएका आफ्ना भाइहरूका साथ पनि विचार गरे ॥४८४-४८९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राज्ञः पृथ्वीनारायणशाहस्य नेपालविजयपृष्ठभूमिसम्पादनाय नवकोटविजययात्रा

स सन्निधिस्थो नवकोटनामा
त्रिशूलगङ्गोत्थितकान्तिधामा ।
स्वतातवाञ्छाविषयीकृतोऽस्य
दुर्गस्तदा लक्ष्यतया स्थितश्च ॥४९०॥

परन्तु केरुङ्गकुतीतिसंज्ञै
र्वाणिज्यमार्गैर्धनिताङ्गतस्य ।
तद्दुर्गभूपस्य स गोरखेशो
जयप्रकाशस्य कथन्न वश्यः ? ॥४९१॥

उपत्यकाया विजयः कथं मे
लब्धेऽपि दुर्गे नवकोटसंज्ञे ।
इति स्ववाञ्छामनुसृत्य राजा
स निर्ययौ वीरगणान्वितश्च ॥४९२॥

(सर्वप्रथम) त्यसबखत त्रिशूली गङ्गाबाट उत्पन्न कान्तिको आश्रय भएको आफ्ना पिता (नरभूपालशाह)को इच्छाको विषय बनेको र गोरखा जिल्लाको नजिक रहेको नुवाकोट नाम गरिएको प्रसिद्ध किल्ला नै राजा पृथ्वीनारायणशाहको लक्ष्य बन्यो तर गोरखाका विजिगीषु राजा पृथ्वीनारायणशाह केरुङ र कुती भनिने व्यापारिकमार्गहरूले गर्दा धनी भएका त्यस नुवाकोट किल्लाका राजा जयप्रकाशमल्लका अधीन किन नहोऊन् ? "नुवाकोट भनिने किल्ला हात नलागे उपत्यकाको विजय मलाई कसरी होला र ?" भन्ने आफ्नो इच्छा अनुसार राजा पृथ्वीनारायणशाह वीरगणहरूका साथ बाहिर निस्के ॥४९०-४९२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयन्तरानेति च दुर्गपालः
सैन्यं महामण्डलशैलसंस्थम् ।
विधाय शीघ्रं स च सावधानं
ययौ सहायाय जयप्रकाशम् ॥४९३॥

विराजिताः केचन योगशक्त्या
केचिद् बुधास्तान्त्रिकशक्तिमन्तः ।
धनुर्धरा केचन वीरवर्याः
केचिद् भुसुण्डीसमलङ्कृताश्च ॥४९४॥

सचन्द्रहासाः कतिचित् सकुन्ताः
केचित् सखड्गा बलिनो निशायाम् ।
गङ्गां समुत्तीर्य तदापुराराद्
विराजमानं नवकोटदुर्गम् ॥४९५॥

भ्राता महोद्दाम इति प्रसिद्धः
कीर्त्युत्तरस्तत्र जगाम सद्यः ।
भ्राता तथा द्वादशवर्षकल्पो
योद्धुं प्रवृत्तो दलमर्दनाख्यः ॥४९६॥

तदा कुलानन्दढकालकालु-
पाण्डेयमुख्यैश्च बुधैः समेताः ।
शस्त्रास्त्रदक्षा विबुधा बभूवु-
र्वीरा दृढास्तत्समरप्रवृत्ताः ॥४९७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नुवाकोट किल्लाका उमराव जयन्तराना आफ्नो सेनालाई तुरुन्त महामण्डल पर्वतमा तयार राखेर सहयोग माग्नका लागि जयप्रकाश नजिक पुगे। त्यसबखत कोही योगशक्तिले सुहाएका र कोही तन्त्रशक्ति भएका विद्वान्हरू, कोही धनुर्धारी र कोही बन्दुकधारी श्रेष्ठ वीरहरू, कोही तरवार, कोही भाला र कोही खड्ग लिएका पहलमानहरू रातमा नै त्रिशूलीगङ्गा तरेर चम्किलो नुवाकोट किल्ला पुगे । त्यस विजययात्रामा पृथ्वीनारायणशाहका भाइ महोद्दामकीर्तिशाह पनि तुरुन्त पुगे भने त्यसरी नै अन्दाजी १२ वर्षका भाइ दलमर्दनशाह पनि लडाईं गर्न टक्रिए। त्यसबखत ज्योतिषी कुलानन्द ढकाल र मन्त्री कालुपाण्डे मुख्य भएका विद्वान्हरूका साथ विभिन्न शस्त्र र अस्त्रमा सिपालु विभिन्न वीरहरू त्यस नुवाकोट युद्धमा तयार भए ॥४९३-४९७॥

वीरो जहाँगीर इति प्रसिद्धः
शाहोत्तरौ विष्णु-तुलाऽभिधौ च ।
चन्द्रप्रकाशः स च भद्रशाहः
स सुन्दरो वेणुधराऽभिधश्च ॥४९८॥

अर्ज्याल-पाण्डेकुलजाः प्रधाना
रानेति थापेति निगद्यमानाः ।
केचिद् बखेतीत्युपसंज्ञकाश्च
जोशीति केचिद् समरं ययुश्च ॥४९९॥

संश्रित्य भूमिं खलु गेर्खुनाम्नी-
मशोकवारीति परामसंख्याः ।
रणाय कर्तव्यपरा विभक्ता-
स्ते ते जहाँगीरमुखाश्च वीराः ॥५००॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ख्यातं महामण्डलशैलकूटं
संश्रित्य युद्धं विकटं प्रवृत्तम् ।
जयन्तरानाभिधवीरपुत्रो
ययौ दिवं शङ्खमणिस्तु सद्यः ॥५०१॥

अपूर्वशौर्यं दलमर्दनस्य
विलोक्य रोमोद्‌गमवर्द्धकञ्च ।
जातास्तदाऽऽश्चर्यरसाकुलास्ते
विपक्षिवीराः समरे मदान्ते ॥५०२॥

स देवकीनन्दनवद्रराज
निहत्य कंशं दलमर्दनश्च ।
सेनामुखं शङ्खमणिं तदानीं
दैवादृतो द्वादशवर्षदेश्यः ॥५०३॥

सा कालिका गोरखनाथसिद्धो
दधौ च येषां गणसन्निधिं सः ।
तेषाममूर्तोऽपि स शौर्यराशि-
रपूर्वमूर्त्यैव तदाविरासीत् ॥५०४॥

प्रसिद्ध वीर जहाँगीरशाह, विष्णुशाह, तुलाशाह, चन्द्रप्रकाशशाह, प्रसिद्ध भद्रशाह, सिद्ध सुन्दरशाह, वेणुधरशाह, अर्ज्याल र पाण्डेकुलमा उत्पन्न वीर र राना र थापा भनिने वीरहरू, कोही बखेती थर हुने र कोही जोशी थर हुने(वीरहरू) युद्धमा गए। (राजा पृथ्वीनारायणशाहद्वारा) जहाँगीरशाह मुख्य भएका कर्तव्यनिष्ठ असंख्य ती ती वीरहरू कोही गेर्खुक्षेत्र (मोहडाको) आश्रय गरेर र कोही अर्को अशोकवारी भनिने क्षेत्रको आश्रय गरेर छुट्टयाइए। त्यसबखत गोरखाली वीरहरूले, प्रसिद्ध महामण्डलपर्वतका टाकुराको आश्रय गरेर डरलाग्दो लडाइँ घटाए र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयन्त राना भनिने विपक्षिवीर (दुर्गपाल)का छोरा (दलमुखी) शङ्खमणिराना तुरुन्त स्वर्गीय भए। त्यस नुवाकोटयुद्धमा शत्रुपक्षका वीरहरू आफ्नो मदको अन्त्यमा कुमार दलमर्दनशाहको रोमाञ्चकारी अपूर्व वीरतालाई देखेर आश्चर्य (अद्‌भुत) रसले भरपूर भए। त्यसबखत दैवद्वारा प्रेरणा दिइएका र बाह्र वर्ष पुग्न लागेका कुमार दलमर्दनशाह कंश जस्तै सेनामुखी शङ्खमणि रानालाई मारेर बालक कृष्णझैं शोभित भए। प्रसिद्ध भगवती गोरखकाली र गुरु गोरखनाथ पनि जसको निकट रहे ती वीरहरूको अमूर्त उत्साहको थुप्रो पनि त्यसबखत अपूर्व आकृतिले प्रकट जस्तै भयो ॥४९८-५०४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नवकोटविजयो राजप्रासादप्रवेशश्च

हता जहाँगीरमुखैश्च वीरै-
विपक्षिवीराः सहसा तदानीम् ।
चक्रुः क्षणे खिन्नमुखीं शुचार्ता
जयप्रकाशार्जितराजलक्ष्मीम् ॥५०५॥

तैर्धर्मपानीरणभूमिसंस्थै-
र्वीरैर्महोद्दाममुखैरनेकैः ।
विनिर्जितास्तेऽरिमुखा मनुष्या
भग्ना भियाऽन्ये तु निगूढपुच्छाः ॥५०६॥

अशोकबारीति रणावनिस्था
वीरा रणाऽभावसुखप्रहृष्टाः ।
विधाय सर्वे विजयोत्सवं तं
प्रापुर्मुदं शङ्खरवैः सनृत्यम् ॥५०७॥

रराज राजा रजनीशवत् स
प्रदीप्ततारागणमध्यवर्ती ।
श्रीमान् महोद्दाममुखेषु तेषु
वीरेषु नित्यं जनिताऽनुरक्तिः ॥५०८॥

तैर्वेदघोषैर्जयशब्दपूर्वै-
र्वीरैर्बुधैस्तैरनुगामिभिश्च ।
प्रणम्य हृष्टामपि भैरवीं तां
प्रासादभागं स विवेश भूपः ॥५०९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसबखत तुरुन्त जहाँगीर आदि मुख्य भएका वीरहरूद्वारा मारिएका शत्रु पक्षका वीरहरूले (कान्तिपुरका राजा) जयप्रकाशले आर्जन गरेको राजलक्ष्मीलाई एकछिनमा नै मलिनमुख भएको र शोकाकुल बनाए । (कोही) ती मुख्य शत्रुहरू धर्मपानी भनिने युद्धभूमिमा रहेका महोद्दामकीर्तिशाह आदि प्रमुख भएका अनेकौं गोरखाली वीरहरूद्वारा जितिए भने (बाँकी) अरू डरले पुच्छर लुकाएर भागे । (त्यस्तै) अशोकबारीको युद्धक्षेत्रमा रहेका वीरहरू युद्ध नभएको कारण उत्पन्न सुखले रमाए । (यसरी) ती सबै गोरखाली वीरहरू परम्परागत विजयोत्सव मनाएर शङ्खनादहरूका साथै नाच्दै खुसी भए । महोद्दामकीर्तिशाह आदि मुख्य भएका ती गोरखाली वीरहरूमा वारम्वार प्रेम प्रकट गरेका र सुहाएका राजा पृथ्वीनारायणशाह चम्किला ताराहरूका गणका माझमा रहेका चन्द्रमा जस्तै चम्के । पहिले जयशब्द उच्चारण गरिएका वैदिकध्वनिपूर्वक पछि लाग्ने ती वीर र विद्वान्हरूका साथ ती वीर–राजा पृथ्वीनारायणशाह (त्यस विजयोत्सवद्वारा) खुसी भएकी नुवाकोट भैरवीलाई प्रणाम गरेर (त्यहाँ) को राजमहलमा पनि प्रवेश गरे ॥५०५-५०९॥

सम्पाद्यमानं विजयोत्सवं तं
श्रुत्वा स्वराज्यप्रगतिं प्रकामम् ।
तनौ ममुस्तत्र न गोरखायां
चन्द्रप्रभायाः प्रमुदश्च नित्यम् ॥५१०॥

नुवाकोट दरबारमा सम्पन्न भैरहेको त्यसप्रकारको विजयोत्सव र आफ्ना राज्यको प्रगति सुनेर गोरखामा चन्द्रप्रभाको शरीरमा निरन्तर खुसीहरू अटाएनन् ॥५१०॥

विनिर्जितास्तेऽखिलशत्रुवीरा
नवैर्भटैः संश्रितबिल्वकोटैः ।
बभूवुरुद्दीपितमन्यवस्ते–
र्नियोद्धुकामाः सहसा तदानीम् ॥५११॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स खिन्नचित्तो नवकोटदुर्ग–
स्वामीति सम्मान्यपदेन हीनः ।
सुतस्य लोकान्तरसंश्रितस्य
प्रगाढशोकाब्धितरङ्गलीनः ॥५१२॥

जयन्तरानेति दलाभिमुख्यं
निषेव्य सज्जोऽजनि दीप्तमन्युः ।
ते गोरखालीति च नामधन्या
जयोत्सवैस्तानि दिनानि निन्युः ॥५१३॥

धन्यः कुमारोऽपि स वीरवीरः
सिद्धोऽधुना शङ्खमणेर्निहन्ता ।
भ्राता त्वदीयो दलमर्दनोऽयं
तदीयसाम्यं भण कोऽस्ति गन्ता ? ॥५१४॥

इतीरितो वीरवरैस्तदानीं
विराजमानो नवकोटदुर्गे ।
उवाच राजा दलमर्दनस्य
प्रकाशमानश्च यशःश्रियाऽस्य ॥५१५॥

त्यसबखत (गोरखालीहरूद्वारा) जितिएका ती सारा शत्रु (जयप्रकाशमल्ल) का वीरहरू अरू नयाँ योद्धाहरूका साथ बेलकोटमा बसेर क्रोध प्रकट गर्दै ती गोरखाली वीरहरूसँग तुरुन्त लड्न इच्छुक भए । (एकातिर) नुवाकोट किल्लाको "उमराव" भनिने सम्मानित पदबाट फुस्केका, खिन्नचित्त भएका र दिवङ्गत छोराको गहिरो शोकसागरमा डुबेका जयन्तराना दलमुखी भएर (बेलकोटमा) रिसाएर (लड्न) तयार भए भने (अर्कातिर) आफ्नो नामले धन्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएका ती विजयी गोरखालीहरूले विजयका उत्सवहरूका साथ ती दिनहरू बिताए । "हे महाराज ! यसबखत दलमुखी शंखमणि रानाको हत्या गर्ने तपाईंका धन्य भाइ यी दलमर्दनशाह कुमार भएतापनि वीर सिद्ध भएका छन् र उनको बराबरीमा को जान सक्छ भन्नुहोस् ।" यसप्रकार वीरहरूद्वारा भनिएका, त्यसबखत नुवाकोट किल्लामा सुहाएका र कुमार दलमर्दनशाहका कीर्तिको शोभाले प्रकाशित भएका राजा पृथ्वीनारायणशाहले भने ॥५११-५१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूपपृथ्वीनारायणशाहद्वारा कुमारदलमर्दनस्य वीरतावर्णनम्

निगद्यतेऽस्यां भुवि सङ्गरोऽयं
स क्षत्रियाणां कुलधर्मरूपः ।
हिनस्ति यस्माद् विमुखः स्वकीर्तिं
वीरोऽपि विस्तारयिताऽपकीर्तिम् ॥५१६॥

बालोऽपि वीरो दलमर्दन ! त्वं
स्वदैवशक्त्या च वृतोऽसि नित्यम् ।
त्वमेव धन्यः कुलकीर्तिकर्ता
भ्रातश्चिरञ्जीव यशोऽमलञ्च ॥५१७॥

इतीरितोऽयं दलमर्दनोऽभूत्
सम्मानपुष्पावलिवर्द्धितश्रीः ।
यदीयसाम्मुख्यमयं दधानो
हृष्टः स राजाऽजनि दीप्तशक्तिः ॥५१८॥

दुर्गञ्च तद् दातुमना बभूव
परन्तु नैच्छद् दलमर्दनोऽयम् ।
तदर्थमस्मै वरटारमुख्यां
ददौ भुवं मानधनः प्रशस्याम् ॥५१९॥

यस पृथिवीमा परम्परागत यसप्रकारको (विजय) युद्ध क्षत्रियहरूको कुलधर्मको रूपमा बताइएको छ । वीर भएपनि त्यसप्रकारको युद्धबाट विमुख (क्षत्रिय) ले अपकीर्ति फैलाएर आफ्नो (भएको) कीर्तिलाई पनि तुच्छ बनाउँछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे बाबु दलमर्दन ! बालक भएतापनि तिमी आफ्नो दैवीशक्तिद्वारा वरण गरिएर निरन्तर वीर मानिएका छौ, (साथै) कुलको कीर्ति बढाउने हुँदा धन्य छौ। (यसैले) हे भाइ ! तिमी कीर्तिद्वारा उज्वल भएर धेरै समयसम्म बाँच। यसप्रकार राजा पृथ्वीनारायणशाहबाट भनिएका कुमार दलमर्दनशाह सम्मान र फूलका मालाहरूले शोभासम्पन्न भए, जसका अगाडि बसेका राजा पृथ्वीनारायणशाह पनि प्रसन्न भए र (अझ) उनको शक्ति जाग्यो। (राजा पृथ्वीनारायणशाहले) त्यो नुवाकोट किल्ला (भाइलाई) दिन चाहे तर भाइ दलमर्दनशाहले यो चाहना गरेनन्। ती भाइ दलमर्दनशाहलाई मानलाई नै धन मान्ने राजाले वरटारडिही आदि मुख्य भएको लायक केही जमिन दिए पनि ॥५१६-५१९॥

गोरखाकालिका सा मनःकामना
सिद्धगोरक्षनाथश्च सम्पूजितः ।
भूभुजा ब्राह्मणैर्मन्त्रशक्तिप्रियै
राजमानेन तत्रत्यदुर्गे तदा ॥५२०॥

एवमात्मप्रियां राज्यशक्तिं श्रयन्
बेलकोटं तदा जेतुकामोऽजनि ।
श्रद्धया तत्र संस्तुत्य तां भैरवीं
योजनां कर्तुमारब्धवान् सोऽखिलाम् ॥५२१॥

ये च्युताः सङ्गरात्तेऽपि सम्मानिता
ब्राह्मणास्ते खशा मागरा मानुषाः ।
सैन्यशक्तिं दृढां तत्र सम्पाद्य स
बेलकोटं दृशा दग्धुकामः स्वतः ॥५२२॥

त्यसबखत त्यस नुवाकोट किल्लामा सुहाएका राजा पृथ्वीनारायणशाहद्वारा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्त्रशक्ति प्यारो मान्ने ब्राह्मणहरूबाट प्रसिद्ध गोरखाली, मनःकामना र प्रसिद्ध गोरखनाथ पनि पूजिए । यसरी आफ्नो प्यारो राज्यशक्ति (राज्यविस्तार) को अवलम्बन गर्दै राजा पृथ्वीनारायणशाह त्यसबखत बेलकोट जित्न इच्छुक भए । त्यस नुवाकोट दरबारमा राजा पृथ्वीनारायणशाहले (नुवाकोट) भैरवीको स्तुति गरेर (बेलकोट लडाइँको निमित्त) सम्पूर्ण योजना (गर्न) सुरु गरे । (त्यसकार्यका लागि) नुवाकोटयुद्धबाट छुटेका वा भागेका (सम्पूर्ण) ब्राह्मण, खस र मगरहरूको सम्मान गरियो । त्यस नुवाकोट दरबारमा बलियो सैन्यशक्ति सम्पन्न गरेर राजा पृथ्वीनारायणशाह स्वयं आफ्नै आँखाले बेलकोट डढाउन इच्छुक भए ॥५२०-५२२॥

संस्थाप्य दुर्गे दलशाहसंज्ञं
स नातिरम्ये समये तदानीम् ।
श्रीकालुपाण्डेयमुखैः स्ववीरै–
विनिर्ययौ भूमिपतिश्च शूरैः ॥५२३॥

वीरैरसंख्यैर्युयुधे स राज्ञा
जयन्तराना निजबेलकोटम् ।
आश्रित्य तादीतटभूमिरम्यं
सोऽत्युच्चशैलैःसमलङ्कृतं तम् ॥५२४॥

केचिद् हताः कान्तिपुरीशवीरा-
स्ते गोखावीरमुखप्रविष्टाः ।
तथैव वीरा निहता स्वपक्षा
राज्ञस्त्वरावन्हिवशा ह्यसंख्या ॥५२५॥

सेनामुखं तञ्च जयन्तसंज्ञं
जीवन्तमादाय नृपस्तदानीम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विवेश शीघ्रं नवकोटदुर्गं
जयेन सन्दीपितसिंहनादम् ॥५२६॥

विजयको चाहना गर्ने राजा पृथ्वीनारायणशाह त्यसबखत त्यतिराम्रो (शुभ) नमानिएको समयमा नुवाकोट किल्लामा कुमारदलमर्दनशाहलाई राखेर श्रीकालुपाण्डे आदि मुख्य भएका आफ्ना वीरहरूका साथ प्रस्थान गरे (यसबखत) दलमुखी जयन्तरानाले पनि तादीखोलाको तीरक्षेत्रले राम्रो देखिने र अग्ला पर्वतहरू भएको प्रसिद्ध आफ्नो बेलकोटको आश्रय गरेर असंख्य वीरहरू लिएर राजा पृथ्वीनारायणशाहका साथ लडाइँ गरे। (त्यसबखत) जसरी गोरखालीहरूका सामु परेका कोही जयप्रकाशका वीरहरू मरे त्यसरी नै राजाको हतारको आगामा परेका राजाको पक्षका असंख्य धैर्यशाली वीरहरू पनि मरे। राजा पृथ्वीनारायणशाह त्यसबखत तुरुन्त सेनामुखी जयन्तरानालाई जिउँदै पक्रेर विजयले गर्दा चर्को सिंहनाद भएको नुवाकोटदुर्गमा प्रवेश गरे ॥५२३-५२६॥

त्वमन्नभक्षी मम पूर्वमासी –
स्तथापि त्यक्त्वा निजगोरखां ताम्।
जातोऽसि मच्छत्रुगणस्य नेता
हन्तास्मि ते मद्वशवर्तिनश्च ॥५२७॥

विद्वेषकस्त्वं निजमातृभूमे–
राज्ञानिहन्ता पृथिवीपतेर्मे।
त्वां हन्तुकामोऽस्मि च यातनाभि–
र्निपीडचमानं स्वकृतघ्नताभिः ॥५२८॥

इतीरितोऽयं स जयन्तराना
कृतघ्नताखण्डितकीर्तिमानः।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निघातितोऽभूज्जनतासमक्षं
को दण्डमाप्नोति न पापयोग्यम् ॥५२९॥

(हे जयन्त राना !) तिमी यसभन्दा पहिले मेरो सेवक थियौ तर पनि आफ्नो पवित्र गोरखालाई छोडेर मेरा शत्रुसेनाको नेता (दलमुखी) भएका छौ । (त्यसैले) म मेरो अधीनमा भएका तिमीलाई (तुरुन्त) मार्छु । आफ्नो जन्मभूमिको द्वेष गर्ने, म राजा (पृथ्वीनारायणशाह) कोआज्ञा उल्लंघन गर्ने र आफ्नो कृतघ्नता (दोष) हरूद्वारा अद्दिठएका तिमीलाई म यातनापूर्वक मार्न चाहन्छु । यसप्रकार राजाद्वारा भनिएका र कृतघ्नतादोषले गर्दा कीर्ति र सम्मानको नाश भएका दलमुखी ती जयन्तराना जनसमक्ष मारिए (किनकि) कुन मानिस आफ्ना पापहरूको लायक सजाय पाँउदैन र ! ॥५२७-५२९॥

📖

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रघुनाथभाटकृतं कीर्तिगानं जयप्रकाशस्य पुनःपराजयश्च

भाटोपसंज्ञो रघुनाथनामा–
ऽऽजगाम भूभृद्गुणसावधानः ।
संश्रित्य रम्यं विजयोत्सवं त–
ञ्चकार काव्यं स रसानुरूपम् ॥५३०॥

राजा मनस्वीति मया नितान्तं
श्रुतोऽसि राजन् ! भ्रमताऽचलान्तम् ।
मल्लोचनातिथ्यमिदं गतस्त्वं
दुर्गाकृपादृष्टिवशादवश्यम् ॥५३१॥

सोपत्यकाभूश्च भवेत्त्वदीया
सेयं शुभाशीस्ततिरस्मदीया ।
दृष्टो न कश्चिन्नृपतिर्मनस्वी
मया धरित्रीं भ्रमता यशस्वी ॥५३२॥

इति स्ववाञ्छानुगुणेन तेन
प्रवासयात्राकवितारसेन ।
हृष्टः स राजा मुमुदे नितान्तं
तदर्पितं स्वीकृतवान् निजं शम् ॥५३३॥

राजा पृथ्वीनारायणशाहको गुण(शूरता, वीरता आदि) मा ध्यान दिने रघुनाथ भाट भनिने (तत्कालीन कवि) आए र रमाइलो त्यो विजयोत्सवको आश्रय लिएर वीररस सुहाउँदा कविता पनि लेखे। "हे महाराज ! पृथ्वीनारायणशाह ! पृथिवीको छेउसम्म घुम्ने मैले तपाईं राजा मनस्वी हुनुहुन्छ भन्ने सुनेको छु र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाटनकी भगवतीको कृपादृष्टिले गर्दा अवश्य तपाईं आज यी मेरा आँखाको पाहुना हुनुभएको छ । मल्लहरूले शासन गरेको उपत्यका क्षेत्र तपाईंको हुनेछ (किनकि) यो हामीहरूको आशीर्वादको परम्परा हो । (साथै) पृथ्वी घुम्ने मैले तपाईं जस्तो मनस्वी र यशस्वी कुनै राजा देखिन "। यसप्रकार आफ्नो इच्छानुसार को (ती कविका) प्रवासयात्राका कविताका रसले खुसी भएका राजा पृथ्वीनारायणशाह अत्यन्त खुसी भए र रघुनाथ भाटले चढाएको आफ्नो मङ्गलवचन पनि स्वीकार गरे ॥५३०-५३३॥

श्रुत्वाऽखिलं तस्य सुखप्रपञ्चं
सेनामुखानां त्रिदिवप्रवेशम् ।
चुक्रोध राजा स जयप्रकाशः
सुहृत्सहायोऽस्थिरमन्दहासः ॥५३४॥

पुरत्रयस्वाम्यमयं छिनत्तु
किं सिद्धिमासेव्य चिरञ्चकास्तु ?
इति स्वचिन्ताकुलमानसास्ते-
ऽजायन्त निद्रासहिताः प्रभाते ॥५३५॥

मल्लाऽभिधा वीरवरास्तदानीं
पुरत्रयस्याधिपतां भजन्तः ।
थापोपसंज्ञं रणभीमवीरं
ते वव्रिरे सैन्यमुखञ्च हन्त ! ॥५३६॥

परन्तु दुर्भाग्यवशात् स काशी-
रामाऽभिधं तस्य विपक्षिरूपम् ।
विधाय सेनाप्रमुखं तदैव
जयप्रकाशः स्थितवान् सहर्षम् ॥५३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तं लक्ष्ययित्वा नवकोटदुर्गं
विनिर्ययुश्चाष्टसहस्रसंख्याः ।
जयप्रकाशेन कृतव्यवस्था–
स्तेऽज्ञातदैवा समराय वीराः ॥५३८॥

मित्रमात्र साथमा भएका र अस्थायी मुस्कुराहट भएका कान्तिपुरका राजा जयप्रकाशमल्ल ती राजा पृथ्वीनारायणशाहको सारा विजयोत्सवको विस्तार र आफ्ना सेनामुखीहरूको स्वर्गप्रवेश (मृत्यु) सुनेर "राजा पृथ्वीनारायणशाह तीन सहरहरूको आधिपत्य छिन्छन् कि अथवा सिद्धि प्राप्त गरेर धेरै समयसम्म चम्कन्छन् कि ?" भन्ने आआफ्नो चिन्ताले व्याकुल भएको मन भएका मल्ल थर हुने ती तीन सहरहरूका राजाहरू त्यसबखत (रातभर जागेको हुँदा) केवल बिहानको समयमा मात्र निदाउन थाले । (त्यसपछि) खेदको कुरा छ कि उनीहरूले (लडाइँका लागि) रणभीम थापा भनिने वीरलाई दलमुखी बनाए तर दुर्भाग्यले गर्दा राजा जयप्रकाशले त्यसबखत रणभीमथापाका विपक्षी काशीरामथापाआदिलाई दलमुखी बनाएर (आफू) खुसीसाथ बसे । राजा जयप्रकाशद्वारा व्यवस्था गरिएका तर आफ्नो भाग्यलाई न जानेका ती काशीरामथापा आदि वीरहरू (पृथ्वीनारायणशाहले अधिकार गरेको) त्यस नुवाकोट दुर्गलाई लक्ष्य गरेर प्रस्थान गरे ॥५३४-५३८॥

जित्वा वीरः काशीरामं
तं प्रासादं प्रागाच्छीघ्रम् ।
नानावीराः स्वर्गं याता-
स्तत्सान्निध्ये कः स्यात् त्राता ? ॥५३९॥

काशीरामस्तस्माद् युद्धात्
स्वीयं गेहं भग्नः प्रागात् ।
लज्जाधिक्यान्नागान्नाथं
दृष्ट्वा दृष्ट्वा भग्नं सैन्यम् ॥५४०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शाहः सोऽसौ भूयो भूयः
शौर्यं धृत्वा हृष्टो जातः ।
अन्यत् क्षेत्रं जेतुं शीघ्रं
चक्रे सज्जां शस्त्राऽस्त्राढ्याम् ॥५४१॥

वीर राजा पृथ्वीनारायणशाह (गैह्रीथुममा) दलमुखी ती काशीराम थापालाई जितेर तुरुन्त नुवाकोट दरवारमा पुगे । (शत्रुपक्षका) अनेकौं वीरहरू स्वर्ग गए (किनकि) पृथ्वीनारायणशाहको निकटमा कुन मानिस आफ्ना वीरहरूको रक्षक होला ! दलमुखी काशीराम थापा भने त्यस युद्धबाटे भागेर आफ्नो घर (पलाञ्चोक) गए (किनभने) नष्ट भएको सेनालाई देखी देखी धेरै लाजको कारणले उनी मालिक (जयप्रकाशमल्ल) निकट गएनन् ॥५३९-५४१॥

स भूपतिर्नालदुमं विजित्य
चक्रे स्वकीयं दहचोकभागम् ।
नेपालभोगः स भविष्यतीति
विचारमग्नो मुमुदे निकामम् ॥५४२॥

परन्तु भूपा नगरत्रयस्य
संयुक्तवार्ताञ्च विधाय तत्र ।
चक्रुः पुनर्नालदुमं विमुक्तं
तं गोरखेशञ्च विषण्णचित्तम् ॥५४३॥

केचिच्चतुर्विंशकभूमिपाला
लब्ध्वाऽवकाशं सहसोग्रचित्ताः ।
आचक्रमुस्तञ्च सिरानचोकं
कृत्वा गणाग्र्यं लमजुङ्गराज्यम् ॥५४४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ते रुद्रशाहप्रमुखाश्च वीरा–
श्चक्रू रिपूणां क्षयमीशचित्ताः ।
निर्वाधरम्यञ्च सिरानचोकं
कृत्वा तदाऽऽपुर्नवकोटदुर्गम् ॥५४५॥

(यद्यपि) राजा पृथ्वीनारायणशाहले नालदुम जितेर दहचोकको भाग आफ्नो बनाए र "अभीष्ट नेपालभोग हुनेछ " भन्ने विचारमा डुबेर निकै नै प्रसन्न भए तर तीन सहरहरूका राजाहरूले उपत्यकामा संयुक्त वार्ता गरेर (लडाइँद्वारा) नालदुमलाई पृथ्वीनारायणबाट मुक्त र पृथ्वीनारायणको चित्तलाई दुःखित पनि बनाए । (त्यसैबखत) तुरुन्त मौका छोपेर केही चौबिसी (पर्वत आदि राज्यका) राजाहरूले (पुराना) सन्धि भङ्ग गरी उग्रचित्त लिएर र लमजुङ (गोरखाको छिमेकी शत्रु) राज्यलाई अगाडि लगाएर गोरखा जिल्लाको सिरानचोकमा आक्रमण गरे । भगवानूमा भक्ति भएका रुद्रशाह आदि मुख्य भएका ती गोरखाली वीरहरू शत्रुहरूलाई मारेर र सिरानचोकलाई निर्वाध सुन्दर बनाएर त्यसबखत नुवाकोट किल्लामा फर्के ॥५४२-५४५॥ .

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राज्ञः पृथ्वीनारायणशाहस्य पूर्वदिग्विजयकामना

तं सन्धिबन्धं लमजुङ्गनाम्ना
राज्येन सम्पाद्य भवेच्छुभं नः ।
इति स्वचित्तेन विचार्य राजा
प्राचीं दिशं गन्तुमना बभूव ॥५४६॥

एवम्प्रकारेण च गोरखेशो
भवेत् पृथिव्यां दलितान्यभूपः ।
तदाऽस्मदीया खलु राजसत्ता
भवेदवश्यं सहसा विनष्टा ॥५४७॥

इति स्वचित्तभ्रममादधाना
जाता विपक्षा वहवोऽस्य राज्ञः ।
तथापि नायं हृदि शौर्यशक्तिं
चक्रेऽल्पमात्रां जनतासु भक्तिम् ॥५४८॥

प्रजानुरक्तो जगदीशभक्तः
स भूमिपालो विषयेष्वसक्तः ।
जयश्रियाऽयं वरणीय एव
भवेन्न कस्माद् भुवि शान्तचित्तः ? ॥५४९॥

(फेरिपनि) लमजुङराज्यसँग सन्धि गरेर नै हामीहरूको कल्याण (एकीकरणसिद्धि) हुनेछ भन्ने विचार आफ्नो चित्तले गरेर राजा पृथ्वीनारायणशाह (युद्धका लागि) पूर्वदिशातर्फ जान इच्छुक भए । यसप्रकार (नुवाकोट र बेलकोटझैं गरी) यदि गोरखाका राजाले यस पृथिवीमा अरू राजाहरूको दमन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नेछन् भने त्यसबखत अवश्य नै हामीहरूको राजसत्ता तुरुन्त नष्ट भएर जानेछ" भन्ने आफ्ना चित्तमा भ्रम लिने धेरै (लमजुङ; पर्वत आदि राज्यका) राजाहरू राजा पृथ्वीनारायणशाहका शत्रु बने तर पनि राजा पृथ्वीनारायणशाहले आफ्नो हृदयमा भएको वीरताको शक्ति र जनताको भक्तिलाई मात्रा कम भएको बनाएनन् । जनताहरूका प्यारा, भगवान्का भक्त, विषयहरूमा आसक्त नभएका र शान्तचित्त भएका उत्साही राजा पृथ्वीनारायणशाह यस पृथिवीमा विजयलक्ष्मीद्वारा वरणयोग्य कसरी नहोऊन् ? ॥५४६-५४९॥

ततः स राजा द्रुतयुद्धनीति-
रशोभनीयेति विचार्य नित्यम् ।
शनैः शनैरेव जयाभियाने
साफल्यमाप्तुञ्च चकार यत्नम् ॥५५०॥

दृढां व्यवस्थां मम शासनस्य
विधाय सेव्या खलु युद्धयात्रा ।
इति स्थिरीकृत्य विचारशैलीं
रणानुकूल्यं चकमे स साध्यम् ॥५५१॥

त्यसपछि राजा पृथ्वीनारायणशाहले "हतारको युद्धनीति राम्रो शोइन" भन्ने नित्य विचार गरेर विस्तार विस्तार विजययात्रामा सफलता प्राप्त गर्न प्रयास गरे । "मैले शासनको व्यवस्था बलियो गरेर मात्र लडाइँको यात्रा गर्नुपर्छ" भन्ने विचारशैली स्थिर गरेर लडाइँको अनुकूलस्थिति सिद्ध गर्ने चाहना गरे ॥५५०-५५१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ललितपुरविजयकामना कीर्तिपुर प्रथमयुद्धेऽमात्यकालुपाण्डेयनिधनञ्च

सम्बन्धवैकृत्यमभूत्तदा हि
जयप्रकाशस्य च कान्तिपुर्य्याः ।
श्रीकालिदासेन विरोधकाले–
ऽमात्येन किञ्चिल्ललिताख्यपुर्याः ॥५५२॥

निरीक्ष्य कालं विजयानुकूलं
श्रीकालुसंज्ञञ्च समादिदेश ।
पुरे च तस्मिन् ललिताऽभिधाने
रणाय दैवाऽऽदृतगोरखेशः ॥५५३॥

मन्त्री च निर्देशनपत्रमाप्य
जयप्रकाशस्य च कालुनामा ।
त्यक्त्वा पुरीं तां ललिताभिधानां
जातस्तदा फर्पिङभागकामः ॥५५४॥

माल्टा-कुलेखानिपरां धरां तां
निजाधिकाराश्रयिणीं विधाय ।
सीमापरं तन्मकवानपुर्याः
स्वगोरखाराज्यमयञ्चकार ॥५५५॥

त्यस समयमा नै (परस्पर) विरोध भएको समयमा कान्तिपुरका राजा जयप्रकाशमल्लको ललितपुरका ((राज्यप्रकाशका) मन्त्री कालिदाससँग केही सम्बन्ध बिग्रयो । दैवद्वारा प्रेरणा दिइएका गोरखाका राजा पृथ्वीनारायाणशाहले (त्यस) समयलाई विजयको अनुकूल देखेर (मन्त्री) कालु पाण्डेलाई त्यस ललितपुरमा लडाइँ गर्न अह्राए । मन्त्री कालुपाण्डेले पनि (कालिदासका विरोधी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयप्रकाशमल्लको निर्देशन पाएर ललितपुरलाई छोडी त्यतिखेर फर्पिङक्षेत्रकोमात्र चाहना गरे । (त्यो फर्पिङक्षेत्र पाएपछि) राजा पृथ्वीनारायणशाहले माल्टा, कुलेखानीसम्मको जमिन आफ्नो अधिकारमा गरेर गोरखाराज्यलाई (दक्षिणतर्फ) मकवानपुरको -उत्तरी सीमापर्यन्त (जोडिएको) बनाए ॥५५२-५५५॥

स कालिदासोऽजनि व्यक्तदेहो
जयप्रकाशस्य हि कूटनीत्या ।
राज्यप्रकाशोऽपि शुचाकुलोऽसौ
जगाम लोकान्तरमुग्रभीत्या ॥५५६॥

राजा तु शीघ्रं चकमे तदानीं
रणाय तत् कीर्तिपुरं प्रयातुम् ।
आसन् तदा संघटिता युवान-
स्ते मल्लवंश्या अपि तं विहन्तुम् ॥५५७॥

तस्मिन् रणे घोरतरे स्वशक्त्या-
ऽनेकैश्च मल्लैः सह सङ्गताश्च ।
ते गोरखालीति परन्तु कालु-
पाण्डेयवीरः श्रितवान् दिवं सः ॥५५८॥

राजा जयप्रकाशमल्लका कूटनीति (गुप्तहत्या) द्वारा (राज्यप्रकाशका) मन्त्री कालिदास स्वर्गे भए । (मन्त्रीको) शोक र ठूला भयले आकुल भएका राज्यप्रकाशपनि स्वर्गीय भए । त्यस समयमा राजा पृथ्वीनारायणशाहले पनि (मन्त्री कालुपाण्डेको नीति विपरीत) लडाइँका लागि कीर्तिपुर जाने चाहना गरे (तर) मल्लवंशी युवकहरू उनलाई मार्नका लागि संगठित भएका थिए । (यद्यपि) त्यस घोर लडाइँमा ती सशस्त्र गोरखाली (वीर) हरूले आफ्ना सामर्थ्यले ती अनेकौं मल्लवंशी (वीरहरू) सँग लडाइँ गरे तर (त्यतिखेर) कालुपाण्डे वीर नै स्वर्गीय भए ॥५५६-५५८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मकवानपुर-कीर्तिपुरविजयः

जातो नृपः खण्डितचित्तशक्ति-
स्तन्मृत्युनाऽजातनिजेष्टसिद्धिः ।
वाणिज्यमार्गेण धनोपलब्धि-
प्राबल्यमाप्तुं सहसोदिता धीः ॥५५९॥

तदात्मजं मन्त्रिपदे नियोज्य
सामर्थ्यवन्तं स च वंशराजम् ।
चकार दिग्बन्धनसेनराज्यं
स्वायत्तमाच्छिद्य रणेन शीघ्रम् ॥५६०॥

तं धूलिखेलाऽभिधभूमिभागं
साँगाऽभिधानञ्च विजित्य भूयः ।
चोभारसंस्थश्च समस्तमल्लै-
श्चक्रे दृढं कीर्तिपुरे रणं सः ॥५६१॥

नानाप्रयत्नैः कृतराज्यरक्षः
पुनः पुनर्युद्धकलां निषेव्य ।
विजित्य तत् कीर्तिपुरं प्रसिद्धं
लेभे यशोवैभवमात्मशुद्धम् ॥५६२॥

आफ्नो अभीष्ट सिद्धि नभएका राजा पृथ्वीनारायणशाहको चित्तवृत्ति मन्त्री कालुपाण्डेको मृत्युले गर्दा खण्डित भयो । (त्यसपछि) व्यापारमार्गद्वारा धनको उपलब्धि गरी शक्ति आर्जन गर्न उनको बुद्धि जाग्यो । सामर्थ्यशाली कालु पाण्डेका छोरा वंशराज पाण्डेलाई (त्यो खाली) मन्त्री पदमा नियुक्त गरेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजा पृथ्वीनारायणशाहले तुरुन्त लडाइँगरेर राजा दिग्बन्धनसेन (जेठान) को राज्य (मकवानपुर) छिनेर आफ्नो बनाए। साँगा भनिने र धुलिखेल भनिने प्रसिद्ध भूभागलाई जितेर चोभारमा रहेका राजा पृथ्वीनारायणशाहले कीर्तिपुरमा फेरि तीनवटा राज्यहरूका मल्लहरूसँग कठोर लडाइँ गरे। अनेकौं प्रयासहरूद्वारा (चौबिसीहरूबाट) आफ्नो राज्यको रक्षा गर्ने राजा पृथ्वीनारायणशाहले बारम्बार युद्धकला अपनाएर त्यो प्रसिद्ध कीर्तिपुर जितेर स्वरूपतः विशुद्ध कीर्तिको ऐश्वर्य प्राप्त गरे ॥५५९-५६२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कान्तिपुरविजयकामना सिन्धुलीयुद्धे चाङ्गलोपरि विजयप्राप्तिः

तैर्ग्रामरत्नैर्लसितां समन्ता–
दुपत्यकाभूमिमयं तदाऽऽरात् ।
विजेतुकामोऽजनि बुद्धिशस्त्रः
सम्पीड्य मल्लान् तदनु प्रशस्तः ॥५६३॥

ते मल्लभूपाश्च पुरत्रयस्था
भीत्याऽनुरक्ता इव मन्त्रशक्त्या ।
चक्रुः प्रयत्नञ्च तदाऽऽङ्गलैस्तैः
स्वं रक्षितुं भारतभूमिसंस्थैः ॥५६४॥

कीर्तिपुरको विजयपछि (जनताद्वारा) प्रशंसा गरिएका र बुद्धिमानीलाई आफ्नो हतियार बनाउने राजा पृथ्वीनारायणशाह मल्लराजाहरू दबाएर प्रसिद्ध र उत्तम गाउँ (लुटिकोट, मुडिखुकोट आदि) हरूले सुहाएको नजिकैमा चम्केको उपत्यका (कान्तिपुर, ललितपुर र भक्तपुर) क्षेत्रलाई जित्न इच्छुक भए । (त्यस समयमा) पृथ्वीनारायणशाहका डरले गर्दा गोप्य सल्लाह गरेर (एकआपसमा) प्रेममा बाँधिएका जस्ता (भएर) तीन सहरका ती मल्लराजाहरूले पनि भारतमा रहेका अंग्रेज (इष्ट इन्डिया कम्पनीका प्रशासक) हरूद्वारा आफूलाई जोगाउने प्रयास गर्न थाले ॥५६३-५६४॥

ते गोरखालीति यशोऽभिरामा
धर्मेण नेपालविकासकामाः ।
तदाऽऽङ्गलानां भयदायिनोऽपि
जाताः श्रुताः केवलधन्विनोऽपि ॥५६५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोरक्षनाथो हृदि कालिका सा
गुह्येश्वरी भूतपतिः शिवश्च ।
आराधितो यैर्भुवि तत्पुरस्तात्
को दुर्मदान्धः पथि सम्मुखस्थः ? ॥५६६॥

त्यसबखत धर्मले नेपालको विकास चाहने कीर्तिशाली नेपाली वीरहरू नै धनुमात्र धारण गरेका छन् भन्ने सुनेर मात्र पनि अंग्रेजहरूका लागि डरलाग्ने भए । जुन (गोरखालीहरू) ले हृदयमा गोरखनाथ, वंशपरम्पराबाट आएकी गोरखकाली, गुह्येश्वरी र भूतप्रेतहरूका मालिक पशुपतिको पनि आराधना गरे, (त्यस्ता) गोरखालीहरूका अगाडि मदले अन्धो भएको कुन (अंग्रेज आदि शत्रु) बाटामा पनि अगाडि पर्न सक्ला ? ॥५६५-५६६॥

किनलकादयः शत्रवोऽपि तै-
श्चतुरवंशराजेन शिक्षितैः ।
सपदि सिन्धुलीदुर्गसङ्गरे
क्षयमवापिता:गोरखाप्रियैः ॥५६७॥

स गुरुङोपधो वंशुसंज्ञकः
स च तदातनो वीरभद्रकः ।
सपदि ते महाभारताद्रिगा
रिपुविघातकाः ख्यातिमागताः ॥५६८॥

निखिलयोजना मल्लसाधिता
क्षयमवापिता गोरखाभुजा ।
भयसमाकुलाः शत्रवोऽपि ते
मतिबलाः कथं तस्य संमुखे ? ॥५६९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न च जयप्रकाशस्य वल्लभा
जनगणास्तदोपत्यकाश्रयाः ।
तदनुरागसाम्मुख्यमागता
सुवितता कला शासनस्य च ॥५७०॥

चतुरा वंशराज पाण्डेद्वारा तालिम पाएका र गोरखा प्यारो मान्ने ती (गोरखाली) वीरहरू किनलक (अंग्रेज कप्तान) आदि (जयप्रकाशमल्लद्वारा उठाइएका) शत्रुहरूलाई पनि सिन्धुलीदुर्ग (किल्ला) को लडाइँमा खतम पारे। त्यस समयका वंशु गुरुङ र वीरभद्र उपाध्याय (लगायत) महाभारत पर्वतमा गएका शत्रु (अंग्रेज कप्तानका सैनिक) हरूलाई मार्ने ती (असाधारण वीरहरू पनि तुरुन्त ख्यातिप्राप्त भएका थिए । (गोरखालीहरूलाई दबाउन) मल्लराजाहरूद्वारा तयार गरिएको सम्पूर्णयोजना (परराष्ट्रनीति) लाई राजा पृथ्वीनारायणशाहले ध्वस्त पारे। (यसैले) डरले आकुल भएका ती शत्रुहरूको बुद्धिबल पृथ्वीरायणशाह अगाडि कसरी टिकोस् ? त्यसबखत उपत्यकाक्षेत्रमा रहेका र राजा पृथ्वीनारायणशाहको अगाडि परेका जनसमूहहरू पनि जयप्रकाशका प्यारा बनेनन्। (यसबखत) राजा पृथ्वीनारायणशाहको शासनकला (उपत्यकाक्षेत्रमा पनि) राम्ररी फैलियो ॥५६७-५७०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कान्तिपुरविजयो राज्यारोहणञ्च

इन्द्रयात्रेति तैर्मल्लभूभृद्वरैः
सेव्यमाना तदोपस्थिता सम्मुखम् ।
तत्र लग्नं मुदा कान्तिपुर्याः नृपं
जेतुमौत्सुक्यवान् गोरखेशोऽपि तम् ॥५७१॥

सा दिनैः सप्तभिः सेव्यमानाऽभवत्
कान्तिपुर्य्यां तदा तन्मनोहारिणी ।
ते क्षपायां तदाऽऽचक्रमुर्निर्भया
वासभूमिं प्रियां तस्य पृथ्वीभुजः ॥५७२॥

त्यसबखत ती मल्लराजाहरूले मानिदै आएको इन्द्रजात्रा पर्व अगाडि आएको थियो। राजा पृथ्वीनारायणशाह पनि खुसियालीका साथ त्यस (इन्द्रजात्रा) मा लागेका (आफ्ना शत्रु) कान्तिपुरका राजा (जयप्रकाशमल्ल) लाई जित्न इच्छुक भए। त्यसबखत कान्तिपुरमा ७ दिनसम्म मान्न लागिएको त्यो इन्द्रजात्राले राजा जयप्रकाशमल्लको मनहरण गरेको थियो, यसबखत नै निडर ती गोरखाली वीरहरूले रातमा नै ती राजा (जयप्रकाशमल्ल) को प्यारो आवासक्षेत्रमा आक्रमण गरे ॥५७१-५७२॥

सपादाऽष्टादश्यां(१८२५)सपदि सशताब्द्यां शुभदिने
सुरम्ये प्रासादेऽखिलनृपवरेण्ये प्रभुरयम् ।
बभौ शोभाशाली त्रिदशपतिवत् कान्तिनगरे
हिमानीदीप्त्याढ्ये सुकविमनुजानां सुखकरे ॥५७३॥

तदा लोकैर्दृष्टो विविधगुणदीप्तो नृपवरः
स्वकान्त्या सर्वेषां रविरिव जगत्यां सुखकरः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तदाऽऽरब्धाऽर्चा साऽजनि च परिपूर्णा बुधजनै-
रहो शौर्याऽऽढ्योऽयं भजतु न कथं सौख्यमपि तैः ? ॥५७४॥

शोभाशाली गोरखाका राजा पृथ्वीनारायणशाह वि. सं १८२५ मा (अनन्त चतुर्दशीको) पवित्र दिनमा हिमाली शोभाले परिपूर्ण भएको, (सारा) कविहरूको लागि सुख दिने कान्तिपुर सहरमा रहेको र सम्पूर्ण राजाहरूले चाहना गरिएको सुन्दर राजदरवारमा देवताहरूका राजा (इन्द्र) झैं चम्के । त्यसबखत विभिन्न गुणहरूले चम्केका र आफ्ना कान्तिले सबैलाई सुखदिने सफलराजा पृथ्वीनारायणशाह यस पृथिवीमा सूर्य जस्तै देखिए । राजा जयप्रकाशमल्लद्वारा (इन्द्रजात्राको प्रसङ्गमा) सुरु गरिएको परम्परागतपूजा (कुमारीपूजा आदि) परम्परागत विद्वान्हरूद्वारा पूर्ण गरियो । अहो ! शूरताले परिपूर्ण यी राजा पृथ्वीनारायणशाह कसरी सुखभोग नगरून् ? ॥५७३-५७४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ललितपुर-भक्तपुरविजयः पूर्वपश्चिमदिग्भवसेनराज्योन्मूलनं चतुर्विंशकनृपविजयश्च

भूपेन तेजनरसिंह इतीरितेन
साकं गतो ललितपत्तनपालकेन ।
भक्ताऽभिधं पुरमनाथजयप्रकाशो
नानाविपत्तिगणकुण्ठितमन्दहासः ॥५७५॥

मासत्रयानन्तरमात्मशक्त्या
निपीड्य तत्राऽखिलमल्लभूपान् ।
उपत्यकाक्षेत्रमयं समस्तं
चकार धर्मेण विपक्षिहीनम् ॥५७६॥

एकानुभूतिं समवाप्य तत्र
जाताः प्रजास्ताः सहसाऽनुरक्ताः ।
नेपालवासीति विचारधारा-
स्तदोदितास्तन्मनसि प्रशस्ताः ॥५७७॥

एवं शिलान्यासमपूर्वशक्त्या
नेपालराज्यस्य विधाय राजा ।
प्राचीप्रतीचीदिगवस्थितानि
जग्राह राज्यानि च सेनजानि ॥५७८॥

सा चाऽऽङ्ग्लानां मतिरुत्थिताऽपि
जाताऽफला तद्दमनाय कापि ।
तथा चतुर्विंशकभूपशक्ति-
स्तस्मिन् नृपेऽभूज्जनितानुरक्तिः ॥५७९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं विमात्राऽऽहितशक्तिरम्यो
रराज राजाऽखिलभूवरेण्यः ।
शक्त्या तदैकीकरणप्रयासै-
र्विभूषितोऽयं जनमन्दहासैः ॥५८०॥

(राजा पृथ्वीनारायणशाहले काठमाण्डौ कब्जा गरेपछि) आफ्नो संरक्षक नभएका राजा जयप्रकाशमल्ल अनेकौं विपत्तिहरूले गर्दा रुन्चे मुख गरेर तेजनर सिंहमल्ल भनिने ललितपुरका राजा सँगसँगै (भागेर) रणजित मल्लको भक्तपुर राज्यमा गए । (कान्तिपुरका राजा) पृथ्वीनारायणशाहले तीन महिनापछि त्यस भक्तपुरमा (रहेका) सबै मल्लराजारूलाई धर्मपूर्वक आफ्नो (सैन्य) शक्तिद्वारा दबाएर सम्पूर्ण उपत्यकाक्षेत्रलाई विना शत्रुको बनाए । ती (उपत्यकावासी) र गोरखावासी) सम्पूर्ण प्रजाहरू एउटै अनुभव लिएर ती नयाँ राजा पृथ्वीनारायणशाहमा तुरुन्त अनुरक्त भए । (त्यसबखत) उनीहरूको मनमा "हामी सबै नेपाली हौं" भन्ने प्रशंसनीय विचारधाराहरू पनि उत्पन्न भए । यसप्रकार राजा पृथ्वीनारायणशाहले आफ्नो अपूर्वशक्तिद्वारा नेपाल अधिराज्यको शिलान्यास(जग) बनाएर पूर्वपश्चिम दिशाहरूमा रहेका सेनराज्यहरूलाई पनि हात पारे । ती राजा पृथ्वीनारायणशाहलाई दमन गर्नका लागि उत्पन्नमात्र भएको अंग्रेज (कप्तान किनलक आदि) हरूको बुद्धि पनि विफल भयो । त्यसरी नै चौबिसी (लमजुङ पर्वतआदि) राजाहरूको शक्ति पनि राजा पृथ्वीनारायणशाहलाई नै प्रेम गर्ने भयो । सौतेनी आमा (चन्द्रप्रभा) द्वारा उत्पन्न गराइएको शक्तिले सुहाएका, सम्पूर्ण पृथिवीका वरण गर्न लायक, नेपालको एकीकरणका प्रयासहरूका साथसाथै प्रजाहरूका मन्दमुस्कुराहटद्वारा सिंगारिएका राजा पृथ्वीनारायणशाह यसरी आफ्नै शक्तिले चम्के ॥५५७५-५८०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजमातुश्चन्द्रप्रभाया मङ्गलगानं काव्योपसंहारश्च

सुभूषिता देशनरेशभक्त्या
सेवापरोर्व्या विमलात्मशक्त्या ।
सा राजमाता नितरां चकास्तु
नारीबलं राष्ट्रहितं सदाऽस्तु ॥५८१॥

सा गोरखाऽद्यापि चकास्ति भूमौ
वीराङ्गनापादसरोजरम्या ।
खाँचीति शैलो वरणीय एष
प्रज्ञावतां भूमिभुजां सदैव ॥५८२॥

सद्भावसम्बन्धसरोजशोभा
सदाऽस्तु सम्पूर्णधरातता सा ।
या विश्वबन्धुत्वकलाविकासे
साहाय्यदात्रीति निगद्यते च ॥५८३॥

चन्द्रप्रभायाः प्रतिभाविकासे
विश्वेश्वरीति प्रथिता च काली ।
गोरक्षनाथश्च बभूव हेतु-
र्यतः स्थिरा भूमिभुजां जयश्रीः ॥५८४॥

देश नरेशको भक्तिले सुहाएकी, पृथिवीको सेवा गर्न तत्पर र आत्मशक्तिका कारण पापहीन भएकी राजा पृथ्वीनारयणशाहकी आमा चन्द्रप्रभा नित्यनिरन्तर (कीर्तिशरीरले) शोभित होऊन् । (साथै) नारीहरूको शक्ति राष्ट्रको हितको लागि नै होस् । वीराङ्गना (चन्द्रप्रभा आदि) हरूका चरणकमलले सुन्दर भएको त्यो (मध्यकालीन) गोरखा र (तत्कालीन) प्रतिभाशाली राजाहरूको लागि वरण गर्न योग्य भएको त्यो (मध्यकालीन) खाँची पर्वत पनि आज पनि सधैं यस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पृथिवीमा चम्कन्छ । सम्पूर्ण पृथिवीमा व्याप्त कमलको शोभाजस्तो दुबै राज्यहरूको त्यो (पुरानो) सद्भावनाको सम्बन्ध सधैं (जीवन्त) रहोस्, जुन सम्बन्धको शोभा विश्वबन्धुताका कलाको विकासमा सहायक बताइएको छ । (राजमाता) चन्द्रप्रभाको प्रतिभा (पृथ्वीनारायणशाहको व्यक्तित्व निर्माणको कुशलता) को विकासमा जगज्जननी भनिने गोरखकाली र सिद्ध गोखनाथ पनि कारण बनेका छन्, जसबाट (गोरखाली) राजाहरूको विजयलक्ष्मी स्थिर रहेको छ ॥५८१-५८४॥

सन्तोषमाप्तोऽहममुं पवित्रां
चन्द्रप्रभायाःसुचरित्रकीर्तिम् ।
गायन् रमन् संस्कृतभाषयाऽयं
वाञ्छामि भूयोऽपि तदीयभक्तिम् ॥५८५॥

कास्कीगते रम्यतरे हिमानी–
च्छटाकुले ग्रामवरे च जातः।
गोर्जेऽभिधाने विविधैर्गिरीन्द्रैः
सुरक्षिते कान्तिपुरे प्रयातः ॥५८६॥

देवीप्रसादस्य सुतः स्वदेशं
वीराङ्गनाकीर्तिमयं निरीक्ष्य ।
चक्रे शुभं काव्यमिदञ्च टीका–
रामाऽभिधः कश्यपगोत्रजातः ॥५८७॥

म यो (रचनाकार) संस्कृतभाषाको माध्यमले प्रस्तुत चन्द्रप्रभाको पवित्र चरित्रको कीर्तिगान गरेर रमाउँदै फेरि पनि उनको भक्तिभावना (बयान गरेर रमाउन) चाहन्छु । हिमाली शोभाले परिपूर्ण भएको कास्की जिल्ला अर्न्गत सुन्दर गोर्जे गाउँमा काश्यप गोत्रमा जन्मेर अनेकौं श्रेष्ठपर्वत (फूलचोकी, शिवपुर आदि) हरूले सुरक्षित काठमाडौं सहरमा पुगेको देविप्रसाद (अधिकारीका)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोरा टीकाराम (अधिकारी) द्वारा आफ्नो देशलाई वीराङ्गनाहरू (चन्द्रप्रभा आदि) को कीर्तिले परिपूर्ण भएको देखेर (त्यसका आधारमा) यो (चन्द्रप्रभा नामक) पवित्र काव्यरचना गरियो ॥५८५-५८७॥

संस्कृतं जयतु भूतलरत्नं
तद्विकासनपरः कवियत्नः ।
यान्तु विस्तृतिमनाकुलसंस्था
भूतलेऽपि कृतसंस्कृतरक्षाः ॥५८८॥

सहस्रद्वय (२०५७) पूर्वेऽस्मिन् वत्सरे वैक्रमे शुभे ।
मार्गेऽस्मिन् सप्तपञ्चाशत्तमे शस्यमनोहरे ॥५८९॥

नेपालाख्यानसम्बद्धं वीरनारीयशोमयम् ।
परिपूर्णमिदं काव्यमस्तु विद्वन्मुदे शुभम् ॥५९०॥

भवेत् काव्यार्चया तुष्टा सा च चन्द्रप्रभा सती ।
यतो लसतु नारीणां सदा राष्ट्रहिता मतिः ॥६९१॥

यस पृथिवीको रत्न भएको संस्कृतभाषा र त्यसको विकास गर्ने भएको कविहरूको प्रयत्न पनि सधैं उत्कर्षशाली रहोस् र यस पृथिवीमा संस्कृत भाषाको रक्षा गर्ने निर्बाधसंस्था (विश्वविद्यालय आदि) हरूको पनि विस्तार होस् । यो पवित्र वि. सं. २०५७ सालमा धानखेतीले सुन्दर भएको यो पवित्र मंसीर महिनामा नेपालको इतिहाससँग सम्बन्धित र वीरनारी (चन्द्रप्रभा) को कीर्तिले भरपूर भएर परिपूर्ण भएको यो काव्य चन्द्रप्रभा विद्वान्हरूको खुसीका लागि होस् र त्यस्ती (काव्याश्रय भएकी) पतिव्रता चन्द्रप्रभा यस काव्यरचनाको पूजाद्वारा प्रसन्न होऊन्, जसबाट (वर्तमान) नारीहरूको बुद्धि राष्ट्रको हितमा नै सधैंभर सुहाओस् ॥५८८-५९१॥

शुभमस्तु
(सबैको कल्याण होस्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतं धर्मभूतये, जयतु संस्कृतं राजभूतये !
जयतु संस्कृतं राष्ट्रभूतये, जयतु संस्कृतं विश्वभूतये !!

जयतु संस्कृतम्-संस्थापरिचयः

१ 'जयतु संस्कृतम्' पञ्चश्रीकसर्वकारेण स्वीकृता स्वतन्त्रा संस्था विद्यते ।

२. वैक्रमाब्दस्य २०५५ तमे वर्षेऽस्याः स्थापनाऽभूत् ।

३ अस्या मूलमुद्देश्यं कार्यक्रमाश्च निम्नलिखिताः सन्ति–

(क) संस्कृतवाङ्मयस्य सनातनसंस्कृतेश्चावश्यकतां महत्त्वञ्चाऽऽराष्ट्रं बोधयितुं तयोः प्रचाराय प्रसाराय संरक्षणाय संवर्द्धनाय च कार्यक्रमसमायोजनम् ।

(ख) देशे देशे सांस्कृतिकं पुनर्जागरणमानेतुं संस्कृतसम्भाषणशिविरसञ्चालनं, 'जयतु संस्कृतम्' नामधेयमुखपत्रप्रकाशनं, संस्कृतनाटकमञ्चनं, कवितामहोत्सवादिकर्मणाञ्चाऽऽयोजनम् ।

(ग) संस्कृतभाषायां लिखितानामुत्कृष्टग्रन्थानां प्रकाशनम् ।

(घ) उत्तरमहाभारतग्रन्थनिर्माणपुरः सरं तस्य प्रकाशनम् ।

(ङ) राष्ट्रभाषां शुद्धतया वक्तुं, लिखितुं स्वधर्मसंस्कृतिसदाचरविषये आवश्यकबोधप्राप्तयेचाऽस्मत्शिक्षणव्यवस्थायां माध्यमिकस्तरपर्यन्तं व्यावहारिकसंस्कृतमनिवार्यं कारयितुं सर्वकारसहयोगविधानञ्चेति ।

केन्द्रीयकार्यालयः काष्ठमण्डपस्य
अनामनगरे वर्तते ।
दूरभाषः २३०३७१

Jayatu Sanskritam, Kathmandu, Nepal